European Commission
United Nations Development Programme

Joint Task Force on Electoral Assistance

# युवा समावेशी निर्वाचन प्रक्रियाहरू

## निर्वाचन व्यवस्थापन निकायका लागि सहयोगी पुस्तिका




Electoral Support Project, Nepal

European Union

UKaid from the British people

UNDP Empowered lives. Resilient nations.

## कृतज्ञता

**Lead authors**
Ruth Beeckmans
Manuela Matzinger

**Co-autors/editors**
Gianpiero Catozzi
Blandine Cupidon
Dan Malinovich

**Comments and feedback**
Mais Al-Atiat
Julie Ballington
Jacob Ben Regev
Maurizio Cacucci
Hanna Cody
Kundan Das Shrestha
Andrés Del Castillo
Aleida Ferreyra
Simon Alexis Finley
Beniam Gebrezghi
Najia Hashemee
Fernanda Lopes Abreu
Rose Lynn Mutayiza
Chris Murgatroyd
Noêlla Richard
Hugo Salamanca Kacic
Jana Schuhmann
Dieudonne Shiyoyo
Rana Taher
Njoya Tikum
Sébastien Vauzelle
Mohammed Yahya
Lea Zorič

**Copyeditor**
Jeff Hoover

**Graphic desiger**
Adelaida Contreras Solis


## अस्वीकरण


यो प्रकाशन युएनडिपी नेपाल निर्वाचन सहयोग परियोजना (इएसपी) को सहयोग र युरोपेली युनियन, नर्वे, संयुक्त अधिराज्य र डेनमार्कको आर्थिक सहयोगमा सम्पन्न भएको हो ।



यो प्रकाशनमा प्रस्तुत विचार तथा सूचनाहरू लेखकका निजी विचार हुन् र ती विचारहरूले संयुक्त राष्ट्र संघ वा अन्य दातृ निकायहरूका आधिकारिक धारणालाई प्रतिबिम्बन गर्दैनन् । यसमा प्रदान गरिएका सिफारिश वा सुझावहरूले चुनावी वा अन्य सवालहरूमा युएन नीति/निर्देशिका वा अन्य दस्तावेजमा व्यक्त युएनका आधिकारिक नीतिलाई प्रतिनिधित्व गर्दैनन् । यो प्रकाशनमा प्रदान गरिएका कुनै पनि सुझाव वा सिफारिशलाई अपनाउने वा नअपनाउने निर्णय गर्ने कुरा प्रत्येक राष्ट्रका आफ्ना सार्वभौम विषय हुन् ।

European Commission
United Nations Development Programme
Joint Task Force on Electoral Assistance

# युवा समावेशी निर्वाचन प्रक्रिया

## निर्वाचन व्यवस्थापन निकायका लागि सहयोगी पुस्तिका

प्रथम संस्करण: डिसेम्बर २०१६

Electoral Support Project, Nepal

European Union

UKaid
from the British people

UNDP
Empowered lives.
Resilient nations.

# संक्षेपीकरण

| | |
|---|---|
| सिएसओ | नागरिक समाज संगठन/संस्था |
| इएमबि | निर्वाचन व्यवस्थापन निकाय |
| आइसिटी | सूचना र सञ्चार प्रविधि |
| आइपियु | अन्तर विधायिका युनियन |
| एनडिजी | सहस्राब्दी विकास लक्ष्य |
| एसडिजी | दिगो विकास लक्ष्य |
| युएनसिएसी | भ्रष्टाचार विरूद्धको संरासंघ महासन्धि |
| युएनडिपी | संयुक्त राष्ट्र संघ विकास कार्यक्रम |

# युएनडिपीको भनाइ

## नीति तथा कार्यक्रम सहयोग व्युरो

एक अर्ब असी करोडमध्ये १० देखि २४ बर्षसम्मका किशोर तथा वयस्क व्यक्तिहरूको जनसङ्ख्या इतिहासमै पहिलोपटक बढी छ। हालैका वर्षहरूमा युवा परिचालन र सामाजिक तथा राजनीतिक क्रियाकलापहरूमा देखाइएअनुसार किशोर व्यक्तिहरूले निर्णय प्रक्रियामा आफ्ना विचार व्यक्त गर्न अझ बढी माग गर्दैछन्  जसले गर्दा नागरिक, सामाजिक, आर्थिक र राजनीतिक सहभागिताका माध्यमद्वारा उनीहरूको जीवनलाई प्रभाव पारेको छ । परिवर्तनको महत्वपूर्ण माध्यमका रूपमा युवाहरूको क्षमतालाई २०३० दिगो विकासका लागि प्रस्ताव र सत्रवटा दिगो विकास लक्ष्यहरूमा थप स्विकार गरिएको छ । यी दिगो विकास लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदायले युवाहरूको सशक्तिकरण, सहभागिता र विकासमा प्रतिबद्धता व्यक्त गरेको छ। तथापि यी अन्तर्राष्ट्रिय सहमतिहरूको पूर्ण कार्यान्वयनका लागि युवाहरू, राष्ट्रिय सरकार, निजी क्षेत्र, नागरिक समाज, युएनका निकायहरू र अन्य सम्बन्धित सरोकारवालाहरूको सशक्त र बलियो सहभागिता आवश्यक पर्दछ।

यस्ता साझेदारीहरुले युवाहरूको पूर्ण क्षमताको विकास र उपयोगमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्छन्। यसको एउटा महत्वपूर्ण प्राथमिकता औपचारिक राजनीतिक प्रक्रियाहरूमा युवा, महिला तथा पुरूषहरूको सहभागिता र प्रभाव वृद्धि गर्नु हो। विगतका बर्षहरूमा युवाहरूको चुनावी सहभागिता गम्भिर रूपमा घट्दैछ अथवा उनीहरूका अग्रज समकक्षीहरूको भन्दा एकदम न्युन हुँदैछ। धेरै देशहरूमा चुनावी प्रक्रियाहरूमा युवाहरूको अर्थपूर्ण संलग्नताका अवरोधहरू बढी छन्। यसका अतिरिक्त सामाजिक, सांस्कृतिक र सुरक्षाका सवालहरूले महिला वा बालबालिकाहरूको सहभागितालाई अझ कठिन पार्दछन्।

भूमण्डलीय विकासले प्रजातान्त्रिक शासनप्रणालीको विकास गर्न र दिगो मानव विकासलाई सुनिश्चित गर्ने एउटा वृहत् प्रयासको रूपमा निर्णय प्रक्रियामा युवाहरूको समावेशी सहभागितालाई प्रवर्धन गर्ने आवश्यकतालाई जोड दिएको छ।

युएनडिपीले यो समग्र लक्ष्य प्राप्तिका लागि विभिन्न हिसाबले योगदान पुर्‍याएको छ । २०१३ मा यसले मत पेटिकामा भन्दा पनि युवाहरूको राजनीतिक सहभागिताका लागि कार्यक्रमको रणनीतिको संस्थागत प्रथम समीक्षा, “निर्वाचन चक्रभरी युवाहरूको राजनीतिक सहभागितामा अभिबृद्धि : एउटा राम्रो अभ्यास निर्देशिका” प्रकाशन गर्‍यो । केही समयपछि प्रकाशित युएनडिपीको युवा रणनीति २०१४-२०१७ ले विकास र निर्णय प्रक्रियामा अझ बढी सहभागी हुन चाहने युवा पुस्तालाई वृहत् सहयोगको आव्हान गर्दछ । हालैको दिगो विकास र शान्तिका लागि युएनडिपी युवा विश्वव्यापी कार्यक्रम-युवा जिपिएस (२०१६-२०२०) युवा कार्यक्रमका लागि रणनीतिक सहयोग र निर्देशन गर्ने खासगरी युवा सरोकारवालाहरूबाट सबै तहहरूमा बढिरहेको मागलाई सम्बोधन गर्ने एउटा व्यवस्थित बहुतह प्रतिक्रिया हो । यो क्षेत्रीय र राष्ट्रिय वास्तविकता अनुकुल र पूर्ण छ ।

युवा समावेशी निर्वाचन प्रक्रियासँग सम्बन्धित यो पुस्तिका एउटा समसामयिक थप सामग्री हो ।

यो पुस्तिका खासगरी निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी लिएका निर्वाचन व्यवस्थापन निकायहरूका लागि तयार पारिएको हो । यसले मतदाता, उमेद्‌वार र निर्वाचन अधिकारीहरू लगायतका समाजका सम्पूर्ण सरोकारवालाहरूलाई निर्वाचन प्रक्रियामा सहभागी हुनका लागि सशक्तिकरण गर्ने कुरालाई ग्यारेन्टी गर्न निर्वाचन व्यवस्थापन निकायहरूले खेल्ने महत्वपूर्ण भूमिकालाई स्विकार गर्दछ । यो पुस्तिकाले युवाहरूलाई राजनीतिक हिसाबले सशक्तिकरण गर्न, चुनावी प्रक्रियालाई अझ बढी समावेशी र शान्तिपूर्ण बनाउनका लागि युवाहरूका नवीन समाधानहरूलाई उपयोग गर्न र उनीहरूको चुनावी सहभागितामा विद्यमान अवरोधहरूलाई हटाउनका लागि निर्वाचन व्यवस्थापन निकायहरूलाई सहयोग गर्ने रणनीतिहरू प्रदान गर्दछ । यो पुस्तिकाले यी उद्देश्यहरूलाई दिगो विकासका लक्ष्यहरू, खास गरी लक्ष्य १६, का उपलब्धि र सूचकहरूसँग जोड्नका लागि निर्वाचन व्यवस्थापन निकायहरूलाई थप सहयोग गर्ने प्रयास गर्दछ ।

# विषयसूची

संक्षेपीकरण ३
युएनडिपी
नीति तथा कार्यक्रम सहयोग व्युरोको
भनाइ४
परिचय ८
मूल धारणाहरू १०

अध्याय १ १३
**औपचारिक राजनितिक प्रक्रियाहरूमा युवाहरूको न्युन प्रतिनिधित्व**
अवरोधहरू १५
अध्याय २ २७
**दिगो विकास लक्ष्य १६**
दिगो विकास लक्ष्य र दिगो विकास २०३० को प्रस्ताव २७
दिगो विकास लक्ष्य १६ २८
अध्याय ३ ३५
**विधायिका र नितिगत संरचनालाई सबल बनाउन**
अन्तर्राष्ट्रिय कानुनी ढाँचा ३५
राष्ट्रिय कानुनी ढाँचा ३६
संविधानहरू ३६
युवाका लागि कोटा ३७
मतदान गर्ने अवाश्यक न्युनतम उमेर कम गर्ने ३९
उमेद्वार बन्न आवश्यक न्युनतम उमेर कम गर्ने ४०
राजनीतिक वित्त कानुन ४२

**अध्याय ४ ४७**
**सशक्तिकरण गर्ने**
निर्वाचन व्यवस्थापन निकायको मतदाता तथा नागरिक शिक्षा ४७
बहु सञ्चार माध्यम र प्रविधिको प्रयोग ४९
विद्यालयहरू ५७
कला र साँस्कृतिक क्रियाकलापहरू ५८

अध्याय ५ ६३
**युवाहरूलाई निर्वाचन कार्यक्रममा प्रयोग गर्ने**

तथ्याङ्क संकलन ६४
निर्वाचन व्यवस्थापन निकायमा युवाहरू ६४
दर्ता ६५
मतदान ७०

इन्टरनेट मतदानको सम्भावना ७१
इन्टरनेट मतदानलाई सफलताका साथ कार्यान्वयन गर्ने शर्तहरू ७१
इन्टरनेट मतदान ७१
निर्वाचन व्यवस्थापन निकायमा पूर्वतयारीको आत्मविश्वास ७३
अनुगमनकर्ताका रूपमा युवा ७३
अध्याय ६ ७७
**शान्तिका साझेदारका रूपमा युवा**
**राजनीतिक दलहरू** ७८
राजनीतिक दलहरूको आचारसंहिता ७९
पहरेदारका रूपमा सञ्चार माध्यम ८०
सञ्चार माध्यम आचारसंहिता ८१
सामाजिक सञ्चार माध्यम ८१
निर्वाचन हिंसाको रोकथाम गर्न अभियान सञ्चालन गर्ने ८२
निर्वाचनको अनुगमनका लागि आमरूपमा सूचना लिने ८३
**घटना/मामला अध्ययन:** निर्वाचन चक्रभरि नै सहभागी हुन नेपाली युवाहरूको सशक्तिकरण गर्ने
निर्वाचन चक्र ८९
**सारांश :** निर्वाचन चक्र भरि नै युवाहरूसँग संलग्न हुने ९५
निर्वाचनपूर्व ९६
निर्वाचन भरि ९८
निर्वाचनपश्चात् ९९
**परिशिष्ट १** १००
**सन्दर्भसामग्री** १०६

# परिचय

विश्वको जनसङ्ख्यामा यति ठूलो युवाको अनुपात योभन्दा पहिले कहिले पनि थिएन । र अहिलेका १ अर्ब ८० करोड युवाहरूमा[1] धेरैजसो युवाहरू परिवर्तनका लागि विश्वव्यापीरूपमा संगठित हुँदैछन् । उनीहरू सडकमा जाँदैछन् र आफूहरूलाई जोड्न, आफ्ना विचारहरू राख्न र परिवर्तनका लागि अभियान सञ्चालन गर्न अनलाइन सामाजिक सञ्जाल र समुदायहरूको प्रयोग गर्दैछन् । उनीहरू निरंकुश शासनप्रणाली, भ्रष्टाचार र असमानताकाविरूद्ध प्रदर्शन गर्दैछन् । उनीहरू वर्तमान र नयाँ पुस्ताका लागि दिगो विकास र सुन्दर भविष्यका लागि लड्दैछन् ।

दिगो विकास र दिगो विकास लक्ष्य[2]का लागि २०३० को प्रस्ताव निर्माणमा युवाहरू महत्वपूर्ण नायकहरू थिए जसमा उनीहरूले शिक्षा, रोजगारी र इमानदार तथा जवाफदेही सरकारमा जोड दिँदै आफूले चाहेको जस्तो भविष्यका लागि प्राथमिकता निर्धारण गरे । उनीहरूले परिवर्तनका संवाहकका रूपमा महत्वपूर्ण भूमिका खेल्छन् र दिगो मानव विकासमा युवाहरूको योगदानको महत्वलाई वेवास्ता गरिनु पनि हुँदैन ।

तथापि युवा महिला तथा पुरूषहरूको प्रतिनिधित्व सिमित नै छ । उनीहरूले निर्णय प्रक्रियामा अझ अर्थपूर्ण सहभागिताका लागि माग गरिरहेका छन् जसले गर्दा उनीहरूको जीवन र भविष्य कस्तो बनाउने भन्ने बारेमा निर्णय गर्ने कुरामा उनीहरूको नियन्त्रण होओस् ।

हालैका युवाको परिचालनहरुले सकारात्मक परिवर्तनका लागि सकारात्मक शक्तिको रूपमा काम गर्ने, संगठित गर्ने, सञ्चार गर्ने र प्रभाव पार्ने कुरामा युवाहरूको क्षमतालाई देखाएका छन् । युवाहरूको क्षमतालाई पहिचान गर्दै युएनडिपीले २०१४ मा पहिलोपल्ट ‘सशक्त युवा, दिगो भविष्य’ नामको युवा रणनीति (२०१४-२०१७)को विकास गर्‍यो । यस रणनीतिले युवा पुस्तालाई विकास प्रक्रियाहरूमा अझ बढी सहभागी र समर्पित हुन आव्हान गर्दछ । युवा रणनीतिको उपलब्धि २ को शीर्षक ‘निर्णय र राजनीतिक प्रक्रिया तथा संस्थाहरूमा युवा नागरिकहरूको सहभागिता र संलग्नताको सबलीकरण’ भन्ने थियो र यसले स्थानीय, राष्ट्रिय र क्षेत्रीय तहका योजना, निर्णय प्रक्रिया र मञ्चहरूमा युवाहरूको समावेशी र अर्थपूर्ण सहभागिता र संलग्नताको प्रबर्द्धनका माध्यमद्वारा उनीहरूको राजनीतिक सहभागितालाई सक्रिय बनाउने लक्ष्य राखेको छ जसले गरिबी, असमानता र बहिष्करणको दिगो विकास समाधानमा सहयोग गर्दछ ।

युएनडिपीको युवा रणनीतिलाई विकास गर्न र दिगो विकासका लागि २०३०को प्रस्ताव र युवा, शान्ति र सुरक्षामा संरासं सुरक्षा परिषद्को प्रस्ताव २२५० मा  धारणा व्यक्त गर्नका लागि युएनडिपीले दिगो विकास र शान्तिका लागि युवा विश्वव्यापी कार्यक्रम- युवा जिपिएस (२०१६-२०२०) शुरू गर्‍यो । युवा जिपिएसले अरू क्षेत्रहरूका साथसाथै नागरिक संलग्नता र राजनीतिक सहभागितामा विशेष जोड दिन्छ र युवाहरूले विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय मञ्चहरूमा व्यक्त  गरेका चासोहरूमा आफ्नो धारणा व्यक्त गर्दछ । यसका साथै यसले सबै खाले विकास सन्दर्भहरूमा युवा कार्यक्रमहरूमा नयाँ र रणनीतिक सहयोगका लागि बढिरहेको मागलाई पनि सम्बोधन गर्दछ ।

युवाहरू परिवर्तनका संवाहक भए पनि र उनीहरू सामाजिक राजनीतिक आन्दोलनहरूमा संलग्न भए पनि औपचारिक राजनीति अझै पनि ३५ बर्षभन्दा माथिका व्यक्तिहरूको क्षेत्र रहेको र युवाहरूको प्रतिनिधित्व एकदमै कम छ। युवाहरू वयस्क व्यक्तिहरूका तुलनामा औपचारिक राजनीतिक प्रक्रियाहरूमा कम सहभागी भएको कुरा प्रमाणहरूले बताउँछन्। १८ देखि २५ बर्षका युवाहरूको मतदाता अनुपात अरू उमेर समूहका व्यक्तिहरूको भन्दा थोरै छ र उनीहरूले राजनीतिक दलहरूका सदस्य बन्ने कुरा पनि एकदम कम छ[7]। युवाहरू एकै प्रकारको समूह नभएका कारणले उनीहरूको कम प्रतिनिधित्वका कारणहरू पनि फरक फरक छन्। ती कारणहरूमा ज्ञानको कमी, रूची र विश्वासको कमीका साथसाथै राजनीतिक प्रक्रियाहरूका कमजोरी पनि हुन सक्छन् जसका कारणले युवाहरूको अर्थपुर्ण र प्रभावकारी सहभागिता कठिन हुन्छ।

राजनीतिक प्रणाली प्रतिनिधिमूलक हुनका लागि समाजका सबै अंगहरू समावेश हुनुपर्दछ। जब युवाहरू राजनीतिक प्रक्रियाबाट बञ्चित गराइन्छन् वा असंलग्न गराइन्छन्, जनसङ्ख्याको एउटा महत्वपूर्ण हिस्साको निर्णय प्रक्रियामा न्युन प्रभाव हुन्छ वा कुनै प्रभाव हुँदैन जसले त्यो समूहका सदस्यहरूको जीवनलाई नै प्रभाव पार्छ। यसको मुख्य असर राजनीतिक प्रणालीको प्रतिनिधित्वलाई अवमूल्यन गर्नु हो।

दीर्घकालीन रूपमा परिवर्तन गर्नका लागि औपचारिक राजनीतिक प्रक्रियाहरूमा युवाहरू सहभागी हुनु र आज र भोलीको राजनीतिलाई निर्माण गर्नका लागि आफ्ना विचारहरू राख्नु अति आवश्यक छ। समावेशी राजनीतिक सहभागिता आधारभुत राजनीतिक र प्रजातान्त्रिक अधिकार मात्र होइन दिगो र शान्तिपूर्ण समाज निर्माण गर्न र युवा पुस्ताका विशेष आवश्यकताहरूको सम्बोधन गर्नका लागि नीतिहरूको विकास गर्न पनि धेरै महत्वपूर्ण छ। राजनीतिक संस्था, प्रक्रिया र निर्णय प्रक्रियामा, खास गरि निर्वाचनमा युवाहरूको यथेष्ट प्रतिनिधित्व गराउनका लागि उनीहरूले आफ्नो अधिकार बुझ्नुपर्दछ र सबै तहमा अर्थपूर्ण हिसाबले सहभागि हुनका लागि उनीहरूलाई आवश्यक ज्ञान र क्षमता प्रदान गर्नुपर्दछ।

सबै सरोकारवालाहरूमध्ये निर्वाचन व्यवस्थापन निकायहरूले युवा राजनीतिक सहभागितामा वृद्धि गर्नका लागि महत्वपूर्ण भूमिका खेल्छन्। यो युएनडिपी पुस्तिकाले निर्वाचन चक्रभरिनै युवाहरूको सहभागितामा वृद्धि गर्न निर्वाचन व्यवस्थापन निकायहरूका लागि रणनीति, राम्रा अभ्यास र शुरूवाती बिन्दुहरूलाई ख्याल गर्दछ र परिवर्तनका संवाहकका रूपमा युवाहरूको क्षमतालाई पूर्णरूपले महसुस गरिएको कुराको ग्यारेन्टी गर्दछ।

1 The term ‘young people’ here refers to people aged 15 to 24.

2 United Nations Department of Economic and Social Affairs (UN-DESA), Sustainable Development Knowledge Platform, https://sustainabledevelopment.un.org/sdgs.

3 UNDP, ‘Youth Strategy 2014-2017: Empowered Youth, Sustainable Future’, 2014, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/youthstrategy.html.

4 Resolution 2250, adopted by the Security Council at its 7573rd meeting, on 9 December 2015, www.un.org/press/en/2015/sc12149.doc.htm.

5 UNDP, ‘Youth Global Programme for Sustainable Development and Peace | Youth-GPS 2016-2020’, May 2016, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/Youth-GPS/.

6 UNDP, ‘Youth Global Programme for Sustainable Development and Peace | Youth-GPS 2016-2020’, May 2016, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/Youth-GPS/.

7 UN-DESA, ‘World Youth Report 2016. Youth Civic Engagement’, www.unworldyouthreport.org/images/docs/un_world_youth_report_youth_civic_engagement.pdf.

# मूल अवधारणाहरु

यो निर्देशिकाको बाँकी भागको रूपरेखाका रुपमा केही प्रमुख अधारणाहरूलाई तल प्रस्तुत र छलफल गरिन्छ।



## युवा

तथ्याङ्कीय उद्देश्यका लागि संयुक्त राष्ट्र संघको साधारण सभाले सदस्य राष्ट्रका अरू परिभाषाहरूप्रति[8] को पूर्वाग्रह विना युवाहरुलाई १५-४ वर्ष उमेर समूहको व्यक्तिका रुपमा परिभाषित गरेको छ। केही राष्ट्रहरूले ३५ बर्षभन्दा मुनिका राजनीतिकरूपले सक्रिय व्यक्तिहरूलाई पनि युवा मानेका कारणले यो पुस्तिकामा युएनडिपी युवा रणनीति[9] मा तोकिए जस्तै युवाको अझ लचिलो परिभाषा दिइएको छ- १५ देखि ३५ बर्ष सम्मका व्यक्तिहरू युवा हुन्।




## निर्वाचन चक्र

यो पुस्तिका निर्वाचन चक्र विधिमा आधारित छ जुन युएनडिपीका सबै निर्वाचन सहयोग परियोजनाहरू[10] मा अंगिकार गरिएको छ। यो विधिले समावेशी राजनीतिक सहभागिताका लागि क्षमता विकासमा लक्षित दीर्घकालीन क्रियाकलापहरूको महत्वलाई जोड दिन्छ। यसले निर्वाचनपूर्व, निर्वाचन अवधिभरि र निर्वाचनपश्चात्का अवधिहरूलाई समेट्छ। यस्तै यो पुस्तिकाले युवाहरूको सहभागिताका लागि योग्य बातावरणको सिर्जना गर्न, युवा महिला तथा पुरूषहरूलाई आफ्नो आवाज बुलन्द पार्न सशक्तिकरण गर्न, निर्वाचन कार्यान्वयनमा संलग्न हुन र शान्तिपूर्ण निर्वाचनका लागि सक्रिय संवाहक बन्न आवश्यक राम्रा रणनीति अभ्यासहरु प्रदान गर्दछ।

8 United Nations Secretary-General's Report to the General Assembly, A/36/215, 1981.

9 UNDP, 'Youth Strategy 2014-2017: Empowered Youth, Sustainable Future', 2014,www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/youthstrategy.html.

10 UNDP, 'GPECS Scope and Strategy: Planning Ahead - The Electoral Cycle', www.undp.org/content/undp/en/home/ourwork/democraticgovernance/global_programmes/global_programmeforelectoralcyclesupport/programme_scope_andstrategy.html



## लैङ्गिक हिसाबले संवेदनशील

युएनडिपीका सबै निर्देशक सामग्री र अरू प्रकाशनहरूले महिला तथा पुरूषका विभिन्न समूहका विविधता र उनीहरूका खास क्रियाकलाप र चुनौतीहरूलाई ख्याल गर्दछन् । वयस्क महिलाहरू वा बालिकाहरूले धेरै जसो समाजमा निर्वाचन चक्र भरि नै उमेर र लिङ्गका आधारमा हुने ‘दोहोरो विभेद’ को सामना गर्दछन् । त्यसकारण, यो पुस्तिकाले वयस्क महिलाहरू वा बालिकाहरूको सहभागितालाई सक्षम र सशक्तिकरण गर्न लक्षित रणनीति र क्रियाकलापहरूको विकास र कार्यान्वयनको महत्वलाई जोड दिन्छ ।



## राम्रा अभ्यासहरू

यो पुस्तिकाले निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन चक्रभरि नै युवा सहभागितालाई कसरी प्रोत्साहित गरेका छन् भन्ने बारेमा विभिन्न अभ्यास र रणनीतिहरू प्रदान गर्दछ । यो स्पष्ट छ कि एउटा देशमा सफल भएका रणनीतिहरू अरू सामाजिक र राजनीतिक सन्दर्भमा प्रभावकारी र अर्थपूर्ण नहुन सक्छन् । यहाँ प्रदान गरिएका उदाहरणहरूले निर्वाचन व्यवस्थापन निकायहरूका लागि निर्वाचन चक्रभरि नै युवाहरूलाई कसरी सशक्तिकरण गर्न सकिन्छ भनेर प्रेरणाको स्रोतको रूपमा मात्र काम गर्नेछन् ।




जर्जिया: जर्जियन विश्वविद्यालयका विद्यार्थीहरूले खुल्ला संसद्को प्रवर्द्धन गर्ने सिर्जनात्मक विचारका लागि एउटा प्रतिष्पर्धामा भाग लिए
युएनडिपी ⁄ ड्यारो सुलकौरी

# अध्याय १



## औपचारिक निर्वाचन प्रक्रियाहरूमा युवाहरूको न्युन प्रतिनिधित्व



१५ देखि २४ वर्षसम्मका युवाको सङ्ख्या विश्वको जनसङ्ख्याको पाँच भागको एक भाग भए[11] पनि औपचारिक राजनीतिमा उनीहरूको सहभागिता र प्रभाव सिमित रहन्छ। विश्वका सबै क्षेत्रहरूमा युवाहरूको चुनावी सहभागितामा भएको औसत कमी र गम्भीर गिरावटका आलोकमा यो अध्यायले युवाहरूलाई मतदाता, राजनीतिक दलका सदस्य र उमेद्वारहरूका रूपमा निर्वाचन प्रक्रियाहरूमा सहभागि बनाउनका लागि वाधा पुर्‍याउने विभिन्न अवरोधहरूको उल्लेख गर्दछ।

## राष्ट्रिय निर्वाचनमा मतदान गर्ने

५०.७%

७५.८%

८२.१%

ल्याटिन अमेरिका महादेशभरिनै सबै राष्ट्रपतीय निर्वाचनहरुमा ३० वर्षभन्दा मुनिका व्यक्तिहरूले ३० वर्षमाथिका व्यक्रिहरूले भन्दा कम मतदान




क्षेत्रभरि नै युवाको मतदान दर १५% छ जुन ३५ वर्षमाथिका व्यक्तिहरूको भन्दा ३०%ले घटी हो



## घटी उमेर र बढी उमेरका मानिसहरू बिचको सहभागितामा

| | | |
|---|---|---|
| मेक्सिको | ५९% | १९% |
| पनामा | ५७% | १७% |
| डोमिनिक गणतन्त्र | ६१% | १३% |
| चिली | ७१% | १७% |

१५-२९ वर्षसम्मका मानिसहरू

३० वर्ष माथिका मानिसहरू

## पुस्ता बिचको फरक

मलेसिया

सिंगापुर

दुईवटै देशहरूमा हालैका राष्ट्रिय निर्वाचनमा वयस्क व्यक्तिहरूको तुलनामा मात्र एकतिहाई युवाहरूले मतदान गरे

स्रोतः २०१४ एशिया ब्यारोमिटर सर्भे

*वयस्क व्यक्तिहरूको तुलनामा युवाहरूले मतदान गरेनन्

स्रोतः युवाको राजनीतिक सहभागिता बारेको २०१३ फियास्को चिली यान्ड इन्टरनेशनल आइडिया रिपोर्ट

### मतदान गर्नेहरुको सङ्ख्या

यो क्षेत्रभरि नै औपचारिक मतदान गर्नेहरुको सङ्ख्या निर्वाचन सञ्चालन गर्ने निकायबाट नियमितरूपमा प्राप्त नभए पनि विभिन्न क्षेत्रमा गरिएका सर्वेक्षणहरू[12] बाट संकलन गरिएका तथ्याङ्कले यसको निराशाजनक चित्र प्रस्तुत गर्दछन् । युवा नागरिक संलग्नता'[13], संयुक्त राष्ट्र संघ विश्व युवा प्रतिवेदन २०१६ मा पत्ता लागेका तथ्यहरूले सन् १९८० पछि सबै प्रजातान्त्रिक मुलुकहरूमा मतदान गर्नेको सङ्ख्यामा गिरावट आएको कुरा देखाउँछन् र यो गिरावट युवाहरूमा केन्द्रित छ । ३३ देशहरूको नमुना सर्वेक्षणको नतिजा[14] ले देखाएअनुसार १८ देखि २९ बर्षसम्मका युवाहरूमध्ये लगभग ४४ प्रतिशतले 'सधैं मतदान' गर्दछन्, जबकि कुल मतदान गर्ने नागरिकहरूको प्रतिशत ६० छ । ५० बर्षभन्दा माथिको मतदान दर ७० प्रतिशतभन्दा बढी छ ।

### राजनीतिक दलहरूसँगको युवा आबद्धता

विगतमा नागरिकको राजनीतिक संलग्नता खासगरी राजनीतिक दलहरूसँगको क्रियाकलापद्वारा निर्देशित थियो (सदस्यता, स्वयम्सेवा, घरदैलो अभियान कार्यक्रम, बैठकहरूमा उपस्थिति आदि) । विगतको दशकले राजनीतिक दलहरूले नयाँ सदस्यहरूलाई, खासगरि युवाहरूलाई, आकर्षित गर्न सकिरहेका छैनन् भनेर देखाएको छ । २०१६ को संयुक्त राष्ट्र संघको विश्वव्यापी युवा प्रतिवेदनले राजनीतिक दलहरूको सदस्यता वयस्कहरूको तुलनामा ३० बर्षमुनिका मानिसहरूको सङ्ख्या कम छ भनेर देखाएको छ । १८ देखि २९ बर्षसम्मका युवाहरूमध्ये ४.१ प्रतिशत मात्र सक्रिय दल सदस्य छन् जबकि ५ प्रतिशत वयस्कहरू दलका सदस्य छन्[16] ।

## अवरोधहरू

निर्वाचन प्रक्रियाहरूमा न्युन सहभागी युवाहरूको प्रभावकारी सहभागिताका लागि निर्वाचन व्यवस्थापन निकायहरूले राजनीतिक प्रक्रियामा सहभागी हुन वाधा पुर्‍याउने कारक तत्वहरूको बहुआयामिक, अन्तरसम्बन्धित अवरोधहरू पहिचान गर्नु आवश्यक हुन्छ । युवाहरूका विभिन्न उपसमूहहरूमा सरोकारवालाहरूद्वारा गरिएको वृहत् शोध अनुसन्धानबाट मात्र अधिकतम युवाहरूलाई संलग्न गराउने एउटा सफल रणनीति निर्माण गर्न सकिन्छ ।

युवाहरूको राजनीतिक सहभागिताका मुख्य अवरोधहरू विभिन्न तह र क्षेत्रहरूमा आउँछन्: जस्तैः संरचनागत, व्यक्तिगत र संगठनात्मक । निर्वाचनसँग सम्बन्धित हिंसाले निर्वाचनमा युवा सहभागितालाई थप नकारात्मक असर पार्दछ ।

संरचनात्मक तहमा निम्नलिखित सवालहरूले युवाहरूको संलग्नतामा अवरोध गरिरहेका हुन्छन् :

- **मतदान गर्न र उमेद्वार बन्न चाहिने उमेर हदका शर्तहरु** : युवाहरूको सहभागितामा अवरोध पुर्‍याउने पहिलो कुरा भनेको धेरै देशहरूमा तय गरिएको राष्ट्रिय निर्वाचनमा मतदान गर्न आवश्यक उमेर हद १८ बर्ष हुनु हो जसले युवाहरूलाई निर्वाचनमा भाग लिनबाट वञ्चित गर्दछ । युवा सहभागितामा अर्को महत्वपूर्ण अवरोध भनेको धेरै देशहरूमा विद्यमान मतदान गर्न र उमेद्वार हुन आवश्यक न्युनतम उमेर हदको फरक पनि हो ।

## ६०%

१६ वा १८ बर्ष र २४ बर्षका मतदान गर्न योग्य मतदाताहरूमध्ये ६० प्रतिशतले उनीहरूको देशमा हालै सम्पन्न भएका राष्ट्रिय निर्वाचनमा मतदान गर्न रोजेनन्

## युरोप

२०१५ मा युरोपेली युनियनका २८ सदस्य राष्ट्रहरूमा राष्ट्रिय निर्वाचनमा ठूलो सङ्ख्यामा युवाहरू अनुपस्थित रहे ।



उमेरअनुसारको मतदान दर







स्रोत : २०१५ युरोपेली युवा मञ्च प्रतिवेदन

- उमेद्वार बन्न र निर्वाचन अभियानका लागि **खर्चमा अधिक वृद्धि** हुनुका साथै राजनीतिक वित्तमा नियन्त्रणमा कमी हुनुका कारणले पनि युवाहरूलाई राजनीति शुरू गर्न अप्ठ्यारो बनाउँछ।
- **सामाजिक र सांस्कृतिक परम्पराहरू :** धेरैजसो समाजमा राजनीति शताब्दीयौँदेखि वयस्क, पुरूष र धनी व्यक्तिहरूको वर्चस्वको क्षेत्रको रूपमा रहेको छ जुन अवस्थाको कारणले युवाहरू राजनीतिक संवाद/वादविवाद र निर्णय प्रक्रियाबाट प्रणालीगत वा संरचनागत हिसाबले नै वञ्चित गराइन्छन्। यसले गर्दा उनीहरूको न्युन प्रतिनिधित्वको अवस्था सिर्जना हुन्छ। राजनीतिक प्रक्रियाहरूमा युवाहरूले ठूलो भुमिका खेल्न सक्छन् भन्ने कुरामा व्यापक सहमति हुँदाहुँदै पनि केही क्षेत्रहरूमा राजनीतिमा युवाहरूको न्युन सहभागिता एउटा संवेदनशील सवाल रहेको छ। स्वस्थ प्रजातन्त्रको निर्माण गर्न स्थानीय तहमा सबै नागरिकहरूको सहभागिता एउटा महत्वपूर्ण आधार भए तापनि स्थानीय तहमै निर्णय प्रक्रियामा युवाहरूलाई अवसर प्रदान गरिँदैन।
- **धेरै देशहरूमा युवा महिलाहरू उमेर र लिङ्गका आधारमा दोहोरो विभेदको शिकार** हुन्छन्। उनीहरूले पुरूषको तुलनामा प्रायः थप अवरोधहरूको सामना गर्दछन्। सामाजिक मूल्य मान्यता र परम्परा वा असुरक्षित वातावरणका कारणले महिला मतदाताहरूले अझै पनि मतदाताको रूपमा दर्ता हुन र मतदान गर्न गम्भिर अवरोधहरूको सामना गर्दछन्। निर्वाचन व्यवस्थापन निकायमा कर्मचारीका रूपमा पनि महिलाहरूको प्रतिनिधित्व एकदम न्युन हुन्छ, खास गरि उच्च पदहरूमा[17]। धेरैजसो निर्वाचन व्यवस्थापन निकायद्वारा बोर्ड र आयोगका पदहरूमा लैङ्गिक कोटाहरूको व्यवस्था गरिएको भए तापनि अरू नेतृत्वका पदहरू अहिले पनि प्रायः वा पूर्णरूपमा नै पुरूष प्रधान छन्।

## व्यक्तिगत तहमा :

- **राजनीतिक संस्थाहरूप्रति अविश्वास** : युवाहरु सहित नागरिकको एउटा ठूलो हिस्सा (युवाहरू सहित)मा औपचारिक राजनीतिक प्रक्रिया, राजनीतिक संगठन र नेताहरूप्रति कम विश्वास छ।
- **निर्वाचन व्यवस्थापन निकायप्रति विश्वासको कमी :** धेरैजसो देशहरूमा निर्वाचन व्यवस्थापन निकायको संरचना एकदमै विवादास्पद हुन्छ। यदि कुनै खास राजनीतिक दलहरूमा सरोकारवालाहरू निर्वाचन व्यवस्थापन निकायको संरचनामा सहमत हुँदैनन् भने उनीहरूले निर्वाचनलाई बहिष्कार गर्ने र नागरिकहरूलाई निर्वाचनमा सहभागी नहुन प्रोत्साहित गर्ने खतरा हुन्छ जुन कुराले न्युन मतदानको सिर्जना हुन सक्छ।
- **राजनीतिक प्रक्रियाका बारेको ज्ञान र पहुँचमा कमी :** युवाहरू औपचारिक राजनीतिक प्रक्रिया र प्रजातान्त्रिक समाजका जटिलताहरू बुझ्नका लागि निकै गाह्रो महसुस गर्दछन्। २०१६ को संयुक्त राष्ट्र संघको युवा प्रतिवेदन अनुसार विश्वविद्यालयको शिक्षा प्राप्त गरेका ५३ प्रतिशत युवाले उनीहरूको देशका स्थानीय निर्वाचनहरूमा सधैं मतदान गर्ने कुरा बताउँछन् जबकि १८ देखि २९ बर्ष सम्मका युवाहरूको मतदान गर्ने प्रतिशत ४४ मात्र छ। निर्वाचनमा सहभागिता जनाउन आवश्यक ज्ञानको कमी हुने अन्य समूहहरूमा अल्पसङ्ख्यक, वेरोजगार र गरिबीले दुःख पाएमा र एक्लो जीवन बाँचेका युवाहरू पर्दछन्। प्रजातान्त्रिक सिद्धान्त र निर्वाचन प्रक्रियाको बुझाइका कमीले युवाहरूले निर्वाचनलाई उनीहरूका गुनासा व्यक्त गर्ने, परिवर्तनको माग गर्ने र सरकारलाई जवाफदेही बनाउने एउटा माध्यमका रूपमा बुझ्नमा अझ बढी कठिन बनाउँछ।

- **सामाजिक र आर्थिक वञ्चितिकरण** : विश्वको सबै भागमा एउटा दिगो पेशा प्राप्त गर्नु युवाहरूका लागि सङ्घर्षको दैनिकी बनेको छ । उनीहरूले खतरनाक वा अनिश्चित काम गर्ने अवस्थासँग दैनिक रूपमा जुध्नुपर्दछ जस्तै : आंशिक काम, अल्पकालीन काम, अस्थायी र न्युन तलब पाउने रोजगारीका अवस्थाहरू जसका कारणले उनीहरूलाई काम, परिवार , घरभाडा, स्वास्थ्य र शिक्षाको पहुँचमा सन्तुलन मिलाउन कठीन हुन्छ । युवा महिला, गरिबी र द्वन्द्वमा हुर्किरहेका युवा, शैक्षिक प्रमाणपत्र नभएका र वेरोजगार युवाहरूको लागि जीविकोपार्जनका अवस्थाहरू अझ कठीन छन् ।

संगठनात्मक स्तर/तहमा, निर्वाचन व्यवस्थापन निकाय, राजनीतिक दलहरू र प्रतिनिधि सभाका अपर्याप्त र अप्रभावशाली नीतिहरू औपचारिक राजनीतिमा युवाहरूको सहभागिता न्युन हुनका कारणहरू हुन् ।

- **युवा राजनीतिक सहभागिताको न्युन तथ्याङ्क :** युवाको राजनीतिक वञ्चितिकरणका जटिलताहरू बुझ्न र निर्वाचन चक्र भरि नै युवा सहभागितामा वृद्धि गर्नका लागि सघन युवा रणनीति विकास गर्न र हस्तक्षेप गर्ने तथ्याङ्क संकलन एकदम आवश्यक छ । धेरैजसो निर्वाचन व्यवस्थापन निकायहरूसँग युवाको निर्वाचनमा सहभागिता सम्बन्धी गुणात्मक र परिमाणात्मकमध्ये कुनै एक वा दुबै किसिमका तथ्याङ्कहरू छैनन् ।
- **उच्च स्तरको निर्वाचन व्यवस्थापन युवा नीति र दिगो आर्थिक व्यवस्थापनको कमी :**

क. युवा सहभागिताको व्यवस्थालाई न्युन प्रतिनिधित्व भएका अन्य समूहहरू, जस्तैः अल्पसङ्ख्यक, जनजाति, महिला, अपाङ्गता भएका व्यक्तिहरूसँग एउटै समूहमा राखिन्छ । परिणामस्वरूप, निर्वाचन व्यवस्थापन निकायहरूले उनीहरूका प्रयत्न वा क्रियाकलापहरूलाई युवा लक्षित बनाउँदैनन् ।

ख. निर्वाचन व्यवस्थापन निकायहरूका युवा लक्षित प्रयत्नहरू प्रायः मतदाता शिक्षासम्बन्धी प्रयत्न वा क्रियाकलापहरू सँगसँगै सञ्चालन हुन्छन् जुन क्रियाकलापहरू निर्वाचन नजिक आउँदा सञ्चालन गरिन्छन् र निर्वाचन सकिएपछि वेवास्ता गरिन्छन् वा छोडिन्छन् । मतदाता शिक्षा कार्यक्रम निर्वाचनभन्दा पर प्रायः अघि बढ्दैनन् यद्यपि प्रजातन्त्र, सहभागिता र प्रतिनिधित्व जस्ता वृहत् नागरिक शिक्षा कार्यक्रमहरूसँग त्यस्ता कार्यक्रमहरू एकिकृत गरेर सञ्चालन गरिएमा अझ बढी प्रभावकारी हुन्छन् ।

ग. युवा संलग्न परियोजनाहरूलाई सधैंभरि प्राथमिकताका साथ हेरिँदैन । परिणामस्वरूप निर्वाचनको संगठनका लागि पहिले नै कम गरिएको बजेटलाई पनि अरू क्षेत्रहरूमा रकमान्तर गरिन्छ ।

- **निर्वाचन व्यवस्थापन निकायका संरचनाहरूमा युवाहरूको न्युन प्रतिनिधित्व** : न्युनतम अनुभवको वर्ष जस्ता कडा नियुक्ति नीतिहरु र निर्वाचन व्यवस्थापन निकायहरूका संरचनामा युवाहरूका लागि तालिमका अवसरहरूको कमी निर्णय प्रक्रियाका उच्च तहमा युवाहरूको न्युन प्रतिनिधित्वका ठोस कारणहरू हुन् ।
- **मतदाता दर्ता** : केही देशहरूमा, मतदाता दर्ताका जटिल प्रक्रियाहरू र दर्ताका लागि आवश्यक कागजातहरू प्राप्त गर्न लाग्ने खर्चले पनि युवाहरूको मतदाता दर्तामा अवरोध सिर्जना गर्दछ । सांस्कृतिक मुल्यमान्यता र घरायसी जिम्मेवारीहरूका कारणले घर छोड्न नसक्ने महिलाहरूको नाम मतदाताका रूपमा दर्ता गर्न विशेष व्यवस्था र प्रयत्नहरू नगरिएमा कठीन हुन्छ । त्यस्ता विशेष व्यवस्थाहरु भनेका पुरुषहरुमा शिक्षा र सचेतना नहुनु, महिलाहरुको बालविवाह हुनु आदि पर्दछन् ।




* अफ्रोब्यारोमिटरमा प्रतिक्रिया जनाए
**अभिलेख नराखिएका सर्भे

स्रोत: २०१५ को अफ्रोब्यारोमिटरको नतिजा

युरोपमा, युरोपेली युवा मञ्चले यो क्षेत्रमा युवाको दल सदस्यतामा गिरावट आउनुलाई संस्थागत राजनीतिमा एउटा केन्द्रिय समस्याको रूपमा बुझेको छ ।

problems in institutional politics.




स्रोत : इन्टरनेशनल आडिइएद्वारा २०१४ मा त्यो महादेशभरि गरिएको शोध अनुसन्धानमा यो कुरा पत्ता लागेको हो ।

घरदेखि टाढा बसेर पढिरहेका युवाहरूका लागि मतदाता दर्ता अझ कठीन हुन सक्छ किनकि उनीहरूसँग आफ्नो निर्वाचन क्षेत्रमा आएर मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्ने समय र पैसा हुँदैन ।

- **दलगत राजनीति** : राजनीतिक दलहरू निर्वाचित पदका पहरेदारहरू हुन् र उनीहरूले कसलाई कुन पदको उमेद्वारको सूचीमा राख्ने भन्ने कुराको निर्णय गर्दछन् । राजनीतिक दलहरूले उमेद्वार बनाउने प्रक्रियाले युवाहरूलाई उमेद्वार बन्ने वातावरण बनाइरहेका छैनन् । उनीहरूको नाम उमेद्वारहरूको सूचीको अन्त्यमा राखिएको हुन्छ, जसको निर्वाचित हुने सम्भावना एकदम न्युन हुन्छ । युवाहरूका लागि उमेद्वारमा आरक्षण वा कोटाको अभावले उनीहरूलाई सहभागी हुनबाट निरूत्साहित गर्दछ किनकि प्रायः उनीहरूलाई सामेल गराईंदैन । युवाहरूको दलको सदस्यताको गिरावटलाई रोक्नका लागि युवा संगठनहरू स्थापना भएका छन् । दुर्भाग्यवश, राजनीतिक दलका नेताहरूले युवाहरूलाई गम्भिररूपले लिएका हुँदैनन् । जस्तैः यी समूहका निर्णयहरूलाई अभियानहरूमा सहयोग गर्न र नयाँ पार्टी सदस्यता प्रदान गर्नका लागि मात्र प्रयोग गरिन्छ । यस्तो अवस्थामा, उनीहरूलाई नियुक्तिका प्रक्रियामा प्रभाव पार्न, प्रस्तावहरू तय गर्न वा घोषणापत्र लेख्नका लागि कुनै अधिकार दिइएको हुँदैन ।
- **रोकिने निर्वाचन चक्र** : यदि कुनै कारणले एउटा वा दुईटा निर्वाचन ढिला गरिन्छ भने त्यसपछिका निर्वाचनमा युवाहरू, खासगरी पहिलो पटक मतदान गर्ने युवाहरूले मतदान नगर्ने वा मतदान बहिष्कार गर्ने खतरा बढी हुन सक्छ । शुरूमा तय भएको निर्वाचनमा मतदान गर्ने अवसर नपाएको कारणले राजनीतिक सवालमा उनीहरूको रूचीमा कमी आउन सक्छ र उनीहरूले प्रजातान्त्रिक प्रक्रियाबाट आफुहरूलाई अलग्याउन सक्छन् ।

अन्त्यमा, **निर्वाचनसँग सम्बन्धित हिंसाले** पनि निर्वाचनका प्रक्रियाहरूमा युवाहरूको अर्थपूर्ण संलग्नतामा अवरोध पुर्‍याएको छ ।

- निर्वाचन प्रजातन्त्रको एउटा प्रमुख आधारस्तम्भ हो । तथापि निर्वाचनमा संलग्नता र अभिव्यक्तिको अधिकार हनन, समाजको निश्चित हिस्सा राजनीतिक प्रक्रियामा संलग्न हुन नसक्नु जस्ता आधारभूत मानव अधिकारको प्रत्याभूति हुन नसक्दा निर्वाचनले हिंसा पनि निम्त्याउन सक्छ । गृहयुद्ध जस्ता आन्तरिक द्वन्द्वबाट उठेका राष्ट्रहरूमा निर्वाचन प्रक्रियाका दौरान हिंसा वा द्वन्द्व चर्किने सम्भावना उच्च हुन्छ ।
- निर्वाचन सम्बन्धित हिंसा भएका देशहरूको इतिहास केलाउँदा प्रायः युवाहरू नै हिंसा उन्मुख हुनका साथै उनीहरू नै पिडित भएको पाइन्छ । निर्वाचन बिथोल्न खोज्ने राजनीतिक नेताहरू र सशस्त्र समूहहरूद्वारा उनीहरूलाई माध्यमका रूपमा प्रयोग गरिएको पाइन्छ । जबसम्म युवाहरू राजनीतिक र सैनिक शोषणको जोखिममा रहन्छन् तबसम्म उनीहरूलाई निर्वाचन प्रक्रियामा पूर्ण सहभागी हुनबाट रोकिन्छ ।
- निर्वाचनसँग सम्बन्धित हिंसाद्वारा महिलाहरू पुरूषहरूभन्दा फरक किसिमले प्रभावित हुन्छन् । पुरूषका तुलनामा महिलाको मतदान गर्ने अनुपात अति न्युन हुन्छ, जस्तैः द्वन्द्वोत्तर देशहरू जहाँ लैङ्गिक हिंसाको खतरा उच्च हुन्छ र महिलाहरूको सार्वजनिक जीवनमा त्रासपूर्ण धम्कीको उच्च जोखिम हुन्छ ।

वातावरणीय व्यक्तिगत र संगठनात्मक तहमा आउने अवरोधहरूको सामना गर्दा युवाहरूले आफुलाई शक्तिबाट बञ्चित भएको महसुस गर्न सक्छन् । धेरै जनाले उनीहरूको आवाज सुन्दैनन् वा उनीहरूको कुरा सुनिए पनि उनीहरूले आफुहरूलाई गम्भिर रूपमा लिइँदैन भन्ने कुरा विश्वास गर्न सक्छन् । यो समस्या चक्रीय बन्छ किनकि राजनीतिक नेताहरूले युवाहरूको मत जित्न नसक्दा उनीहरूका चाहनाको सम्बोधन गर्न रूची नदेखाउन सक्छन् । यो कुराले सामाजिक समानता र न्यायको माग वातावरणीय संरक्षण र सांस्कृतिक विविधतामा युवाहरूको संवेदनशीलताका बावजुद उनीहरूलाई निर्णय प्रक्रिया वा मुख्य सामाजिक, आर्थिक र राजनीतिक सवालहरूमा संवाद वा छलफल गर्नबाट वञ्चित गराउन सक्छ ।

# NOTES OF CHAPTER 1

11 UN-DESA, 'Youth, Political Participation and Decision-Making', www.un.org/esa/socdev/documents/youth/fact-sheets/youth-political-participation.pdf.

12 According to the 2015 European Youth Forum Report, young people have been largely absent from national elections in the 28 Member States of the European Union (EU). Almost 60 percent of eligible voters between 16 or 18 and 24 years old opted not to vote in their country's most recent national election. Deželan, Tomaž, 'Young People and Democratic Life in Europe: What Next After the 2014 European Elections?', European Youth Forum, 2015, www.youthup.eu/app/uploads/2015/11/YFJ_YoungPeopleAndDemocraticLifeInEurope_B1_web-9e4bd8be22.pdf.

Nearly two thirds (65 percent) of the overall African population is younger than 35, according to the 2015 AfroBarometer. Yet only 55 percent of African youth said they voted in their last national election. Considerable regional differences exist, however: in East Africa, 65 percent of young people participated in their country's most recent elections; as opposed to only 49 percent of youth in Northern Africa. AfroBarometer, Dispatch no. 41, 12 August 2015, http://afrobarometer.org/sites/default/files/publications/Dispatches/ab_r6_dispatchno41.pdf.



The 2014 Asia Barometer Survey indicates that youth turnout rate in the region is generally 15-30 percent lower than that of people older than 35. Generational differences in voting are striking in Malaysia and Singapore. In both countries, only a third of youth voted in the most recent national elections, compared with an overwhelming majority of older citizens. UNDP, 'Youth and Democratic Citizenship in East and South East Asia: Exploring Political Attitudes of East and South-East Asian Youth through the Asian Barometer Survey', 2014, https://issuu.com/undp/docs/rbap-dg-2014-youth-n-democratic-cit/69. In Latin America, the 2013 FLACSO Chile and International IDEA report on youth political participation noted that people under 30 participate less than those over 30 in all presidential elections on the continent. According to the report, the greatest difference in participation between young and older people existed in Mexico, where 59 percent of young people did not vote compared with just 19 percent of older citizens. Other gaps included in Panama, where 57 percent of youth did not participate compared with 17 percent of older citizens; the Dominican Republic (61 percent compared with 13 percent); and Chile (71 percent compared with 17 percent). FLASCO Chile and International IDEA, 'Youth and Political Participation in Latin America, Current State and Challenges', document prepared for the Annual Democracy Forum 'Youth Participation and Elections', 2013

13 UN-DESA, 'World Youth Report 2016. Youth Civic Engagement', www.unworldyouthreport.org/images/docs/un_world_youth_report_youth_civic_engagement.pdf.

14 Algeria, Egypt, Ghana, Libya, Morocco, Nigeria, Rwanda, South Africa, Tunisia, Zimbabwe (Africa); Cyprus, Estonia, the Netherlands, Germany, Poland, Slovenia, Spain, Sweden (Europe); Argentina, Brazil, Chile, Colombia, Peru, Uruguay (South America); Japan, Malaysia, the Philippines, Singapore, Republic of Korea, Taiwan Province of China, Thailand (South-East Asia); India (Southern-Central Asia); and the United States (North America).

In Asia, research indicates that in most of the region's countries, young people identify less with political parties than do older citizens. The exceptions were Cambodia, Indonesia, the Philippines and Thailand, where political parties have stronger links with youth.

15 UNDP, 'Youth and Democratic Citizenship in East and South East Asia: Exploring Political Attitudes of East and South-East Asian Youth through the Asian Barometer Survey', 2014, https://issuu.com/undp/docs/rbap-dg-2014-youth-n-democratic-cit/69.

15 UNDP, 'Youth and Democratic Citizenship in East and South East Asia: Exploring Political Attitudes of East and South-East Asian Youth through the Asian Barometer Survey', 2014, https://issuu.com/undp/docs/rbap-dg-2014-youth-n-democratic-cit/69.

In Europe, the European Youth Forum perceives the decline in youth party membership in the region as one of the core problems in institutional politics. Research conducted in 2014 by International IDEA reveals that across the continent, as few as 2 percent of young people are members of a political party. Deželan, Tomaž, ' 'Young People and Democratic Life in Europe: What Next After the 2014 European Elections?', European Youth Forum, 2015, www.youthup.eu/app/uploads/2015/11/YFJ_YoungPeopleAndDemocraticLifeInEurope_B1_web-9e4bd8be22.pdf.

Results from the 2015 AfroBarometer show that youth participation in election campaigns remains limited in Africa. On average, 34 percent of youth attended campaign rallies or meetings in 2014, the year preceding the survey, and only 23 percent tried to persuade others to vote for a certain candidate or party. In East Africa, 51 percent of youth said they attended campaign rallies or meetings. North African youth had by far the lowest levels of participation, with 12 percent reporting having attended a campaign event and 11 percent having tried to influence other voters. AfroBarometer, Dispatch no. 41, 12 August 2015, http://afrobarometer.org/sites/default/files/publications/Dispatches/ab_r6_dispatchno41.pdf.

16 UN-DESA, 'World Youth Report 2016. Youth Civic Engagement', www.unworldyouthreport.org/images/docs/un_world_youth_report_youth_civic_engagement.pdf.

17 A survey among 35 EMBs conducted by UNDP and UN Women in 2011-2012 highlighted the dominance of male leadership in the surveyed EMBs. UNDP and UN WOMEN, 'Inclusive Electoral Processes: A Guide for Electoral Management Bodies on Promoting Gender Equality and Women's Participation', 2015, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/guide-for-electoral-management-bodies-on-promoting-gender-equali.html.

18 The 2015 EuroBarometer shows that 62 percent of European Union (EU) citizens do not trust their national parliaments, 63 percent tend not to trust their national governments and 46 percent tend not to trust the EU . European Commission, Standard EuroBarometer 2015, Public Opinion in the European Union, http://ec.europa.eu/COMMFrontOffice/publicopinion/index.cfm/Survey/index#p=1&instruments=STANDARD.

In Asia-Pacific, trust in legislative and executive institutions in most countries is lower among young people than among other population groups. UNDP, 'Youth and Democratic Citizenship in East and South East Asia: Exploring Political Attitudes of East and South-East Asian Youth through the Asian Barometer Survey', 2014,

https://issuu.com/undp/docs/rbap-dg-2014-youth-n-democratic-cit/69.

19 UN-DESA, 'World Youth Report 2016. Youth Civic Engagement', www.unworldyouthreport.org/images/docs/un_world_youth_report_youth_civic_engagement.pdf.

20 According to the International Labour Organization (ILO), "In 2014, 42.6 percent of economically active youth are either unemployed or working but living in poverty." ILO, 'Global Employment Trends for Youth 2015', www.ilo.org/wcmsp5/groups/public/---dgreports/---dcomm/---publ/documents/publication/wcms_412015.pdf.

21 UNDP, 'Elections and Conflict Prevention: A Guide to Analysis, Planning and Programming', 2009, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/elections-and-conflict-prevention-guide.html.






संयुक्त राज्य अमेरिकाः" शान्तिका लागि गरिबी र शिक्षालाई लक्षित गरिएको : १+४=१६ शिर्षकको युवाद्धारा नेतृत्व गरिएको बैठक

©युएनडिपी

# अध्याय २



## दिगो विकास लक्ष्य १६



### दिगो विकास र दिगो विकास लक्ष्यका लागि २०३० का प्रस्तावहरू

सहस्राव्दी विकास लक्ष्यमा[22] आधारित भएर, २०१५ को सेप्टेम्बरमा न्युयोर्कमा सम्पन्न संयुक्त राष्ट्र संघको दिगो विकास बैठकमा[23] विश्वका नेताहरूले दिगो विकासका लागि २०३० को प्रस्ताव अंगीकार गरे । २०३० को प्रस्तावमा १७ वटा दिगो विकास लक्ष्यहरू[24] छन् जसले हस्ताक्षरकर्ताहरूद्वारा सामूहिकरूपमा स्विकार गरिएको घोषणापत्रका अनुसार राष्ट्रिय विकास र क्षमताका विभिन्न स्तरहरूको ख्याल राख्दै "गरीबी निवारण, मानव अधिकार संरक्षण र लैङ्गिक समानता, महिला तथा बालबालिकाहरूको सशक्तिकरण, पृथ्वी र यसका प्राकृतिक स्रोतहरूको दीर्घकालीन संरक्षण र दिगो, समावेशी र आवश्यक आर्थिक वृद्धि, सामूहिक उन्नति र सबैका लागि सम्मानजनक कामका लागि उपयुक्त अवस्थाको सिर्जनाको ग्यारेन्टी गर्ने लक्ष्य राखेको छ ।"[25]

यी दिगो विकास लक्ष्यहरू विश्वव्यापी रूपमा नागरिक समाज र अन्य सरोकारवालाहरूसँगको दुई वर्षभन्दा बढी समयको सघन परामर्श र संलग्नताका परिणामहरू हुन् । यी लक्ष्यहरूले सबभन्दा गरीब र जोखिमयुक्त व्यक्तिका आवाजहरूलाई विशेष ध्यान दिएका छन् ।

दिगो विकासका लागि २०३०का प्रस्तावहरूलाई परिभाषित गर्ने काममा युवाहरूले महत्वपूर्ण भूमिका खेले । उनीहरूले आफ्ना आवाज र आवश्यकताहरूलाई वृहत् परामर्शको प्रक्रियाद्वारा आफ्ना सरकार र संयुक्त राष्ट्र संघसम्म पुर्‍याए । उनीहरूले संयुक्त राष्ट्र संघ बालबालिका र युवाहरूको प्रमुख समूहसँगको छलफल र अनलाइन ‘माइ वर्ल्ड सर्भे’का माध्यमद्वारा आफ्नो सहभागिताको लागि आवाज उठाए । यसका लागि सत्तरी लाखभन्दा बढी युवाहरूले सुन्दर संसार निर्माण गर्न आफ्ना प्राथमिकताका लागि मतदान गरे ।

परिणामस्वरूप, २०३० को प्रस्तावले युवाहरूलाई ‘परिवर्तनका महत्वपूर्ण वाहकको’[27] रूपमा चित्रित मात्र नगरी उनीहरूलाई १७ वटा दिगो विकास लक्ष्यहरूमा प्राथमिकताका साथ समेट्छ ।  १६९ मध्ये ६० भन्दा बढी लक्ष्यहरूले स्पष्ट वा सांकेतिक रूपमा भए पनि युवाहरूलाई लक्षित गर्दछन् जसमा विशेष जोड उनीहरूको सशक्तिकरण, सहभागिता र प्रगतिको वृद्धिमा छ । ‘परिवर्तनका महत्वपूर्ण वाहक’को रूपमा युवाहरूको अन्तर्राष्ट्रिय मान्यतालाई दिगो विकास लक्ष्यहरूको निर्धारण गरिएका प्रगतिको कार्यान्वयन र अनुगमन गर्न सरकार र अन्य सरोकारवालाहरूद्वारा व्यवहारमा रूपान्तरण गर्नुपर्दछ । दिगो विकास लक्ष्यका प्रगतिहरूमा राष्ट्रिय तहका सूचकहरूको छनोट र ती लक्ष्यहरूको अनुगमनमा युवाहरूको संलग्नता[28] पनि पर्दछन् ।

निर्वाचन प्रक्रियामा युवा सहभागितामा वृद्धि गर्नका लागि दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको अर्को महत्वपूर्ण पाटो भनेको अहिले चलिरहेको दिगो विकास लक्ष्यहरूको स्थानिकीकरणको प्रक्रिया हो । यो भनेको विश्वव्यापी, राष्ट्रिय र स्थानीय दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि स्थानीय तहमा रणनीति र नीतिहरू परिभाषित गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने प्रक्रिया हो । यसमा स्थानीय तहमा विकासका प्रस्तावहरूलाई परिणाममा प्रभावकारी रूपमा रूपान्तरित गर्नका लागि निश्चित विधि, साधन, नवीन प्रवर्तन मञ्च र प्रक्रियाहरू समाविष्ट हुन्छन् । परिणाम हासिल गर्नका लागि समाजका सबै क्षेत्रहरू- नागरिक समाज, युवा समूह, परम्परागत अगुवाहरू, धार्मिक संगठनहरू, शैक्षिक संस्थाहरू, नीजि र अन्य क्षेत्रहरू- सबै चरणमा संलग्न हुनुपर्दछ ।

दिगो विकास लक्ष्यहरू र दिगो विकासका लागि २०३० को वृहत् प्रस्तावहरू क्षेत्रका हिसाबले सहस्राव्दी विकास लक्ष्यभन्दा वृहत् छन् । खासगरि यी दिगो विकास लक्ष्यहरूले गरीबीको प्रमुख कारण र विकासका लागि विश्वव्यापी आवश्यकतालाई सम्बोधन गर्न खोज्छन् जसले “कोही पनि नछुटोस्” भन्ने प्रतिबद्धता सहित सबै मानिसहरूका लागि काम गर्दछ । “कोही पनि नछुटोस्” अपिल संयुक्त राष्ट्र संघका महासचिवद्वारा जारी गरिएको हो जसले २०३० को प्रस्तावलाई सहयोग गर्दछ[29] ।

## दिगो विकास लक्ष्य १६

दिगो विकास लक्ष्य १६ महत्वपूर्ण छ किनकि यसले मुख्यतः “शान्तिपूर्ण र समावेशी समाजको प्रबर्द्धन गर्ने, सबैको लागि न्यायको पहुँचमा वृद्धि गर्न र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको विकास गर्ने” प्रतिबद्धता व्यक्त गर्दछ । शासन व्यवस्था, समावेशिता, सहभागिता, अधिकार र सुरक्षा समेटेको एउटा दिगो विकास लक्ष्यको समावेशिताले गर्दा असुरक्षा, मानव अधिकार उल्लंघन र कमजोर शासन व्यवस्था विकासका लागि बाधक हुन् भन्ने कुराको बारेमा बुझ्न सहस्राव्दी विकास लक्ष्य असफल भएको भनेर बलियो आलोचनालाई पुष्टि गर्दछ ।

दिगो विकास लक्ष्य १६, जसले समावेशितामा जोड दिन्छ, तबमात्र हासिल गर्न सकिन्छ जब समाजका सबै हिस्साहरू सबै तहका निर्णय प्रक्रियामा सहभागी हुन्छन् । यसले युवाहरूको राजनीतिक सशक्तिकरणमा काम गरिरहेका सबै सरोकारवालाहरूको यो लक्ष्यलाई महत्वपूर्ण बनाउँछ । यसको साथसाथै, दिगो विकास लक्ष्य १६ आफैमा एउटा लक्ष्य मात्र होइन, बरू यसले अरू दिगो विकास लक्ष्यहरू र २०३० को प्रस्तावका लागि एउटा सबलीकरण गर्ने लक्ष्यका रूपमा काम गर्न सक्छ । यो प्रष्ट छ कि शान्ति एवं प्रभावकारी, जवाफदेही र समावेशी राजनीतिक संस्थाहरू बिना, गरीबी र भोकमरीको अन्त्य गर्नु (दिगो विकास लक्ष्यहरू १ र २), स्वस्थ जीवनको ग्यारेन्टी गर्नु (दिगो विकास लक्ष्य ३), स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि (दिगो विकास लक्ष्य ८) वा अन्य लक्ष्यहरू हासिल गर्नु असम्भव हुनेछ । परिणामस्वरूप, अन्य सबै लक्ष्यहरू हासिल गर्नका लागि समावेशी राजनीतिक प्रक्रियामा वृद्धि गर्नु अति आवश्यक छ ।

दिगो विकास लक्ष्य १६ का १२ मध्ये ८ वटा लक्ष्यहरू निर्वाचन व्यवस्थापन निकायहरूका लागि समावेशी निर्वाचन प्रक्रियालाई वृद्धि गर्नका लागि सान्दर्भिक छन् :

### १६.१ जताततै सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदरमा स्पष्ट कमी ल्याउने ।

निर्वाचनहरू प्रायः धेरै नै विवाद गर्न सकिने प्रक्रियाहरू हुन् र यिनीहरूलाई स्वतन्त्र र निष्पक्ष रूपमा ग्रहण गर्न नसकेमा वा सरोकारवालाहरूद्वारा परिणामलाई अस्विकार गरेमा हिंसा पनि निम्तिन सक्छ । त्यहाँ द्वन्द्वका अरू अन्तर्निहित कारणहरू जस्तैः वञ्चितिकरण, असमानता र जातीय तनाव भएमा पनि हिंसा भड्कन सक्छ । दिगो विकास लक्ष्य १६.१ को उपलब्धिको ग्यारेन्टी गर्न सघाउनका लागि निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन चक्रभरि नै द्वन्द्वलाई रोकथाम गर्ने उपायहरू अपनाउनु पर्दछ र युवाहरूलाई शान्तिका सक्रिय संवाहकको रूपमा सहयोग गर्न र उनीहरूलाई सदुपयोग गर्न सफल अभ्यासहरूको कार्यान्वयन गर्नुपर्दछ । (अध्याय ६ हेर्नुहोस् ।)

### १६.३ राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कानुनको शासनलाई प्रबर्द्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँचको ग्यारेन्टी गर्ने

निर्वाचन सम्बद्ध झैझगडा वा द्वन्द्वहरू कानुनी र शान्तिपूर्ण तवरले समाधान हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि प्रभावकारी द्वन्द्व समाधानका विधिहरू आवश्यक हुन्छन् । यसले यो प्रक्रियाको वैधानिकतालाई बढाउँछ र मानिसहरूको चाहनाको अस्तित्वलाई पनि स्विकार गर्दछ । दिगो विकास लक्ष्य १६.३ को उपलब्धिको लागि काम गर्न निर्वाचन व्यवस्थापन निकायहरूले यो कुराको ग्यारेन्टी गर्नुपर्दछ कि मानिसहरू आफ्ना गुनासाहरू व्यक्त गर्ने अधिकारप्रति सचेत छन् र त्यहाँ ती गुनासाहरूलाई तत्काल सम्बोधन गर्ने औपचारिक र अनौपचारिक प्रक्रियाहरू छन् ।

### १६.५ सबै प्रकारका भ्रष्टाचार र घुसखोरीलाई ठूलो परिमाणमा कम गर्ने ।

सबैतिर फैलिएको भ्रष्टाचार र घुसखोरीका सन्दर्भमा निर्वाचन व्यवस्थापन निकायहरूले तत्कालै बलियो राजनीतिक वित्त नियमन गर्न, राजनीतिक दलहरूको स्रोत र खर्चको नियन्त्रण गर्न र यदि दलहरूले कानुन उल्लंघन गरेमा उनीहरूलाई सच्याउनका लागि पनि विधिहरूको स्थापना गर्नुपर्दछ । (अध्याय ३ हेर्नुहोस् ।)

### १६.६ सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरूको विकास गर्ने ।

स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सञ्चालन गर्न निर्वाचन व्यवस्थापन निकायहरूले उनीहरूका क्रियाकलापहरू प्रभावकारी, जवाफदेही र पारदर्शी रूपमा सञ्चालन गरिएका छन् भन्ने कुराको ग्यारेन्टी गर्नुपर्दछ र ती कामहरूलाई जनताले त्यसै अनुसार लिएको पनि हुनुपर्दछ ।

# १६ शान्ति, न्याय र सबल संस्थाहरू



राजनीतिक दल, नागरिक समाजका संगठन र सुरक्षा निकायहरूसँगको नियमित परामर्शले सरोकारवालाहरूको विश्वासलाई बलियो बनाउन सक्छ । युवाहरू मतदाताको एउटा महत्वपूर्ण अङ्ग हुन् । युवाहरूको मत पाउन खोज्ने राजनीतिक दलहरूले नीति निर्माण गर्दा युवाहरूको आवाजलाई ध्यान दिनुपर्दछ र अन्ततोगत्वा युवाहरूप्रति बढी नै जवाफदेही हुनुपर्दछ ।

### १६.७ सबै तहमा सकारात्मक, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रियाको सुनिश्चितता गर्नुपर्दछ ।

समावेशी निर्वाचन प्रक्रियाले सकारात्मक, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रियाको आधार तय गर्दछ । तथापि, मतदाताको रूपमा, उमेद्वारको रूपमा र निर्वाचन व्यवस्थापन गर्ने निकायका कर्मचारीको रूपमा युवाहरूको प्रतिनिधित्व एकदम न्युन हुन्छ र त्यसकारण निर्णय प्रक्रियामा प्रभाव पार्न र सबल युवा नीतिको वकालत गर्ने अवसरबाट वञ्चित हुन्छन् ।

### १६.९ २०३० सम्ममा सबैका लागि जन्म दर्ता लगायतका सबै कानुनी परिचय प्रदान गर्ने ।

जन्म दर्ता लगायतका कानुनी परिचय बिनाका नागरिकहरू मतदाताको सूचीमा प्रायः दर्ता हुन सक्दैनन् र उनीहरूको मतदान गर्ने आधारभुत अधिकारबाट बञ्चित हुन्छन् । निर्वाचन व्यवस्थापन निकायहरूले अन्य सरोकारवालाहरूसँगको परामर्शमा यो कुरा सुनिश्चित गर्नु पर्दछ कि नागरिकहरूले मतदाताको रूपमा दर्ता हुन आवश्यक कागजातहरू प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ । अध्याय ५ मा युवाहरूको मतदाताको रूपमा नाम दर्ता गर्नमा विद्यमान अवरोधहरूका बारेमा चर्चा गरिएको छ ।

### १६.१० राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौताहरूका आधारमा सूचनामा सार्वजनिक पहुँचको सुनिश्चितता गर्ने र सार्वभौम अधिकारको संरक्षण गर्ने ।

लक्ष्य १६.१० को सूचनामा पहुँच सबै १७ वटा दिगो विकास लक्ष्यहरूको कार्यान्वयनलाई बलियो बनाउने एउटा मुख्य अवस्था हो । नागरिकका लागि निर्वाचन प्रक्रियामा सक्रियरूपमा सहभागी हुन आवश्यक पूर्वशर्त भनेकै प्रजातान्त्रिक मूल्य मान्यता, निर्वाचन र प्रतिनिधित्व र जवाफदेहितामा यसको प्रभावको बारेमा ज्ञान हुनु हो । निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन प्रक्रिया र मतदानका विषयमा आधारभुत सूचना नागरिकलाई प्रदान गर्न एउटा महत्वपूर्ण भुमिका खेल्न सक्छन् । तथापि, निर्वाचन व्यवस्थापन निकायहरूले नागरिकहरूलाई निर्वाचनका बारेमा शिक्षित गर्न शुरूदेखि नै राज्यका अन्य निकायहरूसँग सहकार्य गर्न सक्छन् । निर्वाचन चक्रका अवधिमा सञ्चार माध्यमसँग काम गर्नु निर्वाचन व्यवस्थापन निकायहरूको लागि महत्वपूर्ण हुन्छ जसले सार्वभौम अधिकारहरूको, खास गरि अभिव्यक्ति र संलग्नताको अधिकारको संरक्षण गर्दछ । अध्याय ४ मा निर्वाचन व्यवस्थापन निकायहरूका लागि नागरिक र मतदाता शिक्षाका बारेमा चर्चा गरिन्छ ।

## दिगो विकास लक्ष्य १६ : मापन गर्नु भनेको जान्नु हो ।

दिगो विकास लक्ष्यहरूका विभिन्न लक्ष्यहरूको प्रगतिको मापन गर्नका लागि तथ्याङ्क संकलन गर्नु आवश्यक हुन सक्छ । त्यसकारण तथ्याङ्क विभाजनका महत्वपूर्ण सिद्धान्तहरूलाई अंगिकार गर्नु र त्यसै अनुसार काम गर्नु आवश्यक हुन्छ । ती सिद्धान्तहरूले दिगो विकास लक्ष्यका सूचकहरूलाई आत्मसात् गर्दछन् : "दिगो विकास लक्ष्य सूचकहरूलाई आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त[32] र सान्दर्भिकताका आधारमा आम्दानी, लिङ्ग, जाति, जनजाति, आप्रवासनको स्थिति, अपाङ्गता र भौगोलिक अवस्थिति वा अन्य विशेषता अनुसार विभक्त गरिनुपर्दछ ।"

धेरै देशहरूमा निर्वाचनमा सहभागिताको उमेरका आधारमा विभक्त तथ्याङ्क अझै पनि उपलब्ध छैन र यो तत्काल आवश्यक छ । यदि दर्ता र मतदान, मतदाता शिक्षा कार्यक्रममा सहभागिता, अभियानका क्रियाकलापहरूमा सहभागिता, राजनीतिक दलको सदस्यता र उमेद्वार, संसद्मा प्रतिनिधित्व र निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका लागि उमेर विभक्त तथ्याङ्क संकलन गर्न विधिहरूको विकास नगरिएमा दिगो विकास लक्ष्य १६ हासिल नहुन सक्छ ।

# NOTES OF CHAPTER 2

22. UN, MDGs portal, www.un.org/millenniumgoals/.
23. UN-DESA, Sustainable Development Knowledge Platform, https://sustainabledevelopment.un.org/sdgs.
24. UN-DESA, Sustainable Development Knowledge Platform, https://sustainabledevelopment.un.org/sdgs.
25. UN-DESA, Sustainable Development Knowledge Platform, https://sustainabledevelopment.un.org/sdgs.
26. UN, My World Campaign 2015, http://vote.myworld2015.org/.
27. 2030 Agenda for Sustainable Development, para 51.
28. UNDP and others, '"Critical agents of change" in the 2030 Agenda: Youth-Inclusive Governance Indicators for National-Level Monitoring', http://restlessdevelopment.org/file/critical-agents-of-change-youth-inclusive-governance-indicators-for-national-level-sdg-monitoring-pdf.
29. Sambira, Jocelyne. 'Leave No One Behind in the New Development Agenda', Africa Renewal Online, www.un.org/africarenewal/ar-blog/leave-no-one-behind-new-development-agenda.
30. UNDP, 'Elections and Conflict Prevention: A Guide to Analysis, Planning and Programming', 2009, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/elections-and-conflict-prevention-guide.html.
31. UNDP/PRIO Expert Meeting on Measuring SDG 16: Targets 16.1 on Peace, 16.3 on Justice, 16.7 on Inclusion and 16.10 on Freedoms, January 2016, www.undp.org/content/dam/norway/img/sdg-16-oslo-2016/OGC%20PRIO%20Measurement%20meeting%20-%20Report%20of%20the%20Convenors%20final2.pdf.
32. United Nations Economic and Social Council, 'Report of the Inter-Agency and Expert Group on Sustainable Development Goal Indicators', March 2016, http://unstats.un.org/unsd/statcom/47th-session/documents/2016-2-SDGs-Rev1-E.pdf




युउनडिपीले सहयोग गरेको एउटा तालिम शत्रमा एउटी प्यालेष्टिनी महिलाले प्रजातान्त्रिक शासनव्यवस्थाका राम्रा कुराहरू थाहा पाउँछिन्
©युएनडिपी/पिएपिपी अ्एान्ड सारेक युथ फोरम

# अध्याय ३



## विधायिका र नीतिगत संरचनालाई सबल बनाउने

### अन्तर्राष्ट्रिय कानुनी संरचना

अन्तर्राष्ट्रिय निर्वाचन मापदण्डहरूले कानुनसम्मत निर्वाचन संरचनाको आधार तयार गर्दछन् । कुनै पनि देशको राजनीतिक र निर्वाचन प्रक्रियामा पूर्णरूपमा सहभागी हुने अधिकारहरू आधारभूत मानव अधिकारहरू हुन् जुन अधिकारहरूलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र[33] (युडिएचआर १९४८) र नागरिक र राजनीतिक अधिकारका बारेको अन्तर्राष्ट्रिय सम्झौता[34] (आइसिसिपिआर १९६६) जस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय कानुनी संयन्त्रहरूबाट स्विकार गरिएका छन् । बितेको दशकमा अन्तर्राष्ट्रिय समुदायले विभिन्न सहमति, घोषणा र कार्ययोजनाहरूमा युवाको सहभागिताका बारेका आफ्ना प्रतिबद्धताहरूलाई दोहोर्‍याएका छन्, अफ्रिकन युवा घोषणा[35] र युवाहरूका लागि युरोपियन युनियनको रणनीति[36] एउटा उदाहरण हो । दुबैले युवाहरू आफ्ना समुदायमा सक्रिय नागरिक र नेता बन्नका लागि आवश्यक ज्ञान र सीपले सुसज्जित छन् भन्ने कुराको सुनिश्चित गर्नका लागि बढ्दो सूचना र क्षमता विकासको महत्वलाई जोड दिन्छन् ।

अन्तर्राष्ट्रिय संयन्त्र र ढाँचाहरूले राष्ट्रहरूका लागि उनीहरूका राजनीतिक र निर्वाचन प्रक्रियाहरूमा युवाहरूको पूर्ण सहभागितालाई वृद्धि गर्नका लागि कानुन, नीति र अभ्यासहरू विकास गर्न ठोस आधार प्रदान गर्दछन् । अन्तर्राष्ट्रिय कानुनी संरचनाको स्पष्ट बुझाइले निर्वाचन कानुन र प्रक्रियाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप छन् र त्यसै अनुरूप युवा-संवेदनशील रणनीति र कार्यक्रमहरूको विकास गरिन्छ भन्ने कुरा सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायहरूलाई त्यस बुझाइले सहयोग गर्न सक्छ ।

**परिशिष्ट १** मा युवाहरूको राजनीतिक सहभागितालाई वृद्धि गर्नका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय संरचनाहरूका बारेमा विस्तृत रुपमामा समेटिएको छ ।

## राष्ट्रिय कानुनी संरचना

### संविधानहरू

पहिले बन्द कोठाका बैठकहरूमा अधिकांश पुरूष र वयस्क विधायकहरूद्वारा लेखिने संविधानहरूको मस्यौदा आजकल खुला र पारदर्शी प्रक्रियाबाट गरिन्छ । यो प्रक्रियामा सबै नागरिकहरू संलग्न गराइन्छन् । ऐतिहासिक रूपमा वञ्चितिकरणमा परेका समूहहरूको बढ्दो सहभागिताले युवाहरूको राजनीतिक सहभागितालाई वृद्धि गर्नका लागि विशेष व्यवस्थाहरू समावेश गरिएका छन् ।

---

२०१२-२०१३ मा युएनडिपीले ट्युनिसियाका सबै २४ वटा प्रदेशहरूका राष्ट्रिय संविधान सभाका सदस्य, नागरिक र नागरिक समाज संगठनहरूको बीचमा एउटा राष्ट्रव्यापी छलफललाई सहयोग गर्‍यो । जम्मा ८० जना विधायकहरूलाई कानुन र संविधान मस्यौदा र सार्वजनिक परामर्श विधिका बारेमा तालिम प्रदान गरियो । त्यो छलफलको दौरान ६००० भन्दा बढी नागरिकहरू, ३०० भन्दा बढी नागरिक समाज संगठनहरू र ३२० भन्दा बढी विश्वविद्यालय प्रतिनिधिहरूलाई सुझाव वा पृष्ठपोषण दिइयो । ११०० जना युवाहरूमा लिइएको राष्ट्रिय सर्वेक्षणले ट्युनिसियाली युवाहरूका चाहना र अपेक्षाहरूका बारेमा विस्तृत जानकारी प्रदान गर्‍यो । जनसङ्ख्याको यो हिस्साको वञ्चितिकरणका कारणले २०११ को क्रान्ति[37] शुरू भयो । संविधानको धारा ८ले युवाहरूको भुमिकालाई यसरी स्विकार गरेको छ : *युवाहरू राष्ट्र निर्माणमा एउटा सक्रिय शक्ति हुन् । राज्यले युवाहरूको क्षमता विकास गर्न र उनीहरूको क्षमताको पहिचान गर्न आवश्यक अवस्थाहरू सिर्जना, उनीहरूलाई जिम्मेवारी बहन गर्न सहयोग गर्दछ र सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विकासमा उनीहरूको सहभागिताको बिस्तार र सामान्यीकरण गर्ने प्रयत्न गर्दछ ।*

---

ऐतिहासिक रूपले सीमान्तीकरणमा पारिएका समूहहरूका लागि विशेष व्यवस्था सहितका संविधानहरूले वृहत् र सघन निर्वाचन प्रक्रियालाई सघाउन एउटा बलियो आधार तयार पार्दछन् । संविधानहरू कानुनी प्रणालीभित्रका सबभन्दा उच्च कानुन भएको हुनाले तिनीहरूले ऐतिहासिक रूपले वञ्चितिकरणमा पारिएका समूहहरूको सहभागितामा वृद्धि गर्न लक्षित हस्तक्षेपहरू वा कदमहरूको विकास गर्न निर्वाचन व्यवस्थापन निकायहरूलाई एउटा स्पष्ट अधिकार प्रदान गर्दछ ।

### युवाका लागि आरक्षण वा कोटा

धेरै देशहरूले युवाहरूको सहभागिता वृद्धि गर्नका लागि आरक्षण वा कोटाको व्यवस्था शुरू गरेका छन् । केन्या, मोरक्को, पेरू, रूवान्डा, श्रीलंका, ट्युनिसिया र युगान्डा लगायतका देशहरूले युवाहरूको सहभागितामा वृद्धि गर्नका लागि कुनै न कुनै प्रकारको आरक्षण वा कोटाको व्यवस्था गरेका छन् ।

आजभोलि खासगरि तीन प्रकारका कोटा वा आरक्षण[38] प्रयोग गरिन्छ :

- आरक्षित सीट (संवैधानिक र/वा कानुनी)
- कानुनी उमेद्वार कोटा (संवैधानिक र/वा कानुनी)
- राजनीतिक दल कोटा (स्वेच्छिक)

#### आरक्षित सीट

युवाहरूका लागि आरक्षित सीटले उनीहरूको निश्चित अनुपात पाउनेहरु निर्वाचित हुन्छन् भन्ने कुराको सुनिश्चित गर्दछ । संविधान वा देशको कानुनमै आरक्षित सीटको व्यवस्था गरिएको हुनाले युवाहरूको प्रतिनिधित्वमा बलियो प्रभाव पर्दछ । युवाहरूको लागि आरक्षित सीटको व्यवस्था भएका देशहरूमा केन्यामा[39] १२ जना सदस्यहरू राजनीतिक दलहरूद्वारा युवा सहितका विशेष समूहहरूलाई प्रतिनिधित्व गराउनका लागि नियुक्त गरिन्छ; युगान्डामा[40] एक जना अनिवार्य महिला सहित पाँच सीट ३० बर्षभन्दा कम उमेरका व्यक्तिहरूका लागि र रूवान्डा[41] संसद्को दुईजना राष्ट्रिय युवा परिषद्द्वारा निर्वाचित् हुने व्यवस्था छ ।

#### कानुनी उमेद्वार कोटा

युवा उमेद्वारका लागि संविधान वा कानुनमै कोटाको व्यवस्था भएका देशहरूमा, राजनीतिक दलहरू आफ्ना उमेद्वारका सूचीहरूमा न्युनतम सङ्ख्यामा युवाहरूलाई राख्न वाध्य हुन्छन् । यो व्यवस्थालाई धेरै देशहरूले अपनाएका छन् र युवाहरूलाई पार्टीहरूको उमेद्वारको सूचीमा कुन स्थानमा राखिन्छ भन्ने आधारमा यसका फरक फरक प्रभावहरू छन् । युवाहरूलाई चुनावी प्रणाली युवाहरूको प्रतिनिधित्व बढाउनका लागि प्रभावकारी हुन सक्छ । यदि युवाहरूलाई दलहरूको उमेद्वारको सूचीको अन्त्यमा राखिएमा संसद्मा युवाहरूको प्रतिनिधित्व वृद्धि गर्नका लागि यसको वास्तविक प्रभाव नपर्ने खतरा पनि रहन्छ ।

#### राजनीतिक दल कोटा

युवाहरूका लागि आरक्षित सीट वा उमेद्वारको सूचीमा न्युनतम युवाहरूको सङ्ख्याको प्रत्याभुतिको व्यवस्था संविधानमा वा कानुनमा नभएका देशहरूमा आफ्ना उमेद्वारहरूको सूचीमा न्युनतम युवाहरूको प्रतिनिधित्व भएको छ भन्ने कुराको ग्यारेन्टी गर्न राजनीतिक दलहरूले ऐच्छिक कोटाको छनोट गर्दछन् । राजनीतिक दल कोटा राजनीतिक दलहरूको आन्तरिक नियमनको एक अंश भएको हुनाले निर्वाचन व्यवस्थापन निकायहरूद्वारा वाध्यात्मक रूपमा लागु गराउन सकिँदैन ।

## कानुनी उमेद्वार कोटा

निर्वाचन व्यवस्थापन निकायहरूले कानुनी रूपमा आवश्यक युवाहरूको न्युनतम सङ्ख्या पुरा नभएको उमेद्वारको सूची बुझ्न अस्विकार गरेर प्रभाव पार्न सक्छन् । कानुनी उमेद्वार कोटालाई विभिन्न देशहरूमा राजनीतिक दलहरूमा लागु गरिएको छ :



**पेरू**

राष्ट्रिय र क्षेत्रीय निर्वाचनमा ३० बर्षभन्दा कम उमेरका व्यक्तिहरूका लागि २०% कानुनी प्रावधान राखिएको छ ।

**इजिप्ट**

चारवटै निर्वाचन क्षेत्रहरूमा[42] न्युनतम १६ जना युवा उमेद्वारहरू दलको उमेद्वारको सूचीमा हुनुपर्ने

**श्रीलंका**

महिला र युवाहरूका लागि २५% कोटा

**ट्युनिसिया**

दलको उमेद्वारहरूको सूचीमा माथिल्ला चारजना उमेद्वारहरुमध्ये कम्तिमा एकजना ३५ बर्षमुनिको उमेद्वार हुनुपर्ने

*वयस्क नागरिकहरूको तुलनामा युवाहरूले मतदान गरेनन् ।

स्रोत : युवा राजनीतिक सहभागिताका बारेको २०१३ को फियास्को चिली यान्ड इन्टरनेशनल आइडिया प्रतिवेदन

यसको ऐच्छिक प्रकृतिको बावजुद राजनीतिक दलहरूले गरेका युवाहरूका लागि ऐच्छिक कोटाको व्यवस्था एकदम उत्साहजनक छ। यस्तो व्यवस्था भएका केही देशहरूमध्ये साइप्रसमा सामाजिक प्रजातन्त्रका लागि आन्दोलनले २०१० मा ३५ बर्षभन्दा मुनिका उमेद्‌वारहरूका लागि २० प्रतिशत कोटाको व्यवस्था गर्‍यो; निकारागुवामा राष्ट्रिय स्वाधिनताका लागि स्यान्डिनिस्टा फ्रन्टले २००२ देखि नै चुनावी सूची र दलको नेतृत्वमा पनि युवाहरूको लागि १५ प्रतिशत कोटाको व्यवस्था गरेको छ[43]।

- निर्वाचन व्यवस्थापन निकायहरूसँग विचार आदान प्रदान गर्दा सिकेका राम्रा सिकाइ र अभ्यासहरूद्वारा युवा कोटा प्रणाली बारेको बुझाइलाई बलियो बनाउनु
- संसद्‌मा युवाहरूको प्रतिनिधित्वलाई वृद्धि गर्नका लागि आरक्षित सीट र उमेद्‌वार कोटालाई संविधान वा निर्वाचन कानुनमा समावेश गर्नु
- सबै राजनीतिक दलहरूले युवा कोटालाई कानुन अनुसार पालना गरेका छन् भन्ने कुराको ग्यारेन्टी गर्न कानुनी रूपमा वाध्यात्मक युवा कोटालाई लागु गराउनु
- राजनीतिक दलहरूको आन्तरिक नियमनमा र युवा उमेद्‌वारहरूलाई निर्वाचित पदहरूमा पुर्‍याउन युवाहरूका लागि ऐच्छिक कोटा समावेश गराउनु



## मतदान गर्ने न्युनतम उमेरलाई कम गर्ने

धेरै देशहरूमा मतदान गर्ने न्युनतम उमेर १८ बर्ष छ ; यद्यपि बितेका १० वर्षमा धेरै देशमा मतदान गर्ने न्युनतम उमेरलाई १६ वा १७ मा झार्ने सम्भावनाका बारेमा छलफलहरू भइरहेका छन् ।

साधारणतया यसको पक्षमा भएका देश वा व्यक्तिहरू विद्यालयमा सबल नागरिक र मतदाता शिक्षा कार्यक्रम सँगसँगै मतदान गर्ने न्युनतम उमेर १६ बर्षमा झार्ने कुराले युवाहरूको राजनीतिक प्रतिनिधित्व वृद्धि गर्न सक्छ भनेर विश्वस्त छन् । यसको वकालत गर्ने व्यक्तिहरूले आफ्नो मतलाई बलियो बनाउन केही देशहरूमा १६ बर्षका व्यक्तिहरूले सामाजिक सञ्चार र घटनाहरूमा सहभागी हुने, काम गर्ने, कर तिर्ने, घर भाडामा लिनेदिने र सशस्त्र फौजमा भर्ती हुने व्यवस्थाको उदाहरण दिन्छन् । परिणामस्वरूप, समाजमा उनीहरूले पुर्‍याएको योगदानका कारणले उनीहरूलाई मतदान गर्न र आफ्नो जीवनलाई प्रभावित पार्ने निर्णयहरूलाई जवाफदेही बनाउन अधिकार दिइनुपर्दछ । मतदान गर्ने न्युनतम उमेरलाई १६ वा १७ बर्षमा झार्ने कुराको विरोध गर्नेहरूले उठाउने मुख्य तर्क युवाहरू जटिल राजनीतिक प्रक्रिया बुझ्नका लागि परिपक्व हुँदैनन् र उनीहरू आफ्ना अभिभावक वा अरू वयस्कहरूका दृष्टिकोणबाट प्रभावित हुने सम्भावना बलियो हुन्छ भन्ने हो ।

इथियोपिया, इन्डोनेसिया, सुडान र टिमोर-लेस्टेमा राष्ट्रिय निर्वाचनमा मतदान गर्ने न्युनतम उमेर १७ वर्ष छ । अर्जेन्टिना[44], अष्ट्रिया[45], ब्राजिल[46], क्युवा, इक्वेडर र निकारागुवाले राष्ट्रिय निर्वाचनमा मतदान गर्ने न्युनतम उमेर १६ बर्षमा झारेका छन् ।

२०१५ मा स्वतन्त्रताको लागि भएको स्कटिस जनमत सङ्ग्रहमा १६ र १७ बर्षका व्यक्तिहरूलाई पनि मतदान गर्ने अधिकार दिइयो। यसका समर्थकहरूले यो निर्णय सफल भएको ठान्छन् र विरोधीहरूको मुख्य तर्कलाई तथ्याङ्कले गलत साबित गरिदिन्छन्। तथ्याङ्कले देखाए अनुसार १६ र १७ बर्षका युवाहरू क) वयस्कहरूजत्तिकै राजनीतिमा इच्छुक थिए, ख) वास्तविक सवालहरूमा मतदानद्वारा र छलफलहरूमा राजनीतिसँग संलग्नता देखाए, ग) अभिभावकहरूद्वारा धेरै प्रभावित थिएनन्, र घ) उनीहरूको राजनीतिक बुझाइ आफ्ना अभिभावकहरूको शैक्षिक पृष्ठभुमिसँग धेरै मात्रामा सम्बन्धित थियो भन्ने संकेत देखाएनन्। यस बाहेक, विद्यालयमा राजनीतिक सबालहरूमा छलफल गर्ने कुराले विद्यार्थीहरूको राजनीतिक आत्मविश्वासमा वृद्धि गर्‍यो र सर्वेक्षणमा संलग्न गराइएका युवाहरूमा जनमत सङ्ग्रहपछि राजनीतिक दलहरूको धेरै नै सकारात्मक प्रभाव थियो[47]।

## निर्वाचित हुन आवश्यक न्युनतम उमेर कम गर्ने

मतदान गर्ने उमेरका हकमा देशहरूका बिचमा त्यति धेरै फरक नभए पनि उमेद्वार हुने उमेरमा भने एकदम फरक छ। अन्तर संसद् युनियनद्वारा[48] २०१४ मा गरिएको एउटा अध्ययनले धेरै देशहरूमा नागरिकहरूले मतदान गर्ने अधिकार पाइसकेपछि पनि संसद्मा उमेद्वार बन्न योग्य हुनका लागि धेरै बर्ष कुर्नुपर्दछ - प्रायः २१ वा २५ बर्ष तर केही देशहरूमा ३५ वा अझै ४० बर्षसम्म पनि कुर्नुपर्ने निष्कर्ष निकालेको छ। यस्ता मापदण्ड वा शर्तहरूले धेरै युवा जनसङ्ख्या भएका देशहरूमा युवा मतदाता र राजनीतिक नेताहरूको बिचमा ठूलो खाडल सिर्जना गरेको छ। उदाहरणका लागि जिम्बाबेमा २०१२ को जनगणना अनुसार युवाहरूको जनसङ्ख्या एकदम ठूलो छ : २० प्रतिशत जनसङ्ख्या १५ देखि २४[49] बर्षका व्यक्तिहरूको छ तर युवाहरू ४० बर्ष नभएसम्म उमेद्वार हुन योग्य हुँदैनन्।

मतदाता र राजनीतिक उमेद्वारहरूका बीचका यस्ता उमेरका खाडलका परिणामहरू खास गरि निम्न लिखित हुन्छन्, अन्यका साथसाथै :

- युवा मत युवाहरूको उच्च प्रतिनिधित्व तर्फ जाँदैन;
- युवाहरू र राजनीतिक संस्थाहरूबिचको विश्वासको खाडल अझ गहिरो हुँदै जान्छ;
- सहभागिताले कुनै फरक पार्ने छैन भन्ने बुझाइ विकास हुन्छ; र
- निर्वाचित नेताहरू युवा मतदाताहरूप्रति कम जवाफदेही हुन्छन्।

उमेरको खाडललाई युवा सहभागिता वृद्धिको लागि एउटा महत्वपूर्ण अवरोधको रूपमा बुझेर धेरै देशहरूले निर्वाचित हुन आवश्यक न्युनतम उमेर घटाउन पुनर्विचार गर्दैछन्। उदाहरणका लागि अष्ट्रिया, बेल्जियम, प्रजातान्त्रिक गणतन्त्र कंगो, फ्रान्स र केन्या जस्ता देशहरूले उमेद्वार बन्नका लागि आवश्यक न्युनतम उमेर घटाएका छन्।

.

**७३%** देशमा मतदान गर्न

योग्य युवाहरूलाई पनि

उमेद्वार बन्न रोक लगाइन्छ

### इजिप्ट

चारवटै निर्वाचन क्षेत्रहरूमा[42]
न्युनतम १६ जना युवा
उमेद्वारहरू दलको उमेद्वारको
सूचीमा हुन्छन् ।

### श्रीलंका

महिला र युवाहरूका लागि २५% कोटा छुट्याइएको हुन्छ

### ट्युनिसिया

दलका उमेद्वारहरूको सूचीमा माथिल्ला
चारजना उमेद्वारमध्ये कम्तिमा एकजना
३५ बर्ष मुनिको उमेद्वार हुनुपर्ने



**५१%**

विश्वको जनसङ्ख्या ३० बर्ष
मुनिको छ



**२%**

विश्वका विधायकहरू
३० बर्ष मुनिका छन्



**७३%**

देशमा मतदान गर्न योग्य
युवाहरूलाई पनि उमेद्वार बन्न
रोक लगाइन्छ





स्रोत: http://www.nottooyoungtorun.org/

सबै देशहरूमा निर्वाचन प्रक्रियामा नगद रकमले महत्वपूर्ण भुमिका खेल्छ। रकम बिना धेरै जसो देशहरूमा राजनीतिक दलहरूलाई जनतासम्म पुग्न र आफ्ना घोषणापत्रका बारेमा उनीहरूलाई सुसूचित गर्न तथा जनताहरूलाई मतदाता नामावलीमा नाम दर्ता र मतदान गर्नका लागि प्रेरित गर्न एकदम गाह्रो हुन्छ।

विश्वसनीय र पारदर्शी निर्वाचन आयोजना गर्न पैसा आफैमा विवादास्पद कुरा होइन। पैसा तबमात्र समस्या बन्छ वा खराब हुन्छ जब उमेद्वारी र चुनाव प्रचारको खर्च उच्च हुन्छ जसले धनी व्यक्ति र संगठनहरूको सहभागितालाई सजिलो पार्छ र अरुलाई सिमा लगाइदिन्छ, जब आर्थिक अभियानमा महिलाको समानुपातिक पहुँचमा सांस्कृतिक र सामाजिक अवरोधहरूले समस्या सिर्जना गर्दछन्, जब त्यहाँ राजनीतिक दल र उमेद्वारहरूको चन्दा र खर्चको नियमन र नियन्त्रण गर्न कानुनी ढाँचा वा विधिहरू व्यवहारमा छैनन् र जब राजनीतिक दलहरूलाई भ्रष्टाचारले ग्रस्त पारेको छ। यी अवस्थाहरूमा पैसाले असमान प्रतिस्पर्धा सिर्जना गर्दछ र प्रजातन्त्रलाई नै अवमूल्यन गर्दछ।

**युवाहरूका लागि राज्यले सहुलियत दिने घोषणा गर्ने**

राजनीतिक क्रियाकलापहरूका लागि निश्चित रकमको खाँचो पर्ने कुरालाई बुझेर प्रतिस्पर्धालाई समान बनाउन र राजनीतिक बहुलतालाई प्रोत्साहन गर्न धेरै देशहरूले राज्यको सहुलियतको शुरूवात गरेका छन्। विशेष क्रियाकलाप र लक्षित समूहलाई सहुलियतको घोषणा गर्नु नयाँ होइन र राजनीतिक संस्थाहरूमा न्युन प्रतिनिधित्व भएका समूहहरूको प्रतिनिधित्वलाई प्रबर्द्धन गर्न धेरै देशहरूले यस्तो अभ्यास गरिरहेका छन्। आयरल्यान्ड र केन्या जस्ता थोरै देशहरूले मात्र राजनीतिक दलहरूको कोषको केही भाग युवाहरूको प्रतिनिधित्वलाई वृद्धि गर्न प्रयोग गर्नुपर्ने कानुन बनाउने मस्यौदा गरेका छन्। राजनीतिक दलहरूले राज्यको सहुलियतको नियमनलाई सम्मान गर्दछन् भन्ने कुराको ग्यारेन्टी गर्न क) राजनीतिक दलहरूद्वारा गरिएका खर्च र क्रियाकलापहरू रूजु गर्न र ख) नियम अनुसार नगर्ने राजनीतिक दलहरूलाई आर्थिक अनुशासनको सजायँ गर्न विधिहरू हुनु आवश्यक छ।

केन्यामा, राजनीतिक दल ऐन २०११ को धारा २६ अनुसार, प्रत्यक्ष प्रदान गरिएको सार्वजनिक कोषको कम्तिमा ३० प्रतिशत रकम ‟संसद् र प्रदेश सभा मा महिला, अपाङ्गता भएका व्यक्ति, युवा, जातिय र अन्य अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वको प्रबर्द्धनमा”[50] खर्च गर्नुपर्दछ।

आयरल्यान्डमा, निर्वाचन ऐन १९९७ (संशोधित) को भाग १८ अनुसार ‟ठूला दलहरूले प्राप्त गरेको कोष आफ्ना महिला र युवाहरूको प्रतिनिधित्वलाई प्रबर्द्धन गर्ने राजनीतिक क्रियाकलापहरूमा पनि खर्च गर्न सक्छन्। सार्वजनिक कोषलाई शोधभर्ना, निर्वाचन र जनमत सङ्ग्रहमा भएका खर्चहरूका लागि प्रयोग गर्न भने पाइँदैन।”[51]

## चन्दा र खर्च

धेरै देशहरूमा राजनीतिक क्षेत्र धनी व्यक्ति र समूहद्वारा नियन्त्रित हुँदैछ । निर्वाचनमा भाग लिन जतिसुकै इच्छा गरे पनि उच्च खर्चले न्युन आर्थिक अवस्था भएका युवाहरूलाई निर्वाचनमा भाग लिने अवसरबाट वञ्चित गराउँछ । समाजका सबै क्षेत्रका (महिला, आदिवासि, अल्पसङ्ख्यक) युवाहरूको निर्वाचनमा अभियानहरूका लागि आर्थिक स्रोतमा पहुँच छ भन्ने कुराको ग्यारेन्टी गर्न चन्दा र खर्चहरूको तत्कालै उचित नियमन गर्नु पर्दछ । अन्यथा, धनाढ्य र स्थापित राजनीतिक परिवारका युवा वा अन्य व्यक्तिहरूमा शक्ति र पहुँच सिमित हुन्छ ।

चन्दा र राजनीतिक दलहरूको खर्चका सन्दर्भमा कमजोर कानुनी व्यवस्था धेरै अवरोधहरूमध्ये एक हो । केही देशहरूमा अभियानका दौरान राज्य र सरकारका स्रोतहरू शासनमा भएका व्यक्ति वा समूहले आफ्नो फाइदाको लागि प्रणालीगत हिसाबले प्रयोग गर्छन् । यसले प्रतिपक्षी दल, उमेद्वार र युवाहरू जो शासनमा भएका दल वा उमेद्वारहरूसँग आबद्ध छैनन्, उनीहरूलाई कमजोर बनाउने कुरा प्रष्ट पार्दछ ।

## कानुन लागु गर्ने : रूजु गर्ने र कार्वाही गर्ने

बलियो राजनीतिक वित्त नियमनका बावजुद धेरै देशहरूमा आर्थिक वा वित्तिय प्रतिवेदनहरूको संकलन, छानविन र सार्वजनिक गरेर कानुनलाई लागु गर्ने र उल्लंघन वा दुरूपयोगलाई निरुत्साहित गर्ने विधिहरूको अभाव हुन्छ । राजनितिक दलहरूको चन्दा र खर्चको अनुसन्धान गर्ने र दलहरूलाई जवाफदेही बनाउने विधिहरूको अभावमा उनीहरूलाई कानुन पालना नगरेकोमा कार्वाही हुने सम्भावना छैन । तथापि यो प्रष्ट सहसम्बन्धका बावजुद २५ प्रतिशत देशहरूकालागि २०१२ को प्रतिवेदन बनाउन गरिएको अनुसन्धानमा तथ्याङ्क उपलब्ध थिए । उनीहरूले पनि कुनै निकायहरूलाई वित्तिय प्रतिवेदनको परीक्षण गर्न वा राजनीतिक वित्तीय कानुन उल्लंघनको अनुसन्धान गर्न बाध्य पार्ने नियमनहरूको अभाव थियो[52] ।

TIPS

- राज्यद्वारा दिइएका सहुलियतलाई युवाहरूको राजनीतिक सहभागितामा वृद्धि गर्ने कुरासँग जोड्ने
- राज्यद्वारा दिइएका सबै सहुलियतको छानविन गर्ने र सान्दर्भिक सूचनाहरूलाई विस्तृतरूपमा जनताहरूसँग आदान प्रदान गर्ने । पारदर्शिता बृद्धि ती सूचनाहरूलाई इन्टरनेटमा प्रकाशन गर्नु राम्रो अभ्यास हो ।
- कानुनको कार्यान्वयन गरेर र आर्थिक प्रतिवेदनहरू र चन्दादाताहरूको सूची संकलन गरेर, तिनीहरूलाई रूजु गरेर, सार्वजनिक गरेर र कानुन उल्लंघन भएको अवस्थामा निर्वाचनको विश्वसनियता र पारदर्शितामा सुधार गर्ने प्रयासका रूपमा तिनीहरूलाई खुल्ला र तुरून्त कार्वाही गरेर वित्तिय पारदर्शितामा वृद्धि गर्ने
- भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्र संघ महासन्धि (युइनसिएसी, धारा १७)[53] अनुसार निर्वाचनका दौरान सुरक्षा र प्रशासनिक निकाय लगायतका राज्यको स्रोतहरूको दुरूपयोगका विरूद्ध कार्वाही गर्न प्रभावकारी विधिहरू व्यवहारमा रहेको कुराको ग्यारेन्टी गर्ने
- उमेद्वारका लागि शुल्क घटाउने उपायहरूको खोजी गर्ने र युवा तथा अन्य व्यक्तिहरूका लागि निर्वाचन वा उमेद्वार बन्न लाग्ने आर्थिक बोझमा कमी ल्याउने
- युवाहरूलाई सुहाउँदो राजनीतिक कोष वृद्धि/आर्थिक व्यवस्थापनका बारेमा शिक्षित बनाउने

# NOTES OF CHAPTER 3




33. For a detailed list of proposed global indicators for the 12 targets under SDG 16, EMBs can consult the website of the UN Statistical Commission at http://unstats.un.org/unsd/statcom.

34. The International Covenant on Civil and Political Rights specifies in Article 25 everyone's "right and the opportunity, without any of the distinctions mentioned in article 2 and without unreasonable restrictions: (a) To take part in the conduct of public affairs, directly or through freely chosen representatives; (b) To vote and to be elected at genuine periodic elections which shall be by universal and equal suffrage and shall be held by secret ballot, guaranteeing the free expression of the will of the electors", https://treaties.un.org/doc/Publication/UNTS/Volume%20999/volume-999-I-14668-English.pdf.

35. African Union, African Youth Charter, 2016, www.au.int/en/treaties/african-youth-charter.

36. European Commission, 'An EU Strategy for Youth — Investing and Empowering: A Renewed Open Method of Coordination to Address Youth Challenges and Opportunities', 2009, eur-lex.europa.eu/LexUriServ/LexUriServ.do?uri=COM:2009:0200:FIN:EN:PDF.

37. UNDP, 'Guidance Note on Constitution-Making Support', 2015, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/parliamentary_development/GuidanceNote_ConstitutionMakingSupport.html.

38. Quota Project, 'About Quotas', www.quotaproject.org/aboutQuotas.cfm.

39. Quota Project, 'Kenya', www.quotaproject.org/country/kenya.

40. Quota Project, 'Uganda', www.quotaproject.org/country/uganda.

41. Quota Project, 'Rwanda', www.quotaproject.org/country/rwanda.

42. IPU, 'Youth Participation in National Parliaments', 2014, www.ipu.org/pdf/publications/youth_en.pdf.

43. ibid.

44. Voting is obligatory in Argentina for people aged 18 to 70, but since 2012 it has been optional for those aged 16 and 17.

45. In 2007, Austria becomes the first country in the European Union to grant its 16-year olds the right to vote in a general election.

46. Brazil's minimum voting age was lowered to 16 from 18 in its 1988 constitution. The presidential election of 1989 was the first with the new minimum voting age. People between the ages 18 and 70 are required to vote.

47. Deželan, Tomaž, ' 'Young People and Democratic Life in Europe: What Next After the 2014 European Elections?', European Youth Forum, 2015, www.youthup.eu/app/uploads/2015/11/YFJ_YoungPeopleAndDemocraticLifeInEurope_B1_web-9e4bd8be22.pdf.

# NOTES OF CHAPTER 3

48. IPU, 'Youth Participation in National Parliaments', 2014, www.ipu.org/pdf/publications/youth_en.pdf.
49. United Nations Children's Fund (UNICEF), 'Descriptive Child and Youth Equity Atlas: Zimbabwe', June 2015, www.unicef.org/zimbabwe/Descriptive_Child_and_Youth_Equity_Atlas_-_Zimbabwe_2015.pdf.
50. National Council for Law Reporting, 'Laws of Kenya: The Political Parties Act, 2011', http://kenyalaw.org/kl/fileadmin/pdfdownloads/Acts/PoliticalPartiesAct.pdf.
51. International IDEA database, http://www.idea.int/data-tools/data/political-finance-database
52. International IDEA, 'Political Finance Regulations Around the World: An Overview of the International IDEA Database', 2012, www.idea.int/publications/political-finance-regulations/loader.cfm?csModule=security/getfile&pageid=52121.
53. United Nations Office on Drugs and Crime, 'United Nations Convention against Corruption (UNCAC)', 2004, www.unodc.org/documents/treaties/UNCAC/Publications/Convention/08-50026_E.pdf.



नेपालः निर्वाचन सहयोग कार्यक्रम

© युएनडिपी

# अध्याय ४



> “दिगो विकास लक्ष्य १६, लक्ष्य १० :
>
> राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौताहरूका आधारमा सूचनामा सार्वजनिक पहुँच र सार्वभौम अधिकारको संरक्षणको सुनिश्चित गर्ने

## सशक्तिकरण गर्ने

यो अध्यायमा युवाहरूलाई निर्वाचन प्रक्रियामा रूची राख्ने र सहभागी हुने नागरिक बनाउन निर्वाचन व्यवस्थापन निकायहरूका लागि एउटा उपाय खोजी गरिन्छ ।

### निर्वाचन व्यवस्थापन निकायहरूको मतदाता एवं नागरिक शिक्षा

निर्वाचन व्यवस्थापन निकायहरूको नागरिक र मतदाता शिक्षाका माध्यमद्वारा दिगो विकास लक्ष्य १६.१० हासिल गर्न निर्वाचन व्यवस्थापन निकायहरूको भुमिका एकदम महत्वपूर्ण हुन्छ । निर्वाचन प्रक्रियाहरूमा युवा लगायतका सबै नागरिकहरूको अर्थपूर्ण रूपमा सहभागी हुन र राम्रो छनोट गर्नका लागि ज्ञान र सूचनाको अधिकार हुन्छ । निर्वाचन व्यवस्थापन निकायहरूको रूपमा रहेको मतदाता र नागरिक शिक्षा कार्यक्रममा युवा संगठन, विद्यालय र राजनीतिक संस्थाहरूहरूसँग वृहतर साझेदारी गनुपर्दछ र युवाहरूको ज्ञान र क्षमता विकासका लागि नवीन तरिकाहरू पत्ता लगाउनुपर्दछ ।

”

प्रजातन्त्रको अवधारणाका बारेमा बताउन र निर्वाचनले युवाहरूका लागि के अर्थ राख्छ भन्ने कुराको व्याख्या गर्न जोड दिइनुपर्दछ। निर्वाचन व्यवस्थापन निकायले मतदाता र नागरिक शिक्षा कार्यक्रममा निम्न सन्देशहरू समावेश गराउन विचार गर्नुपर्दछ :

- प्रजातन्त्रका लागि निर्वाचन आधारभूत कुरा हो
- निर्वाचनले एउटा प्रतिनिधिमुलक सरकारको स्थापना गर्दछ र निर्वाचित व्यक्ति वा पदाधिकारीहरूको जवाफदेहिता सुनिश्चित गर्दछ
- **तपाईंको मत महत्वपूर्ण छ !** निर्वाचन जिते पछि वा हारेपछि निर्वाचित दल वा प्रतिनिधिका कामहरूलाई प्रभावित गर्न प्रत्येक व्यक्तिको मतको भार हुन्छ।
- **गोप्य मतदान प्रत्येक मतदाताको अधिकार हो !** कुनै पनि प्रकारको डर त्रास वा धम्कीलाई सहनु हुँदैन र सम्पूर्ण परिवारका तर्फबाट एकजनाले मतदान गर्ने खालको पारिवारिक मतदान जसमा एक जनाले अरू सदस्यहरूलाई उसले रोजेको निश्चित उमेद्वारलाई मतदान गर्न दवाव दिन्छ, यस्तो मतदान स्विकार गरिँदैन।

युवाहरूको एउटै समूह नभएको हुनाले निर्वाचन व्यवस्थापन निकायहरूमा मतदान प्रक्रियासँग सम्बन्धित विभिन्न उपसमूहहरूका विशेष अवरोधहरूलाई ध्यान दिँदै लोकप्रिय युवाहरूलाई निर्वाचनका दूतका रूपमा नियुक्त गर्न सकिन्छ। लक्षित नगरिएका क्रियाकलापहरूले विशेष उपसमूहहरूलाई विभेदीकरणमा पार्न सक्छन् र समावेशी निर्वाचन सहभागिताका प्रयत्नहरूलाई अवमूल्यन गर्न सक्छन्। उदाहरणका लागि, सूचना र सञ्चार प्रविधिमा आधारित मतदाता शिक्षा अभियानहरूले अशिक्षित र इन्टरनेटको पहँच नभएका क्षेत्रहरूमा बसोबास गर्ने युवाहरूलाई प्रायः विभेदीकरणमा पार्छन्।

### युवा महिलाहरूलाई लक्षित गर्ने

धेरै समाजमा महिलाको सशक्तिकरणको आवश्यकताका आधारमा निर्वाचन व्यवस्थापन निकायहरूले युवा महिलाहरूसम्म पुग्नका लागि र महिला सहभागिताका विद्यमान अवरोधहरूलाई हटाउनका लागि रणनीति र लक्षित क्रियाकलापहरूमा पुनर्विचार गर्नुपर्दछ।

मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा महिलाहरूले पुरूषका तुलनामा थप अवरोधहरूको सामना गर्दछन् भन्ने तथ्यलाई ख्याल गर्नुपर्दछ। त्यसकारण मतदाता शिक्षा अभियानहरूले महिलालाई उनीहरूको मतको महत्व र समाजका समान अधिकार प्राप्त सदस्यका हैसियतमा मतदान गर्ने अधिकारका बारेमा बुझाउन जोड दिनुपर्दछ। युएनडिपी र संयुक्त राष्ट्र संघ महिलाद्वारा[54] सँगै तयार पारिएको कागजातमा यो कुरालाई यसरी राखिएको छ :

*लैङ्गिक समानताका आधारमा युवा महिला मतदाताहरूलाई मतदान बिलकुल गोप्य हुन्छ भनेर बताउन एकदम महत्वपूर्ण हुन्छ। सार्वजनिक गरिएका सन्देश र तस्विरहरूमा पनि महिलाहरूलाई मतदाता, उमेद्वार र निर्वाचन कर्मचारीका रूपमा सक्रिय भुमिकामा देखाइनु आवश्यक छ।*

## बहु सञ्चारका मञ्च र प्रविधिको प्रयोग गर्ने

### परम्परागत सञ्चारका माध्यम : टिभी र रेडियो

नयाँ आधुनिक र परिवर्तित सञ्चारका माध्यमले व्यापकता पाए पनि परम्परागत सञ्चारका माध्यम (टिभी, रेडियो र समाचारपत्र)हरू नै युवाहरूसँग पुग्ने महत्वपूर्ण माध्यम हुन् । धेरै देशहरूमा स्थानीय समुदायहरूमा, खास गरि दुर्गम क्षेत्रहरू जहाँ मानिसहरूको टिभी वा छपाइ/विद्युतीय सञ्चार माध्यममा कम पहुँच हुन्छ, त्यस्ता क्षेत्रहरूमा रेडियो सन्देशहरू अझै पनि एकदम लोकप्रिय र प्रभावकारी हुन्छन् ।

शहरी क्षेत्रहरूमा मतदाता शिक्षा कार्यक्रम, सूचना र सचेतना कार्यक्रमहरू विभिन्न टिभी च्यानलमार्फत् प्रसारण गर्न सकिन्छ । विश्वका खास भागहरूमा टिभी नाटक वा कथाहरू लगायत टिभी कार्यक्रम एकदमै लोकप्रिय छन् र त्यसकारण तिनले सन्देश प्रवाहका लागि एउटा उत्कृष्ट तरिका वा उपाय प्रदान गर्दछन् ।

प्यालेस्टाइनमा रियालिटी शो 'द प्रसिडेन्ट' ले दर्शकहरू र निर्णायकको एउटा समूहलाई आगामी राष्ट्रपतिका उमेद्वार बनून् भनेर उनीहरूले चाहेको एउटा उमेद्वारको छनोट गर्न लगाउँछ । यो कार्यक्रम प्यालेस्टिनी दर्शकलाई प्रजातान्त्रिक मूल्य मान्यताहरूको प्रबर्द्धन गर्न र नागरिकहरूलाई प्रजातान्त्रिक प्रक्रियामा संलग्न गराउनका लागि डिजाइन गरिएका हो ।

- युवाहरूलाई सचेतना अभियानहरू सञ्चालन गर्न संलग्न गराउने । उदाहरणका लागि निर्वाचन व्यवस्थापन निकायको एउटा मतदाता शिक्षा युनिटले युवाहरूको लागि टिभी र रेडियो शो बनाउने र जितको अभियानलाई कार्यान्वयन गर्ने प्रतियोगिताको आयोजना गर्न सक्छ ।
- युवाहरूलाई निर्वाचनका बारेमा सचेत बनाउन, उनीहरूलाई निर्वाचन प्रक्रियाका बारेमा परिचित गराउन, मतदान गर्न अभिप्रेरित गर्नका लागि निर्वाचन पूर्व, निर्वाचनका दौरान र निर्वाचन पछि पनि टिभी र रेडियो प्रसारणमार्फत् नियमित कार्यक्रम बनाउने । ती कार्यक्रमहरूले प्रजातान्त्रिक मुल्य मान्यताहरू, संविधानहरू, क्षेत्रीय, राष्ट्रिय र स्थानीय संस्थाहरूको भुमिका र संरचना, मतदाता दर्ता निर्वाचन र निर्वाचनसँग सम्बन्धित हिंसाको रोकथामका विधिहरू जस्ता विभिन्न शीर्षकहरू समेट्न सक्छन्
- सञ्चार माध्यमहरूसँग लैङ्गिक चेतनाका कार्यक्रमहरूमा संलग्न हुने ; लैङ्गिक संवेदनशील सन्देशहरूमा ध्यान दिने र युवा महिलाहरूलाई मतदाता, निर्वाचन अधिकारी र राजनीतिक नेता जस्ता सक्रिय र सहभागितामुलक भुमिकामा प्रस्तुत गर्ने र विद्यमान लैङ्गिकताका हिसाबले विभेदकारी धारणाहरूलाई बढावा दिन छाड्ने

### युवाहरूलाई सशक्तिकरण गर्न सूचना, सञ्चार र प्रविधि

परम्परागत सञ्चार माध्यमहरूमा उनीहरूका आवाजहरूलाई सुन्न अवरोधहरू सामना गरेका कारणले युवाहरूले तिनीहरूलाई वेवास्ता गर्दैछन् । अहिले परिवर्तनका लागि संगठित हुन, उनीहरूका राजनीतिक धारणाहरूलाई सार्वजनिक गर्न र यसका लागि सहयोग परिचालन गर्न विश्व भरिका युवाहरूले सूचना, सञ्चार र प्रविधिका साधनहरू र मञ्चको प्रयोग गरिरहेका छन् । उनीहरूले अझ बढी प्रत्यक्ष र अन्तरक्रियात्मक सञ्चारका साधनहरू जस्तैः फेसबुक ट्विटर, लेखेका सन्देश, प्रबर्द्धनात्मक भिडियो, आवाज वा भिडियो रेकर्ड, ब्लग जस्ता माध्यमको प्रयोगले सञ्चारमा मध्यस्थकर्ताको भूनिकालाई हटाउने तरिकाहरू अवलम्बन गरेका छन् जसले गर्दा युवाहरू समाचार बनाउने कर्ताहरू भएका छन् ।

युवाहरूका यी रूची र शैलीहरूले निर्वाचन व्यवस्थापन निकायहरूले युवाहरूलाई निर्वाचनमा सहभागी गराउनका लागि प्रोत्साहन गर्न र उनीहरूसँग सुहाउँदो तरिकाले पुग्नका लागि सूचना, सञ्चार र प्रविधिको क्षमतालाई किन प्रयोग गर्नुपर्दछ भन्ने बारेमा स्पष्ट पार्छन् ।

## सामाजिक सञ्चार माध्यम

निर्वाचन व्यवस्थापन निकायहरूले खास गरि युवा मतदाताहरू सक्रिय हुने सामाजिक सञ्चार माध्यमहरू जस्तैः फेसबुक, ट्विटर,, इन्स्टाग्राम, युट्युब, बाम्बुसर, भिमियो, ब्लग, फ्लिकर लिंकेडन र गुगल मार्फत् आफ्ना सूचनाहरू दिनुपर्दछ। युवा मतदाताहरूलाई निर्वाचनका प्रक्रियाहरूमा संलग्न बनाउनका लागि उच्च तहमा लक्षित विधिहरूको आवश्यकता पर्दछ। सामाजिक सञ्चार माध्यममा युवाहरूको संलग्नताको स्तर र तहलाई ध्यान दिँदै, यी अवसरहरूले युवाहरूलाई निर्वाचनका सबै पक्षहरूका बारेमा सही समयमा जानकारी दिनका लागि अति महत्वपूर्ण र प्रभावकारी बन्ने क्षमता राख्छन्।

अहिलेसम्म निर्वाचन व्यवस्थापन निकायहरूको सामाजिक सञ्चार माध्यममा र उनीहरूका अनलाइन समर्थकहरूसँगको संलग्नता एकदम न्युन छ। २०१३ मा इन्टरनेशनल आइडियाद्वारा सञ्चालित एउटा सर्वेक्षणले १७२ वटा देश र क्षेत्रहरूमध्ये ५५ निर्वाचन व्यवस्थापन निकायहरू (३१.९ प्रतिशत) सँग मात्र  फेसबुक पेज थियो भन्ने देखायो। यी ५५ मध्ये ४९ले फेसबुकमा हालैका कुनै न कुनै क्रियाकलाप देखाए। ट्विटरको प्रयोग गर्ने निर्वाचन व्यवस्थापन निकायहरूको सङ्ख्या ४७ (२७ प्रतिशत) थियो। ट्विटर समर्थकको सङ्ख्या उच्चमा २५०,११७  देखि न्युनमा दुई जना मात्र[56] पनि थियो।

धेरै निर्वाचन व्यवस्थापन निकायहरूले युवाहरूसम्म पुग्नका लागि सामाजिक सञ्चार माध्यमको महत्वपूर्ण भुमिकालाई स्विकार गर्दै डिजिटल संसारद्वारा प्रदान गरिएका अवसरहरूको उपयोग गर्न शुरू गर्दैछन्। उनीहरूले के कुरा पत्ता लगाए भने सामाजिक सञ्चार माध्यम रणनीतिहरूको विकास र कार्यांवयन गर्न समय खर्च लाग्ने हुन्छ र विभिन्न सामाजिक सञ्चार माध्यमका मञ्चहरूसँग परिचित भएका र राम्रो सञ्चार सीप भएका कर्मचारीको आवश्यकता पर्दछ। सामाजिक सञ्चार माध्यम प्रतिस्पर्धात्मक वातावरण भएकाले र धेरै निर्वाचन व्यवस्थापन निकायहरूले सामाजिक सञ्चार माध्यमहरूको प्रयोग गर्न भर्खरै शुरू गरेका कारणले उनीहरूलाई बलियो सामाजिक सञ्चार माध्यम अभियानको विकास गर्न सघाउन युवा सामाजिक सञ्चार माध्यम विज्ञहरूको आवश्यकता पर्दछ भन्ने कुरा मुनासिव छ। तल दिइएका उदाहरणमा देखाइएजस्तो सफल अनलाइन अभियानहरूले आफ्ना सन्देशहरू सबैतिर पुर्‍याउन विभिन्न मञ्चहरूको प्रयोग गर्दछन्।

---

२०१४ को निर्वाचनको दौरान दक्षिण अफ्रिकाको स्वतन्त्र निर्वाचन आयोग (आइइसी) ले युवाहरूको मतदाता दर्ता, निर्वाचन सहभागिता र संलग्नतामा प्रोत्साहन गर्नका लागि आइएक्स्एस्ए (ँमैले दक्षिण अफ्रिकालाई मत हाल्छु') अभियान शुरू गर्‍यो। यो अभियान टिभी, रेडियो, इन्टरनेट सबैतिर शुरू गरियो। नायक नायिका र अरू नागरिकहरूलाई प्रस्तुत गरियो जसमा उनीहरूले मतदान गर्ने आफ्नो प्रतिबद्धताका बारेमा छलफल गरे। आयोगले फेसबुक, एमसित र ट्विटरमा युवाहरूसँग संलग्न हुनका लागि सामाजिक सञ्चार माध्यमका विषयबस्तु निर्माण गर्ने तीन जनाको एउटा समूह नियुक्त गर्‍यो। यो अभियानको पहिलो २४ घण्टामा आयोगको फेसबुक पेजलाई मन पराउने प्रयोगकर्ताको सङ्ख्या १,४०० बाट १०,००० पुग्यो। त्यस्तै पहिलो दश दिनमा आयोगको ट्विटर खातालाई १६०० जनाले फलो गरे। २०१५ को मार्चसम्ममा आयोगले यसको फेसबुक पेज र ट्विटर खातामा क्रमशः २२०,००० र ७०,००० समर्थकलाई आकर्षित् गरेको थियो[57]।

---

## संयुक्त अधिराज्य (युके)

सन् २०१६ मा फेसबुकसँग मिलेर निर्वाचन आयोगले युवाहरूलाई मतदाता दर्ताका प्रक्रियाका बारेमा जानकारी दियो

एक करोड पचास लाखभन्दा बढी मानिसहरूले फेसबुकमा मतदाताको लागि नाम दर्ता गर्न सम्झाउने सूचना वा संकेतहरू हेरे । मतदान भन्दा अगाडीको अन्तिम सातामा एक करोड मानिसहरूले मतदाताको लागि नाम दर्ता गराए

### #RegAFriend (#रजिस्टर्डअफ्रेन्ड)

अझ, २०१६ मा अनलाइन अभियान #RegAFriend शुरू गर्‍यो जुन अभियानले मानिसहरूलाई आफ्ना साथीहरूलाई नाम दर्ता गराउने अवसर प्रदान गरेको थियो ।

## दक्षिण अफ्रिका

स्वतन्त्र निर्वाचन आयोग -आइइसी) ले युवाहरूको मतदाता दर्ता, सहभागिता र संल्नतालाई प्रोत्साहन गर्नका लागि आइएक्स्एस्ए । मैले दक्षिण अफ्रिकालाई मत हाल्छु) अभियान शुरू गर्‍यो ।

म दक्षिण अफ्रिकालाई मत

यो अभियान टिभी, रेडियो, इन्टरनेट सबैतिर शुरू गरियो ।

२२०,००० समर्थक*

७०,००० समर्थक*

मार्च २०१५

मतदाताको सूचीमा युवाहरूको न्युन प्रतिनिधित्व र न्युन दर्ता प्रतिशतलाइ[58] देखेर संयुक्त अधिराज्यको निर्वाचन आयोग युवाहरूलाई मतदाताको नाम दर्ताका प्रक्रियाका बारेमा जानकारी दिन २०१६ मा फेसबुकसँग आबद्ध भयो। २०१५ मा दर्ताको अन्तिम मितिको एक हप्ता पहिले मतदान गर्नका लागि नाम दर्ता गर्न योग्य मानिसहरूको फेसबुकको समाचार जानकारीमा gov.ukportal का माध्यमबाट नाम दर्ता गर्न निर्देशन दिँदै एउटा पूर्वसूचना/सन्देश वा संकेत पठाइयो।

२०१५ को आम निर्वाचनको लागि मतदाताको नाम दर्ता गर्ने अन्तिम मिति अघि एक करोड पचास लाख मानिसहरूले एकै प्रकारको मतदाताको नाम दर्ता गर्ने पूर्वसन्देश देखे। यो प्रकारका लक्षित सन्देशहरूका कारणले मतदान गर्नभन्दा अगाडिको अन्तिम सातामा[59] एक करोड मानिसहरूले मतदाताको रूपमा नाम दर्ता गरे।

अर्को कुरा विद्यार्थीहरूको राष्ट्रिय युनियन (एन्युएस्) को सहकार्यमा निर्वाचन आयोगले २०१६ मा अनलाइन अभियान #RegAFriend शुरू गर्‍यो जुन अभियानले मानिसहरूलाई उनीहरूका साथीहरूलाई नाम दर्ता गराउने[60] अवसर दिन खोजेको थियो।

निर्वाचन व्यवस्थापन निकायहरूका लागि सामाजिक सञ्चार माध्यमका मञ्चहरूको प्रयोगले धेरै फाइदा पुर्‍याएको छ। यसले उनीहरूलाई निम्नलिखित कामहरू गर्न सहयोग गरेको छ :

- **नयाँ दर्शकहरूसँग संलग्न हुने :** सामाजिक सञ्चार माध्यमका मञ्चहरूको प्रयोग गरेर निर्वाचन व्यवस्थापन निकायहरू परम्परागत मतदाता शिक्षाका कार्यक्रमहरूद्वारा जोडिन नसकेका युवाहरूसँग सफलताका साथ जोडिन सक्छन्।
- **विद्यमान दर्शकहरूसँग प्रत्यक्ष पहुँच राख्ने :** उनीहरूले निर्वाचन व्यवस्थापन निकायहरूहरूद्वारा प्रदान गरिएका सूचनाहरूलाई आफ्ना आफ्ना सञ्जालहरूमा सधै चलिरहने र सधै फैलिइरहने प्रक्रियाका माध्यमले आदान प्रदान गर्न सक्छन्।
- **परदर्शिता र पहुँचमा वृद्धि गर्ने :** सामाजिक सञ्चार माध्यमले महत्वपूर्ण, सत्य र सामयिक सूचनालाई बिस्तार गर्ने र प्रश्न र अनुरोधहरूलाई औपचारिक र अनौपचारिक दुबै मञ्चमार्फत् समयमा नै सम्बोधन गर्ने निर्वाचन व्यवस्थापन निकायहरूको क्षमतामा वृद्धि गर्न सक्छ। यसका साथसाथै निर्वाचन व्यवस्थापन निकायहरूका सामाजिक सञ्चारका मञ्चहरूमा आदान प्रदान गरिएका जानकारीहरु धेरै दर्शकहरूसँग पुग्छन् र निर्वाचन प्रक्रियाको सूचना र पारदर्शिताको पहुँचमा वृद्धि पुराउन योगदान गर्दछन्।
- **दोहोरो अन्तरक्रिया गर्ने :** प्रयोगकर्ताहरूद्वारा सिर्जना गरिएका विषयवस्तु र सञ्चारका माध्यमद्वारा दोहोरो अन्तरक्रिया गर्न सकिन्छ जसले निर्वाचन व्यवस्थापन निकायहरूलाई मतदाताहरूसँग आफ्ना जानकारी आदान प्रदान गर्न मात्र नभई उनीहरूबाट तत्कालका जानकारीहरू हासिल गर्न पनि सहयोग गर्दछ।
- **खर्चलाई सदुपयोग गर्ने :** सामाजिक सञ्चार माध्यमको प्रयोगले खर्चमा मितव्ययिता आउँछ। सामाजिक सञ्जालको प्रयोग गरेर बचेको रकमलाई परम्परागत सञ्चार माध्यममा प्रचारप्रसार गर्न खर्च गर्नुभन्दा अन्य महत्वपूर्ण क्रियाकलापहरूमा खर्च गर्न सकिन्छ।

- अनलाइन युवा दर्शकलाई बुझ्ने र स्मार्ट सामाजिक सञ्चार अभियानहरूको विकास गर्ने । तपाईंको देशमा प्रायः कुन सामाजिक सञ्चार माध्यम प्रयोग गरिन्छ ? मतदाता शिक्षाका लागि कुन मञ्च सबभन्दा बढी सुहाउँदो हुन्छ ? युवाहरू कुन समयमा अनलाइनमा सक्रिय हुन्छन् ? अहिले चलिरहेका शिर्षकहरू के के हुन् ?
- निर्वाचनभन्दा पहिले नै एउटा सामाजिक सञ्चार माध्यम रणनीति राम्रोसँग विकास गर्ने
- सामाजिक सञ्चार अभियानको विकास गर्न र सामाजिक सञ्चारका विषयबस्तुहरूको विकास गर्ने विज्ञहरूसँग काम गर्नका लागि युवा सञ्चार विज्ञहरूलाई नियुक्त गर्ने र तालिम दिने
- सामाजिक सञ्चार नीति निर्देशिका र उनीहरूको निष्पक्षतामा सम्झौता गर्ने विषयबस्तुहरूलाई हटाउन अनुगमन विधिहरूको विकास गर्ने
- अन्य निर्वाचन व्यवस्थापन गर्ने निकायहरूसँग सामाजिक सञ्चार माध्यम रणनीतिहरूलाई सफलताका साथ कार्यान्वयन गरेका जानकारीहरू आदानप्रदान गर्ने । यो काम सामाजिक सञ्चार माध्यमको उपस्थितिलाई बलियो बनाउन खोज्ने निर्वाचन व्यवस्थापन गर्ने निकायहरूका लागि खास गरि महत्वपूर्ण हुन्छ
- सामाजिक सञ्चार अभियानका लागि जीवन्त र सकारात्मक सन्देशहरू बनाउने
- छिटो फैलिने अभियानहरूलाई प्रोत्साहित गर्ने- त्यस्ता अभियानहरू जो सामाजिक सञ्चार माध्यमका माध्यमबाट छिटो फैलन्छन् र जसले युवाहरूलाई निर्वाचनसँग सम्बद्ध सामग्रीहरूको आदान प्रदान गर्न प्रोत्साहित गर्दछन् ।
- प्रभावकारी भिडियो र चित्रहरू, जुन युवाहरूको समूहमा सजिलो गरि आदानप्रदान गर्न सकियोस्, त्यस्ता सामग्रीहरू संकलन गर्न प्रतियोगिता आयोजना गर्ने ,
- निर्वाचनलाई युवाहरूका लागि अझ बढी सान्दर्भिक बनाउन शुरूवाती विन्दु पत्ता लगाउने । युवाहरूको आफ्नो जीवन, साथी र परिवारको जीवनका मुख्य सवालहरूलाई प्रभाव पार्न युवा मतदाताहरूका चाहनालाई विकास गर्ने भाषाको प्रयोग गर्ने; उनीहरूको मतले फरक पार्न सक्छ र उनीहरूको मत जवाफदेही हुनेछ भनेर बुझाउने
- निर्वाचन प्रक्रियामा सञ्चारका अरू माध्यमहरूको पुरकको रूपमा सामाजिक सञ्चार माध्यमहरूको प्रयोग गर्ने किनकि सबै युवाहरूको सामाजिक सञ्चार माध्यममा पहुँच छैन[61] । यो प्रमाणलाई ख्याल गर्दै र महिला र पुरूषहरूसँग समान रूपमा पुगेको कुरा सुनिश्चित गर्न, निर्वाचन व्यवस्थापन गर्ने निकायहरूले उनीहरूको मतदाता शिक्षा अभियानहरूको प्रभावलाई वृद्धि गर्न नयाँ सञ्चार माध्यमहरूलाई परम्परागत सञ्चार माध्यमहरूसँग जोड्नुपर्दछ ।
- सामाजिक सञ्चार माध्यमका मञ्चहरूलाई होशियारीपूर्वक अनुगमन गर्ने र अनुपयुक्त विषयबस्तुहरूलाई हटाउने र सामाजिक सञ्चार माध्यम त्यस्तो ठाउँ हो जहाँ महिलाहरूले निर्वाचनका प्रक्रियाहरूका बारेमा निर्धक्कसँग आफ्ना विचारहरू व्यक्त गर्न सक्छन् भनेर सुनिश्चित गर्ने

## वेबसाइट, कम्प्युटर कार्यक्रम र खेलहरू

सामाजिक सञ्चार माध्यमका मञ्चहरू मतदाताहरूलाई छिटो सूचना वा जानकारी पठाउन र ताजा वा पछिल्लो समाचार र विकासका बारेमा सुसूचित गर्न प्रभावकारी र राम्रा विधिहरू हुन् । तथापि सामाजिक सञ्चार माध्यमका मञ्चहरूमार्फत् वितरण गरिने विषयबस्तुहरू सिमित छन् । त्यसैले सामाजिक सञ्चार माध्यमहरूको प्रयोग फाइदाजनक भए पनि सामाजिक सञ्चार माध्यम रणनीतिहरूलाई प्रयोगकर्तामैत्री वेबसाइटहरूको पूरकका रूपमा मात्र हेरिनुपर्दछ । ती वेबसाइटहरू निर्वाचन सम्बन्धी सूचनाहरूको लागि एकैठाउँको पसल जस्तै हुन् ।

आज धेरै सन्दर्भहरूमा- खासगरि विकासशील देशहरूमा- युवाहरूको टेबुल कम्प्युटर र ल्यापटप कम्प्युटरमा भन्दा स्मार्टफोनमा नियमित र सहज पहुँच भएको देखिन्छ ।  त्यसकारण निर्वाचन व्यवस्थापन निकायहरूले मोबाइल फोनमैत्री वेबसाइटहरूको विकास गर्नुपर्दछ जसका धेरै फाइदाहरू छन् :

- मोबाइल वेबसाइटहरू कुनै पनि साइजको स्क्रिनमा मिल्ने गरि अनि लेखलाई सजिलो गरि पढ्न मिल्ने र सञ्चार माध्यममा सजिलो गरि पहुँच हुने गरि डिजाइन गरिएका हुन्छन् ।
- मोबाइल वेबसाइटहरूले मोबाइलका स्थानीय यापको प्रयोगकर्ताहरूको अनुभवलाई नक्कल गरेका कारणले चलाउन सजिला हन्छन् ।
- मोबाइलको खोज्ने क्षमता राम्रो हुनाले मोबाइल वेबसाइटहरू पत्ता लगाउन सजिलो हुन्छन् (मोबाइलमा खोज्न नसकिने वा मोबाइलमैत्री नभएका वेबसाइटहरूलाई गुगलले नियन्त्रण गर्दछ) ।

मोबाइल वेबसाइटका धेरै फाइदाहरूका बावजुद निर्वाचन विशेष स्मार्टफोन एयाप वा कार्यक्रमहरू लोकप्रिय हुँदैछन् । मोबाइल याप कार्यक्रमको प्रमुख फाइदा भनेको तिनीहरूलाई इन्टरनेट सञ्जाल चाहिँदैन र प्रयोगकर्ताहरूले इन्टरनेट नभएको समयमा पनि विषयबस्तुमा पहुँच पुर्‍याउन र काम गर्न सक्छन् जुन ग्रामिण क्षेत्रमा बस्ने मानिसहरू खासगरि सिमित, अस्थिर इन्टरनेट सञ्जाल भएकाहरूको लागि यो महत्वपूर्ण हुन्छ । नाइजेरियाको स्वतन्त्र राष्ट्रिय निर्वाचन आयोगद्वारा विकास गरिएको MyINEC मोबाइल कार्यक्रमले स्वतन्त्र राष्ट्रिय निर्वाचन आयोगका सबै सूचनाहरूको लागि एकैठाउँको पसल जस्तै भएको छ । यो कार्यक्रमले यसको प्रयोगकर्ताहरूलाई उनीहरूको मोबाइल फोनको प्रयोग गरेर निर्वाचनसम्बद्ध समाचार जस्तैः उमेद्वार र राजनीतिक दलहरूबारेका[63] सूचनाहरूमा पहुँच पुर्‍याउन सक्षम बनाएको छ ।

अझ यापहरू अन्तरक्रियात्मक खेलका लागि पनि विकास गरिन्छन् । खेलहरू निर्वाचनलाई रमाइलो र अन्तरक्रियात्मक रूपमा प्रस्तुत गर्ने र पहिलो पटक मतदान गर्ने मतदाताहरूलाई निर्वाचनको प्रक्रियाका बारेमा परिचित गराउने एउटा सजिलो विशेषता हो । तथापि, राम्रा खेलहरूको विकास गर्नु खर्चिलो हुन्छ । पर्याप्त कोष भएमा निर्वाचन व्यवस्थापन निकायहरूले अन्तरक्रियात्मक खेलहरूको विकास गर्न बाहिरी सेवा पनि लिन सक्छन् वा अन्यत्र प्रयोग भइसकेका खेलहरू प्रयोग गर्न पनि सक्छन् ।

## मोबाइल सन्देशहरू

विकसित र विकासशील दुबै देशहरूमा मोबाइल फोनहरू सबैतिर उपलब्ध छन् । २०१५ को अन्त्यसम्ममा ७ अर्बभन्दा बढी मोबाइल फोनका ग्राहक छन् जुन जनसङ्ख्याको ९७ प्रतिशत हो । यो सङ्ख्या २००० मा मात्र ७३ करोड र ८० लाख थियो । अफ्रिकामा मात्रै शहरी क्षेत्रमा बस्नेमध्ये ९४ प्रतिशत अफ्रिकनहरू मोबाइल फोनको पहुँचको क्षेत्रमा[67] छन् ।

### मतदान गर्नै सङ्ख्यामा वृद्धि गर्न मोबाइल सन्देशको प्रयोग गर्ने

मोबाइल फोनको धेरै प्रयोगका कारणले धेरै भन्दा धेरै मानिसहरूलाई मतदान केन्द्रमा ल्याउनका लागि लेखेका सन्देशहरूको प्रयोग गर्ने कुरा मितव्ययी र प्रभावकारी हुन्छ ।

---

उदाहरणका लागि, २००८ को न्युजिल्यान्डको संसद्को निर्वाचनका दौरान गरिएको परिक्षणमा मतदानका दिन बिहान १० बजेदेखि मध्यान्हसम्म १५,६६२ जना मतदाताहरूलाई मतदान गर्न स्मरण गराएर मोबाइलमा सन्देशहरू पठाइयो । मतदान गर्न आउने प्रतिशतमा त्यो सन्देश नपाउनेको भन्दा पाउनेको प्रतिशत ४.७ बढी थियो[68] ।

---




GAME GET SET VOTE[66]

२०१४ मा भारतीय निर्वाचन आयोगले युरोपेली युनियन र युएनडिपीको सहयोगमा ‘गेट सेट भोट’ भन्ने खेल विकास गर्‍यो जुन वेबसाइटमा उपलब्ध छ। यो खेल अंग्रेजी र हिन्दी दुबै भाषामा उपलब्ध छ र यसलाई सबै उमेर समूहका मानिसहरूलाई प्रजातन्त्रका बारेमा र निर्वाचन प्रक्रियाका बारेमा अन्तरक्रियात्मक हिसाबले संलग्न गराउन डिजाइन गरिएको छ। यसको अवधारणा सिधा र स्पष्ट छ : दशवटा भुलभलैया छन् जसका प्रत्येक तहमा खेलाडीले प्रजातन्त्र, मतदाता दर्ता, भारतीय निर्वाचन आयोगबाट पाउन सकिने सहयोग जस्ता विभिन्न सूचना तथा जानकारीहरू प्राप्त गर्दछन्। प्रदान गरिएका सूचनाहरू तहसँगसँगै विशिष्ट हुँदै जान्छन् र भुलभुलैया खेल अगाडी बढ्दै जाँदा चुनौतीपूर्ण हुँदै जान्छन्। **eci.gov.in**

नर्वेमा, एउटा नमुना परियोजनामा २७ वटा नगरपालिकाहरूमा छानिएका मतदाताहरूले २०१५ को निर्वाचनभन्दा पहिले दुईवटा मोबाइल सन्देशहरू पाए । यसले के देखायो भने त्यस्ता पूर्वसन्देश पठाउने कुराले ३० बर्षभन्दा कम उमेरका युवाहरू मतदान गर्न आउने दरमा ५ प्रतिशतले वृद्धि गर्‍यो तर वयस्क मानिसहरूमा यसको असर कम पर्‍यो । एउटा सन्देश निर्वाचनको अघिल्लो दिन पठाइयो अनि दोश्रो सन्देश मतदान गर्ने दिनमै आयो र मतदान केन्द्रहरू खुल्ला रहने समयका बारेमा जानकारी दियो[70] ।

## मोबाइलमा सन्देश पठाउने काम मितव्ययी वा मूल्य प्रभावी हुन्छ

अमेरिकाको नोबेम्बर २००६ को निर्वाचनपछि[71] गरिएको अनुसन्धानले पनि युवा मतदाताहरूलाई परिचालन गर्न मोबाइल फोनमा सन्देशहरू पठाउने काम प्रभावकारी भएको कुरा देखायो । त्यो अध्ययनका अनुसार नयाँ मतदातालाई पूर्वसन्देशहरूले उनीहरूको मतदान गर्ने रूचीलाई ४.२ प्रतिशतले बढायो । यो सन्देशको ४-५ प्रतिशतको प्रभावकारिताको लागि भएको खर्च प्रति मत जम्मा अमेरिकी डलर १.५६ थियो, जुन खर्चलाई अरू खर्चिला माध्यमहरूसँग तल तुलना गरिएको छ :

| | |
|---|---|
| मोबाइल सन्देश | अमेरिकी डलर १.५६/मत |
| फोन कलहरू | अमेरिकी डलर २०/मत |
| घरदैलो भेटघाट | अमेरिकी डलर ३०/मत |
| पर्चा पोस्टर | अमेरिकी डलर ३२/मत |
| चिट्ठीपत्र | अमेरिकी डलर ६७/मत |

- नागरिकहरूलाई मतदाता नामावली दर्ता प्रक्रियाका बारेमा मोबाइल सन्देशमार्फत् सूचित गर्ने
- नागरिकहरूलाई एउटा नि:शुल्क मोबाइल सन्देश पठाएर उनीहरूले मतदान गर्ने बुथ वा केन्द्र पत्ता लगाउन सहयोग गर्ने
- मोबाइल सन्देश पठाउने : निर्वाचनको दिनभन्दा केही अगाडी नागरिकहरूलाई पछिल्ला समाचारहरू वा जानकारीका बारेमा सुसूचित गर्न र उनीहरूलाई मतदान केन्द्र खुल्ला रहने समयका बारेमा स्मरण गराउने

## निरन्तर सञ्चार र पैरवीका लागि अनलाइन सामग्री

युवा मतदाताहरूसँग निरन्तर दोहोरो सम्पर्कमा रहने र सञ्चार गरिरहने उपायले उनीहरूको राजनीति र निर्वाचनप्रतिको विश्वासलाई बलियो बनाउँछ र राजनीतिक संस्थाहरूलाई अझ बढी खुल्ला र समावेशी संस्थाहरूमा रूपान्तरण गर्न सहयोग गर्दछन् । अनलाइन मञ्चहरूले नागरिकलाई उनीहरूका राजनीतिक नेताहरूसँग सहकार्य गर्न र जानकारीहरूको खुल्ला आदानप्रदान गर्न सामुदायिक, नगरपालिका, प्रदेश र राष्ट्रिय स्तरमा संलग्न हुन अवसर प्रदान गर्न र राजनीतिक संवादमा योगदान गर्न र प्रभाव पार्न नागरिकको शक्ति र एजेन्सीलाई अगाीड ल्याएर सहयोग गर्दछन् ।

लेवनानको संसद्को वेबसाइटमा युवाहरूलाई लेवनानी कानुनी प्रक्रियाका बारेमा जानकारी प्रदान गर्ने एउटा अनलाइन मञ्च सिर्जना गरियो । यो मञ्चले युवा र नागरिकहरूलाई संसद् र यसका सदस्यहरूका[72] बारेमा जान्न र प्रश्न सोध्न उच्च स्तरमा सहयोग पुर्‍यायो ।

जर्मनीमा, पाइरेट पार्टीले[73] एउटा निरन्तर रुपमा एउटा राजनीतिक मञ्चको निर्माण गर्‍यो जसमा दलका निर्णयहरूमा प्रत्येक सदस्यको समान योगदान रहन्छ र यसले सहयोग गर्ने लिक्विडफिडब्याक नामको खुल्ला सफ्टवेयर प्रयोग गर्‍यो जुन इन्टरनेट मञ्चलाई सहयोग गर्न उपलब्ध छ र यसले विचार वा योजनाहरूको विकास गर्न र निर्णय प्रक्रियामा सहयोग गर्दछ ।

लिक्विडफिडब्याक (Liquid Feedback) ले विभिन्न सामाजिक समूह वा राजनीतिक वा गैर राजनीतिक संगठनहरूलाई चलनचल्तिका इन्टरनेट फोरममा सिमित नराखी निर्णय प्रक्रियाहरूमा सहयोग गर्दछ । यसले समूहका सदस्यहरूका विचारलाई सामाजिक तह र ज्ञानका भिन्नताहरूले प्रभाव नपारिकनै सही प्रतिनिधित्व गराउने लक्ष्य राख्छ । पाइरेट पार्टीका ६००० सदस्यहरूमध्ये कुनै पनि सदस्यले त्यो मञ्चको प्रयोगबाट नीतिगत प्रस्ताव राख्न सक्छ । यदि त्यो प्रस्तावले निश्चित समय भित्रमा १० प्रतिशतको सहमति जुटाएमा यो सुधार चरणमा जान्छ । त्यसबीच कोही सदस्यले यसको संशोधन/वैकल्पिक प्रस्ताव पनि राख्न सक्छ र त्स्तो अवस्थामा आउने केही सातामा ती भिन्न प्रस्तावहरूसमेतमाथि सदस्यहरुबाट आफुलाई मन परेको प्रस्तावमा मत हालेर निर्णय गरिन्छ ।

संयुक्त राज्य अमेरिकामा, काउन्टेबल यापले ज्येष्ठ नागरिकहरूलाई संसद्मा चलिरहेका विधेयकका सारांशहरू प्राप्त गर्न प्रतिनिधिहरूसँग जोड्न, विचारहरू आदानप्रदान गर्न र निर्णय लिन सहयोग गर्दछ ।

## विद्यालयहरू

नागरिक र मतदाता शिक्षा शैक्षिक क्रियाकलापको महत्वपूर्ण भाग हो । नागरिक शिक्षा एउटा निरन्तर प्रक्रिया भएकाले यो कुनै निर्वाचन चक्रसँग मात्र जोडिएको हुँदैन तर मतदाता शिक्षा कुनै एक निर्वाचन चक्रसँग जोडिएको हुन्छ । यो वृहत् अवधारणागत भिन्नताका बावजुद नागरिक र मतदाता शिक्षा एक अर्कासँग जोडिएका छन् । शिक्षाका लागि जिम्मेवारी लिएका मन्त्रालय एवं अधिकारी वा निकायहरूसँग साझेदारी गरेर, निर्वाचन व्यवस्थापन निकायहरूले युवाहरू निर्वाचनका अवधिबाट वा चक्रबाट बाहिरै छन् र आवश्यक ज्ञान कम उमेरमा नै सिकाइन्छ भन्ने कुरा सुनिश्चित गर्न सक्छन् ।

युवाहरू सक्रियरूपले संलग्न नागरिक बन्नको लागि सशक्तिकरण गर्ने रणनीतिहरू सफल हुन्छन् जब विद्यालयहरूले प्रजातान्त्रिक शिक्षामा पुस्तकहरूबाट र दैनन्दिन क्रियाकलापहरूबाट प्रजातान्त्रिक मुल्य मान्यताहरूको शिक्षणलाई समावेश गर्दछन् । अर्थपूर्ण युवाहरूका आवाज सुन्ने मञ्चहरू र स्वयम्सेवाका अवसरहरू प्रदान गरेर युवाहरूलाई निर्णय प्रक्रियामा संलग्न गराउन सकिन्छ । निर्वाचन व्यवस्थापन निकायहरूले विद्यालयहरूलाई प्रजातान्त्रिक मुल्य मान्यताहरूलाई व्यवहारमा लागु गर्न विभिन्न किसिमले सहयोग गर्न सक्छन् जस्तै : नमुना निर्वाचन गराएर, विद्यार्थी युनियनका निर्वाचनहरूमा सहयोग गरेर अनि विद्यालयहरूमा निर्वाचन व्यवस्थापन निकायहरूको स्थापना गरेर आदि ।

धेरै देशहरूमा निर्वाचन व्यवस्थापन निकायहरूले विद्यालयहरूसँग सहकार्य गरेका छन् । उदाहरणका लागि होन्डुरसमा निर्वाचन व्यवस्थापन निकायले प्राथमिक र माध्यमिक विद्यालयमा विद्यार्थी युनियन वा बोर्डको निर्वाचन सञ्चालन गर्न शिक्षकहरूलाई तालिम प्रदान गर्न शिक्षा मन्त्रालयसँग एउटा सहमतिमा हस्ताक्षर गर्‍यो । सानै उमेरदेखि विद्यालयमा निर्वाचन सञ्चालन गरेर विद्यार्थीहरूले प्रजातन्त्र र निर्वाचन प्रक्रियाका बारेमा सिक्दैछन् । २०१६ देखि यो प्रयत्नलाई सार्वजनिक विद्यालयदेखि निजी विद्यालयसम्म बिस्तार गरिनेछ ।

भुटानमा २०१२ मा विद्यार्थीहरूलाई प्रजतान्त्रिक समाजमा उनीहरूको भुमिका र दायित्वहरूको बारेमा सिकाउन र संलग्न गराउन विभिन्न विद्यालय र शैक्षिक संस्थाहरूमा १५३ वटा प्रजातन्त्र क्लबहरु स्थापना गरियो । ती क्लबहरूले ‘लघु निर्वाचन आयोग’ का रूपमा काम गर्दछन् जसमा तिनीहरूले विद्यार्थीहरूलाई देशको निर्वाचन प्रणालीका बारेमा सिकाउने क्रियाकलापहरू सञ्चालन गर्दछन् र निर्णय प्रक्रियामा[75] युवा सहभागिताको वृद्धि गर्न प्रयत्न गर्दछन् । ती प्रजातन्त्र क्लबहरूका भुमिका र प्रभावहरूलाई बढाउने भागका रूपमा १५३ क्लबका विद्यार्थी प्रतिनिधीहरूले २०१५ मा बालबालिकाहरूको संसद् बनाउने घोषणापत्रमा हस्ताक्षर गरे ।

### कलात्मक र सांस्कृतिक क्रियाकलापहरू

धेरैजसो समाजहरूमा विद्यालयमा भर्ना नभएका युवा, अशिक्षित युवा, इन्टरनेटको पहुँच नभएका युवा र निर्वाचनमा चासो नभएका युवाहरू परम्परागत मतदाता शिक्षा कार्यक्रमहरूमा चासो नदिन सक्छन् । त्यसकारण निर्वाचन व्यवस्थापन निकायहरूले उनीहरूसँग जोडिन र उनीहरूलाई यी प्रक्रियामा संलग्न गराउन सिर्जनशील र रचनात्मक उपायहरूको पहिचान गर्नुपर्दछ ।

त्यस्ता सीमान्तकृत युवाहरूसँग पुग्ने एउटा तरिका भनेको सङ्गीत, नाटक, सडक कला र मनोरन्जनका रूपमा विभिन्न सांस्कृतिक क्रियाकललापहरूको प्रयोग गर्नु हो । ती क्रियाकलापहरूले निर्वाचनसँग सम्बन्धित जानकारी वा सन्देशहरूलाई लक्षित दर्शकहरूसम्म रमाइलो तरिकाले पुर्‍याउँछन् ।

धेरै निर्वाचन व्यवस्थापन निकायहरूले कला र संस्कृतिलाई मतदाता शिक्षा क्रियाकलापहरूमा प्रयोग गरेर पहिले नै प्रगतिशील तरिकाले सोचिसकेका छन् ।

ट्युनिसियामा २०११ मा युएनडिपीले एन्टी एसोट (‘तिमीहरू आवाज हौ’ वा अलि सांकेतिकरूपमा यो तिमीहरूको आवाज हो) गीत रेकर्ड गर्न सहयोग गर्‍यो जुन निर्वाचनको अनौपचारिक गीत भयो । त्यो गीतलाई ट्युनिसियाका विभिन्न संगीतकारहरू, गायकहरू, लोक गायकहरूदेखि र्‍याप कलाकारहरूसम्मको सहकार्यमा तयार गरियो र सिडीमा निःशुल्क वितरण गरियो । साथै इन्टरनेटमा निशुःल्क डाउनलोड गर्नसमेत मिल्ने गरि राखियो ।

२०१४ मा युएनडिपीले अफगानिस्तानको स्वतन्त्र निर्वाचन आयोगलाई देशभरि घुम्ती नाटकघरका माध्यमद्वारा नागरिक र मतदाता शिक्षाको प्रबर्द्धन गर्न सहयोग गर्‍यो । चलायमान नाटकघरले खासगरि अशिक्षित मानिसहरूलाई लक्षित गर्‍यो र प्रजातान्त्रिक प्रक्रियामा निर्वाचनको महत्व र मतदाताले आफ्नो भविष्यलाई प्रभाव पार्न सक्ने क्षमताका बारेमा जोड दियो ।

- युवाहरूका उपसमूहको पहिचान गर्ने र उनीहरू कुन सांस्कृतिक क्रियाकलापमा संलग्न छन् भन्ने कुरा बुझ्ने । महिलाहरू भिडभाडयुक्त सार्वजनिक सांस्कृतिक कार्यक्रमहरूमा भाग लिन अनिच्छुक हुन सक्छन् । त्यस्तो अवस्थामा महिलाहरू एकत्रित हुने तरिकाहरू वा ठाउँहरूको पहिचान गर्ने र त्यसरी उनीहरूसँग सजिलो गरि र निरन्तर रूपमा पुग्न सकिन्छ ।
- स्थानीय र राष्ट्रिय स्तरमा सांस्कृतिक नाटक कम्पनीहरू, वा कला विद्यालयहरू जस्ता साझेदारहरुको पहिचान गर्ने र मतदाता सन्देशहरूलाई सांस्कृतिक क्रियाकलापहरूमा समावेश गर्न नाटकका लागि कथा लेखक, लेखक, फिल्म निर्माताहरूसँग सँगै काम गर्ने । युवाहरूका बीचमा लोकप्रिय र धेरै दर्शकहरूलाई आकर्षित गर्न सक्ने संगठन वा संस्थाहरूसँग सहकार्य गर्ने
- आकर्षक निर्वाचन सामग्रीको विकास गर्ने (पम्प्लेट, ठट्यौली आदि) जुन सामग्रीहरू प्रदर्शनका दौरान बाँड्न सकियोस्

## सूचना केन्द्रहरू

सूचना केन्द्रहरूको स्थापनाद्वारा निर्वाचन व्यवस्थापन निकायहरूले प्रजातन्त्र र निर्वाचन प्रक्रियाका बारेको नागरिकहरूको ज्ञान र बुझाइलाई बलियो पार्न र उनीहरूलाई निर्वाचनमा सहभागी हुन अभिप्रेरित गर्न सक्छन् । सूचना केन्द्रहरूलाई युवाहरूलाई आकर्षित गर्ने बनाउनका लागि निर्वाचन व्यवस्थापन निकायहरूले कलाका विभिन्न रूपहरूको प्रदर्शनी आयोजना गर्न सक्छन् जस्तैः भिडियो, फोटो, संगीत, मल्टिसञ्चार माध्यम स्थापना, कथा भन्ने आदि र खेलहरू र नमुना मतदान अभ्याससहरूद्वारा पनि एउटा अन्तरक्रियात्मक अनुभवको सिर्जना गर्न सक्छन् ।

२०१२ मा युएनडिपीको सहयोगमा निर्वाचन आयोग नेपालले निर्वाचन शिक्षा र सूचना केन्द्र (इइआइसी) को स्थापना गर्‍यो । २०१६ को अप्रिल सम्ममा २२,००० आगन्तुकहरूले उक्त केन्द्रको भ्रमण गरे जसमध्ये १८,००० माध्यमिक विद्यालयका विद्यार्थीहरू थिए । त्यो केन्द्रमा आगन्तुकलाई २५ मिनेटको 'प्रजातन्त्र र निर्वाचन' भन्ने वृत्तचित्र देखाइन्छ जसले नेपालको निर्वाचनको इतिहासका बारेमा प्रकाश पार्छ । यो केन्द्रको अर्को खास विशेषता भनेको यसको विषयवस्तु अनुसारका क्षेत्रहरू हुन् जहाँ विभिन्न अन्तरक्रियात्मक खेलहरू सञ्चालन गरिएका छन् । ती खेलहरूले सिक्न चाहने/आगन्तुकहरूलाई छोएर खेल्ने खेलहरूमा संलग्न बनाउँछन् र उनीहरू निर्वाचन प्रक्रियाका बारेमा थाहा पाउन, खेल्न र सिक्न सक्छन् ।

दुर्गम क्षेत्रहरूमा निर्वाचन शिक्षालाई प्रबर्द्धन गर्न, पहुँचलाई वृद्धि गर्न र ग्रामीण र सीमान्तकृत क्षेत्रहरूमा रहेका नागरिकहरूलाई नेपालको राजनीतिक इतिहास, प्रजातन्त्र र निर्वाचन प्रक्रियाका बारेमा घुम्ती निर्वाचन शिक्षा र सूचना सामग्री मोबाइलमा हेरेर सुनेर र छामेर जान्न सकिने सामग्रीहरूलाई उनीहरूसम्म पुर्‍याइयो ।

# NOTES OF CHAPTER 4


54. UNDP and UN WOMEN, 'Inclusive Electoral Processes: A Guide for Electoral Management Bodies on Promoting Gender Equality and Women's Participation', 2015, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/guide-for-electoral-management-bodies-on-promoting-gender-equali.html.

55. Hadid, Diaa, 'Palestinians Elect a New President (on a Reality TV Show)', New York Times, 3 June 2016, www.nytimes.com/2016/06/04/world/middleeast/palestinian-reality-show-president.html?_r=0.

56. IDEA, 'Social Media: A Practical Guide for Electoral Management Bodies' 2014, http://iknowpolitics.org/en/knowledge-library/guide-training-material/social-media-practical-guide-electoral-management-bodies.

57. IDEA, 'Youth Participation in Electoral Processes: New Roles for African Electoral Management Bodies', policy brief, 2015, www.jus.uio.no/smr/english/about/programmes/nordem/news/2015/youth-in-electoral-processes.html.

58. Electoral Commission of the United Kingdom, 'The Quality of the 2014 Electoral Registers in Great Britain: Research into the Last Registers Produced Under the Household Registration System, July 2014, www.electoralcommission.org.uk/__data/assets/pdf_file/0005/169889/Completeness-and-accuracy-of-the-2014-electoral-registers-in-Great-Britain.pdf.

59. Electoral Commission of the United Kingdom, 'Time is Running Out: Facebook and the Electoral Commission to Remind Voters to Register Before It's Too Late, 2016, www.electoralcommission.org.uk/i-am-a/journalist/electoral-commission-media-centre/news-releases-campaigns/time-is-running-out-facebook-and-the-electoral-commission-to-remind-voters-to-register-before-its-too-late.

60. ibid.

61. United Nations International Telecommunication Union (ITU), 'ICT Facts and Figures', 2015, www.itu.int/en/ITU-D/Statistics/Documents/facts/ICTFactsFigures2015.pdf.

62. United Nations International Telecommunication Union (ITU), 'Annual Report 2015', www.itu.int/en/annual-report-2015/goals/Pages/goal2.aspx.

63. Nigeria Independent Electoral Commission, Mobile App, www.inecnigeria.org/?inecnews=myinec-mobile-app.

64. The ECI website: www.eci.gov.in.

65. The Economic Times, 'Election Commission Launches Video Game Titled "Get Set Vote" to Promote Voter Awareness', 1 October 2014, http://articles.economictimes.indiatimes.com/2014-10-01/news/54516648_1_video-game-voter-awareness-electoral-participation.

66. https://s3-ap-southeast-1.amazonaws.com/scrollstorage/1412179856-563_11.png

67. United Nations International Telecommunication Union (ITU), 'ICT Facts and Figures', 2015, www.itu.int/en/ITU-D/Statistics/Documents/facts/ICTFactsFigures2015.pdf.

68. New Zealand Electoral Commission, 'Did a Txt Reminder on Election Day Increase Voter Turnout?', 2009, www.elections.org.nz/sites/default/files/plain-page/attachments/Txt_trial_election_08_final_report.pdf.

69. Faull, Solrun, 'SMS Reminder Resulted in Increased Turnout', Norway Today, 9 May 2016, http://norwaytoday.info/news/sms-reminder-resulted-increased-turnout/.

70. ibid.

71. New Voters Project, 'Text / SMS Messaging is an Effective Method for Engaging Young Voters', September 2007, http://data360.org/pdf/20080227070446.Text-Messaging-Fact-Sheet.pdf.

72. AGORA Platform, 'Youth Political Participation and Decision-Making in the Arab States', Arab Digest, April 2014, www.agora-parl.org/sites/default/files/arab_digest_-_youth_political_participation_and_decision_making_in_the_arab_states.pdf.

73. Kettman, Steve, 'New Politics, Ahoy!', New York Times, 1 May 2012, www.nytimes.com/2012/05/02/opinion/the-pirate-party-logs-a-new-politics.html.

74. Countable App: www.countable.us/.

75. Danish Institute for Parties and Democracies (DIPD), 'Bhutan: Collaboration with the Election Commission on Democracy Clubs', http://dipd.dk/partnerships/bhutan/bhutan-collaboration-with-the-election-commission-on-democracy-clubs/.

76. http://bcp.ecb.bt/

77. A video of Enti Essout, www.youtube.com/watch?v=8nSyO5Jd1Oo.




केन्द्रिय अफ्रिकी गणतन्त्रः निर्वाचनको दिनमा मतदान केन्द्रका कर्मचारीले मतदातालाई मतपेटिकामा मत राख्न सहयोग गर्दै
© युएनडिपी/ड्यनविड खिजननिष्वी

# अध्याय ५






## युवाहरूलाई निर्वाचनका कार्यक्रमहरूमा संलग्न गराउने

समावेशी निर्वाचनका लागि निर्वाचन व्यवस्थापन निकायका चाहनाहरू दिगो विकास लक्ष्य १६.७ मा प्रतिबिम्बित हुन्छन् । यो अध्यायमा निर्वाचन व्यवस्थापन निकायहरूका लागि क) निर्वाचन चक्रभरि युवाहरूको संलग्नता समावेश गरिएको छ र ख) रणनीति र क्रियाकलापहरू युवाहरूद्वारा व्यक्त गरिने उनीहरूका आवश्यकताका आधारमा निर्देशित हुन्छन् र उनीहरूकै परामर्शमा निर्माण हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि शुरूवाती विन्दुहरू समावेश गरिन्छ ।

## तथ्याङ्क सङ्कलन

निर्वाचनका प्रक्रियाहरूमा युवाहरूको सहभागितालाई ठीक तरिकाले परीक्षण गर्न, युवाहरूको मतदाता दर्ता, मतदान गर्ने सङ्ख्या, निर्वाचन व्यवस्थापन निकायहरूमा युवा कर्मचारीको सङ्ख्या, अनुगमनकर्ता, उमेद्वार र राजनीतक दलहरूको सदस्यतामा उनीहरूको सङ्ख्या आदिको विश्वसनीय तथ्याङ्क हुनु जरूरी छ। यस्ता तथ्याङ्कले निर्वाचन व्यवस्थापन निकायहरूलाई युवा रणनीति विकास गर्न र युवा सहभागिता वृद्धि गर्न लक्षित क्रियाकलापहरू वा योजनाहरूको कार्यान्वयन गर्न सहयोग गर्न सक्छन्। धेरैजसो सन्दर्भहरूमा त्यस्ता तथ्याङ्कहरू हराउँछन् र तथ्याङ्क सङ्कलन अपुरो रहन्छ।

- नियमित र प्रणालीसम्मत तथ्याङ्क सङ्कलन र युवाहरूको राजनीतिक सहभागिता बारेको अनुसन्धानलाई सहयोग गर्ने। तथ्याङ्क सङ्कलनले युवा सहभागिता, प्रतिनिधित्व र समावेशिता, धेरैजसो युवा समूहहरूमा नीतिहरूको प्रभाव र राजनीतिक प्रक्रियामा युवा संलग्नतालाई समेट्नुपर्दछ
- उमेर विभक्त तथ्याङ्क सङ्कलन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयहरूसँग मिलेर विधिहरूको विकास गर्ने र युवा, उमेद्वार र प्रतिनिधिहरूको मतदान गर्ने सङ्ख्याका बारेमा राम्रो जानकारी हासिल गने
- निर्वाचन चक्रभरि नै युवा महिलाहरूको सहभागिताको दरको बारेमा वृहत् जानकारी पाउन उमेर विभक्त तथ्याङ्क र लैङ्गिक विभक्त तथ्याङ्कलाई जोड्ने



## निर्वाचन व्यवस्थापन निकायमा युवा

निर्वाचन प्रक्रियामा युवाहरूको समावेशितालाई वृद्धि गराउनका लागि चाहिने पहिलो आवश्यकता भनेको निर्वाचन व्यवस्थापन निकायभित्रका सबै संरचनाका हरेक तहमा युवाहरूको नियुक्ति सुनिश्चित गराउनु हो। निर्वाचनमा प्रविधिको ज्ञान भएका जनशक्तिको आवश्यकता पर्दा निर्वाचन व्यवस्थापन निकायहरूले धेरै युवाहरूलाई मतदान कर्मचारीका रूपमा खटाए पनि उच्च पदहरूमा उनीहरूको प्रतिनिधित्व न्युन रहन्छ किनकि उनीहरूसँग ती पदहरूका लागि आवश्यक अनुभव हुँदैन। युरोपेली युनियनमा हालसालै गरिएको अनुसन्धानले[78] युवाहरूको नियमनकारी सहभागिता नभएको र निर्वाचन व्यवस्थापन निकायहरूका सल्लाहकार बोर्डहरूमा युवाहरूका सवालमा पनि युवा संगठनहरू र विज्ञहरूको प्रतिनिधित्व पनि नभएको पत्ता लगायो। २०१५ को प्रतिवेदन 'युरोपमा युवाहरू र प्रजातान्त्रिक जीवन' ले निर्वाचन व्यवस्थापन निकायहरूका बोर्डमा[78] युवाहरूलाई ल्याउनका लागि रणनीतिको अभाव भएको देखायो।

युवाहरूलाई रोजगार बनाउनुका धेरै फाइदाहरू भएतापनि निर्वाचन व्यवस्थापन निकायहरूका संरचनाभरि नै युवाहरूको समावेशिताको कमी हुनु एउटा दुर्भाग्य हो। उदाहरणका लागि :

- युवाका चुनौतीहरूका बारेमा बुझ्न र निर्वाचन प्रक्रियामा उनीहरूलाई संलग्न गराउने रणनीति बनाउनका लागि निर्वाचन व्यवस्थापन निकायहरूले आफुभित्रैका युवाहरूका अनुभव र ज्ञानबाट फाइदा लिन सक्छन्।
- साधारणतया युवाहरू सञ्चारका नयाँ साधन र विधिहरूसँग परिचित हुन्छन् र त्यसकारण वृहत् अनलाइन मतदाता शिक्षा अभियानको विकास र कार्यान्वयनमा योगदान पुर्याउन सक्छन्।

- निर्वाचन व्यवस्थापन निकायका निर्णयक विभिन्न तहहरूमा युवाहरूको प्रतिनिधित्वको न्युनतम प्रतिशतको लक्ष्य निर्धारण गर्ने । यो महिलाको लागि तय गरिएका लक्ष्य र कोटाजस्तै निर्धारण गर्न सकिन्छ ।
- निर्वाचन प्रशासकहरू नियुक्त गर्दा चाहिने कामको अनुभव र मापदण्डलाई सहज बनाउने ता कि युवाहरू पनि निर्वाचन व्यवस्थापन निकायहरूका बोर्डमा नियुक्त हुन वयस्कहरूसँग वास्तवमै प्रतिस्पर्धा गर्न सकून्
- युवा संगठनहरू र विश्वविद्यालयका विद्यार्थीहरूसँग पहुँच सिर्जना गरेर युवा आवेदकहरूको सङ्ख्यामा बिस्तार गर्न सकारात्मक कदम चाल्ने
- माध्यमिक विद्यालय, विश्वविद्यालय, सामुदायिक केन्द्र र खेल मैदानहरूमा आकर्षित गर्ने खालका जागिरका विज्ञापनहरू राख्ने वा प्रदर्शन गर्ने
- निर्वाचन संगठनहरूमा संलग्न भएका युवा विद्यार्थीहरूलाई पनि प्राज्ञिक उपाधि प्रदान गर्न प्राज्ञिक संस्थाहरूसँग व्यवस्था मिलाउने
- निर्वाचन प्रशासक बन्न सक्ने क्षमतावान् युवाहरूको एउटा समूह विकास गर्ने र लक्षित युवाहरूलाई औपचारिक आवेदन प्रक्रिया शुरू हुनुभन्दा पहिले नै उनीहरूको ज्ञान र आत्मविश्वास विकास गर्न विशेष तालिम कार्यक्रमहरू प्रदान गर्ने
- निर्वाचन व्यवस्थापन निकायहरूका कर्मचारीलाई समान अवसर र युवा संवेदनशील नीतिका बारेमा  तालिम दिने । यो खासगरि निर्वाचन प्रशासनका सम्बन्धमा युवा मूलप्रवाहीकरणको महत्वका बारेको संस्थागत बुझाइ विकास गर्न उपयोगी हुन्छ ।
- निर्वाचन व्यवस्थापन निकायहरूका युवा कर्मचारीका आवश्यकता सुहाउँदा कर्मचारी विकास र नेतृत्व कार्यक्रमहरू कार्यान्वयन गर्ने जस्तैः सार्वजनिकरूपमा बोल्ने बारेमा, निर्णय क्षमता, आत्मविश्वास आदिका बारेमा
- युवा सहभागिताको तहको अनुगमन गर्न र उपचारको प्रक्रिया पहिचान गर्न सबै निर्वाचन व्यवस्थापन निकायका विभागहरूमा उमेर विभक्त तथ्याङ्क संकलन गर्ने

## दर्ता

मतदान अधिकार हो । त्यसैले सबै योग्य नागरिकहरूका लागि नाम दर्ता प्रक्रियालाई सकेसम्म सहज बनाउनु राजनीतिक र प्रशासनिक अधिकारीहरूको दायित्व हो ।। धेरै देशहरूमा पहिलो पटक मतदान गर्ने मतदाताहरूको अन्य मतदाताहरूको तुलनामा नामदर्ता र मतदान दुबै तहमा कम अनुपात देखिन्छ । उदाहरणका लागि २०१४ को निर्वाचनमा दक्षिण अफ्रिकामा १८ देखि  १९ बर्षसम्मका ४१ प्रतिशत योग्य मतदाताहरू मात्र दर्ता भए जबकि २० देखि २९[80] बर्षसम्मका योग्य मतदाताको प्रतिशत ७६ थियो । संयुक्त अधिराज्यमा २०१० को निर्वाचनका लागि १७ र १८ बर्षका मात्र ५५ प्रतिशत, १९ देखि २४ बर्षका ५६ प्रतिशत योग्य मतदाताले नाम दर्ता गरे जबकि वयस्क उमेर समूहमा[81] यो दर ८२ प्रतिशतभन्दा धेरै थियो ।

युवा मतदाता दर्तामा तल दिइएका लगायत विभिन्न अवरोधहरूले असर पार्छन् :

### १. कानुनी पहिचानसम्बन्धी कागजातहरू

दिगो विकास लक्ष्य १६, लक्ष्य ९: “२०३० सम्ममा सबैका लागि जन्म दर्ता लगायतका सबै कानुनी पहिचान प्रदान गर्ने”

नागरिक दर्ता व्यक्तिगत कानुनी पहिचानको आधार हो र यो मतदान गर्ने अधिकार सहित अन्य अधिकार र दायित्वहरू प्राप्त गर्न आवश्यक हुन्छ । तथापि, विश्वव्यापीरूपमा लगभग आधा सङ्ख्यामा मानिसहरू जन्म दर्ता गरिँदैन । यो विभिन्न सिमित स्रोतहरूका कारणले गर्दा अवरोध हुन्छ र ती व्यक्तिहरूसँग कानुनी पहिचानसम्बन्धी कागजातहरूको स्वामित्व हुँदैन । यी कागजातहरूबिना युवा लगायतका धेरै व्यक्तिहरूको मतदाता दर्ताका लागि आवश्यक पर्ने कानुनी पहिचानको अभाव हुन्छ । विकासतर्फको प्रगतिलाई मापन गर्न नसकिने तथ्यका साथै अव्यवस्थित नागरिक दर्ता र महत्वपूर्ण तथ्याङ्कको अभावलाई "बितेका ३० बर्षहरूमा विकासको एक मात्र सबैभन्दा गम्भिर असफलताका"[83] रूपमा पहिचान गरिएको छ । दिगो विकास लक्ष्यमा कानुनी पहिचानको लक्ष्यलाई समावेश गरेर यसको महत्वलाई स्विकार गरिएको छ ।

मतदाताको सूचिमा नाम दर्ता गर्न नागरिकता वा राहदानी जस्ता कागजातहरू आवश्यक पर्ने कुरा महिलाहरूका लागि गम्भिर अवरोध हुन सक्छ किनकि पहिचानका आवश्यक कागजहरूमा उनीहरूको कम पहुँच हुन्छ वा ती कागजातहरूमा पहुँच राख्न उनीहरू कम स्वतन्त्र हुन्छन् किनकि ती कागजातहरू उनीहरूका लोग्ने वा बाबुद्वारा राखिएका हुन्छन् । अझ फोटो परिचय पत्र चाहिएमा केही संस्कृति र सन्दर्भहरुमा महिलाको लागि नाम दर्ता अरू कठीन हुन सक्छ किनकि उनीहरूको मुहार सार्वजनिकरूपले देखाउन उनीहरू इच्छुक नहुन सक्छन् (खास गरि यदि उनीहरूले घर बाहिर घुम्टो ओढ्छन् भने[84]) ।

दिगो विकास लक्ष्य १६ लक्ष्य ९ हासिल गर्न सरकारहरूले सबै नागरिकहरूसँग कानुनी पहिचानका कागजातहरू छन् भनेर ग्यारेन्टी गर्नुपर्दछ ।



## मतदाता दर्ताको अन्तिम मिति

कुनै निर्वाचनका लागि योग्य मतदाताले नाम दर्ता गराउन समयसिमा र अन्तिम मितिका बारेमा प्रशस्त ध्यान दिनुपर्दछ । समय सिमा निर्वाचनभन्दा धेरै अघि नै तय भएमा यसले निर्वाचनमा रूची नबढाउन सक्छ । युवाहरूका लागि नाम दर्ताको अन्तिम मिति अरू समस्याग्रस्त हुन्छ किनकि यसले निर्वाचनभन्दा अगाडि तर अन्तिम मितिभन्दा पछाडि १८ बर्ष पुग्ने सम्भावित मतदाताहरूलाई नाम दर्ता गर्न र मत हाल्नबाट वञ्चित गराउँछ ।

## नाम दर्ताको खर्च

केही देशहरूमा नाम दर्ता गर्न र आवश्यक कागजात हासिल गर्न लाग्ने प्रत्यक्ष वा अप्रत्यक्ष खर्चले पनि नाम दर्तामा अवरोध सिर्जना गर्दछ । यो एउटा नियम नभए पनि दुर्भाग्यवश पहिचान प्राप्त गर्ने प्रक्रियाको कुनै पक्षका लागि शुल्क लिनु देशहरूका लागि असामान्य होइन ।

## समयको लगानी

नाम दर्ता खासगरि युवा र विद्यार्थीहरूका लागि समय खर्चिने हुन सक्छ किनकि उनीहरूले आफ्नो वासस्थान प्रायः परिवर्तन गरिरहन्छन् । अनिवार्य मतदान परिचयपत्र सहितको उच्च गतिशीलताको दरले नाम दर्तामा युवाहरूलाई अरू थप समस्या सिर्जना गर्दछ । यससँग सम्बन्धित महिलाका लागि अर्को समस्या के छ भने नाम दर्ता गर्न उनीहरूले लामो दुरी वा एकान्त वा हिंसाको लागि चिनिएको स्थानको यात्रा गर्नुपर्दछ भने नाम दर्ता गर्ने काम महिलाहरूका लागि अझ खतरनाक हुन सक्छ ।

युवाहरूसम्म प्रभावकारी रूपमा पुग्न निर्वाचन व्यवस्थापन निकायहरूले युवाहरूको नाम दर्ता गर्न विशेष प्रयासहरू विकास गर्नुपर्दछ जस्तैः लक्षित शिक्षा अभियान । यसमा विज्ञापन, पम्प्लेट, रेडियो र टिभी कार्यक्रम, अनलाइन अभियान, विद्यालय र विश्वविद्यालयहरूको भ्रमण र युवा कार्यक्रमहरूमा जानकारी वा सूचनाहरू प्रदर्शन आदि पर्दछन् ।

केन्यामा १८ देखि ३५ बर्षका युवाको जनसङ्ख्या कुल जनसङ्ख्याको ७० प्रतिशत छ । २०१२ देखि देशभरिबाट लगभग १० लाख केन्याली युवाहरूले युवा संसद् युएस्एआइडीको हो युवाले सक्छन् भन्ने कार्यक्रमको सहयोगमा निर्माणका लागि सँगसँगै काम गरेका छन् । त्यो संसद्लाई 'युथ बन्जेज' पनि भनिन्छ । केन्याली सरकारसँग १५,००० बन्जेजहरू दर्ता भइसकेका छन् र बन्जेज सदस्यहरू मतदाताको नाम दर्ता[85] गर्न चाहिने एउटा राष्ट्रिय पहिचान वा परिचयपत्र हासिल गर्न ३० लाख युवाहरूलाई सहयोग गर्न 'मेरो परिचयपत्र, मेरो जीवन' भन्ने राष्ट्रिय अभियानमा सहभागी भइरहेका छन् ।

युवाहरूका लागि नाम दर्तालाई कम समय लाग्ने र सरल र सहज बनाउन ग्रामीण क्षेत्र र धेरै युवाहरू हुने क्षेत्रहरूमा, जस्तैः सामुदायिक केन्द्र, खेल स्थलहरू, विद्यालय र विश्वविद्यालयहरू[86] मा घुम्ति दर्ता शिविरहरू पनि सञ्चालन गर्न सकिन्छ,।

बोलिभियामा निर्वाचन व्यवस्थापन निकायको नागरिक दर्ता सेवाले नागरिकहरूबाट जीवमितीय -बायोमेट्रिक) तथ्याङ्क हासिल गर्न सहयोग गर्ने एउटा प्रणालीको प्रयोग गर्दछ । त्यसरी प्राप्त तथ्याङ्कलाई एउटा स्वचालित हस्तरेखा पहिचान प्रणाली भएको एउटा डाटाबेसमा राखिन्छ जसले लाखौं वा करोडौं हस्तरेखाहरूलाई[87] तुलना गर्न सजिलो र छिटो हुन्छ ।

इन्टरनेटको पहुँच भएका युवाहरूका लागि यसलाई अझ सरल बनाउन नाम दर्ता इन्टरनेटको माध्यमबाट पनि गर्न सकिन्छ ।

संयुक्त राज्य अमेरिकामा अनलाइन मतदाता दर्ता मञ्च 'रक द भोट'[88] ले आधुनिक मतदाता दर्ताका लागि एउटा उपाय बताउँछ । १९९१ मा यसको शुरू गरिएदेखि यो मञ्चले ६० लाखभन्दा बढी नयाँ मतदाताहरूको नाम दर्ता गरिसकेको छ । यो मञ्च मोबाइल मैत्री छ; १३ वटा भाषाहरूमा उपलब्ध छ र निर्वाचन प्रशासनका लागि राष्ट्रिय आयोग (प्रेसिडेन्सियल कमिसन फर इलेक्सन एड्मिनिस्ट्रेसन)द्वारा स्विकृत छ ।

# मतदाता दर्ता पहलहरू

## क्यानडा

अनलाइन मतदाता दर्ता सेवा जहाँ नागरिकहरूले आफ्नो दर्ता जाँच गर्न, ठेगाना सच्याउन र मतदाताको रूपमा नाम दर्ता गर्न सक्छन्

## संयुक्त राज्य अमेरिका

पप संस्कृति, संगीत, कला र प्रविधिको प्रयोग गरेर अनलाइन मञ्च रक द भोट ले युवाहरूलाई निर्वाचनका प्रक्रियाहरूमा भाग लिन प्रोत्साहन गर्दछ र उनीहरूलाई अनलाइन नाम दर्ता गर्न सहयोग गर्दछ

## बोलिभिया

निर्वाचन व्यवस्थापन निकायको नागरिक दर्ता सेवाले एउटा सफ्टवेयर प्रणालीको प्रयोग गर्दछ जसले नागरिकहरूबाट जीवमितीय तथ्याङ्क संकलन गर्न सहयोग गर्दछ

## नेपाल

१६ बर्षको उमेरमा निर्वाचनपूर्व नाम दर्ता

## भारत

नाम दर्तासँग सम्बन्धित सबै गुनासाहरू व्यवस्थापन वा सम्बोधन गर्न निर्वाचन आयोग अनलाइन मञ्च

क्यानेडियन अनलाइन मतदाता दर्ता सेवा[89] र भारतीय राष्ट्रिय मतदाता सेवा पोर्टल[90] अनलाइन दर्ता कसरी सफल हुन सक्छ र यसले युवा मतदाता दर्तामा कसरी सहजीकरण वा सहयोग गर्न सक्छ भन्ने राम्रा उदाहरणहरू हुन् ।

निर्वाचन व्यवस्थापन निकायहरूले एक वा दुई बर्षमा १८ बर्षका पुग्न लागेका युवाहरू उनीहरूका लागि अस्थायी नाम दर्ता पनि गर्न सक्नेछन् । युवा मतदाताहरूलाई पहिले नै दर्ता गर्ने पहललाई विद्यालय नागरिक कक्षासँग जोड्न सकिन्छ वा ड्राइभिङ् लाइसेन्स पाउने कुरालाई पनि जोड्न सकिन्छ । संयुक्त राज्य अमेरिका र क्यानाडामा १६ र १७ बर्षका व्यक्तिहरूले अग्रिम दर्ता गर्न सक्छन् र जब उनीहरू १८ बर्षका पुग्छन् उनीहरूको नाम साधारण मतदाताको सूचीमा[91] स्वतः स्थानान्तरण हुन्छ । नेपालमा पनि मतदान गर्न योग्य उमेर १८ वर्ष भए पनि १६ बर्ष उमेर पुगेर नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेपछि मतदाताको रूपमा नाम दर्ता गर्न पाउँछन् । उनीहरू १८ बर्षका पुगेपछि मुख्य मतदाता नामावलीमा स्वतः स्थानान्तरण हुन्छन् ।

यस बाहेक, निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन सम्बन्धी गुनासाहरू समाधान गर्न पारदर्शी प्रणालीहरू विकास गरेका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ र गुनासो व्यक्त गर्ने प्रक्रियाको बारेको जानकारी सबै मतदाता, उमेद्वार र राजनीतिक दलहरूलाई सहज र स्पष्टसँग उपलब्ध हुनुपर्दछ । त्यस्ता सूचनाले उनीहरूलाई ती प्रकियाहरू बुझ्न, प्रक्रियाको विश्वसनीयतालाई मूल्याङ्कन गर्न र स्वच्छ, पारदर्शी र जवाफदेहिताका लागि नागरिकहरूलाई आव्हान गर्न सहयोग गर्दछन् । झगडालाई व्यवस्थापन गर्ने, निर्णयहरूलाई सार्वजनिक गर्न र उपायहरूलाई कार्यान्वयन गर्न ती प्रक्रियाहरू सिधा, पहुँचयुक्त, अनावश्यक वाधाहरूबाट मुक्त र समयमा नै समाधान गर्न सकिने हुनुपर्दछ ।

२०१४ को निर्वाचनमा भारतमा नागरिकहरूले निर्वाचन आयोगको वेबसाइटको ‘नागरिक सेवा भाग’का माध्यमद्वारा आफ्ना गुनासाहरू राख्न सक्थे । अझ अर्को कुरा, भारतीय निर्वाचन आयोग (इसिआइ)ले निर्वाचन हुन गइरहेका सबै पाँचवटै राज्यहरूमा[92] एउटा गुनासो सुन्ने प्रणाली स्थापना गर्‍यो । यो आइटी मञ्चको प्रमुख उद्देश्य भनेको क) कल सेन्टर/फोन/अनलाइन/फ्याक्स/हुलाक/व्यक्ति मार्फत् लिखित वा मौखिक रूपमा आएका गुनासाहरूलाई एकिकृत तरिकाले र समय सिमाभित्र रही व्यवस्थापन गर्ने र ख) गुनासोकर्तालाई ती गुनासोहरूको अवस्थाका बारेमा जानकारी दिने हो ।

- निर्वाचनभन्दा पहिले १८ बर्ष पुग्ने युवाहरूलाई मतदान गर्न वञ्चित हुनबाट रोक्नका लागि मतदाता नाम दर्ताको अन्तिम मिति बढाउने
- सम्भव भएसम्म मतदाता दर्ताको खर्च नागरिकमा सार्ने कुरा हटाउने
- निर्वाचन प्रक्रियामा विद्यार्थीहरूको सहभागितामा वृद्धि गर्नका लागि नाम विद्यालय र क्याम्पसहरूमा मतदाता दर्ता र सूचना केन्द्रहरू स्थापना गर्ने
- सचेतना अभियानहरूको विकास गर्ने जसले सम्भाव्य र विद्यमान मतदाताहरूलाई मतदाता नाम दर्ता प्रक्रियाका बारेमा आवश्यक जानकारी प्रदान गर्ने उद्देश्य राख्छ। नाम दर्ता गराउन समस्या भएका समूहहरू, जस्तैः जवान महिला, वेरोजगार युवा, औपचारिक शिक्षा कार्यक्रममा भर्ना नभएका युवा, जोखिमयुक्त जीवन बाँचेका युवा र अशिक्षित युवाहरू जस्ता व्यक्तिलाई लक्षित गरेर विशेष अभियानहरू सञ्चालन गर्नुपर्दछ
- मतदाता दर्तालाई युवाहरुसम्म ल्याउने : जस्तैः घुम्ती नाम दर्ता शिविर वा नागरिकहरूलाई अनलाइनबाट पनि नाम दर्ता गराउन अनुमति दिने
- एक वा दुई बर्षमा १८ बर्षको मतदान गर्न पाउने उमेरमा पुग्ने युवाहरूको नाम दर्ता गर्न अस्थायी व्यवस्था गर्ने र उनीहरू १८ बर्षका पुगेपछि उनीहरूको नाम साधारण मतदाता नामावलीमा स्थानान्तरण गरिदिने
- विदेशमा अध्ययन र काम गरिरहेका युवाहरूलाई नाम दर्ता गर्न र मतदान गर्न अनुमति दिन विदेशमा नै मतदाता नाम दर्ताको व्यवस्था गर्ने
- प्रभावकारी र पारदर्शी गुनासो प्रणालीको विकास गर्ने
- जवान महिलाहरूको नाम दर्ता गर्दा आइपर्ने खास खास चुनौतीहरूलाई समाधान गर्न सबै उपायहरूको खोजी गर्ने

## मतदान

निम्नलिखित सबै कुराहरूले युवाहरूको निर्वाचन प्रक्रियामा सहभागी हुन नचाहने सम्भावनालाई बढाउँछन् : आवश्यक परिचयपत्रका कागजात प्राप्त गर्नका लागि लाग्ने जटिल प्रशासनिक प्रक्रिया, मतदान गर्न लामो दुरी हिँड्नुपर्ने, काम र विद्यालयका समयमा मतदान केन्द्र खुल्ला हुने नमिल्दो समय आदि। धेरै सन्दर्भहरूमा युवा महिलाहरूले मतदान गर्न खास समस्याहरूको सामना गर्नुपर्दछ जस्तै : महिलाहरू राजनीतिमा सहभागी हुनु हुँदैन र राजनीति भनेको पुरूषहरूको क्षेत्र हो भन्ने सामाजिक र सांस्कृतिक मान्यता; मतदान केन्द्रमा जाँदा र मतदान केन्द्रमा सुरक्षाको अवस्थाको बारेको चिन्ता, महिलाहरूमा अझै उच्च रहेको अशिक्षाको स्तर आदि।

मतदान गर्ने युवासँग सम्बद्ध अवरोधहरूलाई सामना गर्न, निर्वाचन व्यवस्थापन निकायहरूले मतदानलाई अझ सहज बनाउनका लागि विभिन्न उपायहरूको खोजी गर्नुपर्दछ। उदाहरणका लागि, २०१५ मा क्यानाडाको निर्वाचन आयोगले ३९ विश्वविद्यालय र कलेज तथा क्याम्पसहरूमा ५७ वटा साथै देशका विभिन्न ठाउँमा मतदान गरेर फर्कनका लागि अस्थायीरूपमा ७२ वटा कार्यालयहरू बनायो। ती मध्ये १३ वटा आदिवासि मित्रता केन्द्रहरूमा र दुईवटा शहरी क्षेत्रका युवा सामुदायिक केन्द्रहरूमा[94] स्थापना गऱ्यो।

- विश्वविद्यालय, कलेज परिसर र युवा केन्द्रहरूमा सहज मतदान केन्द्रहरूको स्थापना गर्ने
- विश्वविद्यालय परिसर र कलेजहरूमा इमेल वा चिठ्ठीमार्फत् मतदान गर्न मतपेटिकाहरू स्थापना गर्ने
- आफ्नो गृह शहरबाट टाढा भएका युवा विद्यार्थीहरूलाई विशेष मतपेटिकामा मत हाल्न अनुनति दिने
- मतदान गर्ने समय बढाउने र मतदाताहरुलाई मतदान गर्ने समय निकाल्न हतार गर्नु नपर्ने गरी मतदानको दिन तोक्ने जस्तैः साताको अन्त वा मतदानको दिनमा सार्वजनिक विदा घोषणा गर्ने
- मतदाताहरूलाई विदेशबाट पनि मतदान गर्ने अवसर प्रदान गर्ने जुन कुराले देश बाहिर काम गर्ने वा अध्ययन गर्ने युवाहरूलाई उनीहरूको मताधिकार प्रयोग गर्न सहयोग गर्छ

## मतदान

### इन्टरनेट मतदानको सम्भावना

मानिसहरूले सिक्न, खेल खेल्न, पैसा स्थानान्तरण गर्न, सञ्चार वा कुराकानी गर्न, किनमेल गर्न, साथीभाइसँग जोडिन, यात्राको व्यवस्था गर्न, व्यापार गर्न लगायतका यावत् काम गर्न इन्टरनेटको प्रयोग गर्दैछन् र यो क्रम बढ्दैछ । धेरैको जीवनमा इन्टरनेटको प्रभाव बढ्दै गइरहेको कुरालाई विचार गरेर यो अनुमान गर्न सकिन्छ कि इन्टरनेटद्वारा मतदान गर्ने काम पनि कुनै दिन सामान्य हुनेछ ।

इन्टरनेटद्वारा गरिने मतदानले मतदान प्रक्रियालाई सजिलो बनाउँछ । यसले मतदाताहरूलाई उनीहरूको इन्टरनेट जोडिएको कम्प्युटरमा पहुँच भएमा जुनसुकै समयमा र जुनसुकै ठाउँबाट पनि मतदान गर्न सहयोग गर्दछ । यो विकल्पले निर्वाचन प्रक्रियामा सहभागितालाई अझ पहुँचयुक्त र कम समय लाग्ने बनाउँछ र मतदान गर्ने सङ्ख्यामा वृद्धि गर्न सक्छ । आफ्नो गृहनगर भन्दा बाहिर वा विदेशमा अध्ययन गरिरहेका र त्यहीं बसिरहेका धेरै विद्यार्थीहरूले इन्टरनेटबाट मतदान गर्ने यो सम्भावनालाई र निर्वाचनका दिनमा यात्रा नगरिकनै निर्वाचनमा सहभागी हुन सक्ने अवसरलाई स्वागत गर्नेछन् ।

इन्टरनेटद्वारा गरिने मतदानले समाजमा महिलाहरूको सहभागितालाई वृद्धि गर्दछ । समाजमा महिलाहरूले सार्वजनिक जीवनमा संलग्न हुन अवरोधहरूको सामना गर्दछन् । त्यस्ता ठाउँहरूमा महिलाहरूले यात्रा गर्नुपर्ने लामो दूरी, मतदान केन्द्रमा लामो लाइन, महिलाहरूले मतदान गर्नुपर्दछ भनेर नठान्ने पुरूषहरूबाट हुने डर त्रास जस्ता विभिन्न कारणले मतदान केन्द्रमा नै गएर मतदान गर्ने कुरामा असुरक्षित महसुस गर्न सक्छन् ।

### इन्टरनेटबाट गरिने मतदानलाई सफलरूपमा कार्यान्वयन गर्नका लागि शर्तहरू वा अवस्थाहरू

इन्टरनेटबाट गरिने मतदानले मतदानको पहुँचमा आउने विभिन्न अवरोधहरूको राम्रो समाधान देखाउँछ तर यो सम्भावनालाई पूर्णरूपमा महसुस गराउन सकिन्छ भनेर सुनिश्चित गर्नका लागि तलका कुराहरूमा विचार पुर्‍याउनुपर्दछ ।

### डिजिटल असमानतालाई कम गर्ने वा हटाउने

अन्तर्राष्ट्रिय दूरसञ्चार एकाइ (आइटियु)का अनुसार २०१६को प्रतिवेदन सुचना प्रविधि तथ्याङ्क ("आइसिटी फ्याक्ट्स् यान्ड फिगर्स) २०१६'मा "२०१६ को अन्त्य सम्ममा विश्वको जनसङ्ख्याको अझै पनि आधाभन्दा धेरै अर्थात् ३ अर्ब ९० करोड मानिसहरूले इन्टरनेटको प्रयोग गरिरहेका हुने छैनन् । अहिले विश्वको १ अरब परिवारमा इन्टरनेटको पहुँच छ (....) यो परिवारको सङ्ख्याले डिजिटल असमानतालाई देखाउँछ जहाँ युरोपका ८४ प्रतिशत परिवार इन्टरनेटमा जोडिएका छन् भने अफ्रिकन क्षेत्रमा[95] यो सङ्ख्या १५.४ प्रतिशत मात्र छ ।" । आइटियुले अर्को कुरा पनि संकेत गर्दछ कि इन्टरनेट पहुँचको दर विश्वका जुनकुनै क्षेत्रहरूमा महिलाहरूको भन्दा पुरूषहरूको उच्च छ । उत्तर र दक्षिण अमेरिकामा उक्त खाडल २ प्रतिशत मात्र छ भने अफ्रिकामा[96] २३ प्रतिशत छ ।

इन्टरनेटबाट गरिने मतदानलाई पूर्णरूपमा नियन्त्रण गर्नका लागि निर्वाचन व्यवस्थापन निकायहरूले आफ्नो देशको इन्टरनेट पहुँचको दरको तथ्याङ्क संकलन गर्नुपर्दछ र इन्टरनेट प्रयोग (खासगरि क्षेत्रीय र लैङ्गिक असमानता)लाई ख्याल गर्नुपर्दछ । निर्वाचन प्रक्रियालाई समावेशी बनाउन इन्टरनेट पहुँचको दर उच्च देशहरूमा मात्र इन्टरनेटबाट गरिने मतदान सफल हुन्छ । इन्टरनेट प्रयोगमा पनि अझै लैङ्गिक असमानता रहेकाले धेरैजसो निर्वाचन व्यवस्थापन निकायहरुले अरू सरोकारवालाहरूसँग मिलेर इन्टरनेटबाट गरिने मतदानलाई युवा महिलाका लागि अझ बढी पहुँचयुक्त बनाउन समय र स्रोतहरूको लगानी गर्नुपर्दछ ।

### स्वामित्व

इन्टरनेट मतदान प्रणालीको स्थापना गर्न त्यसलाई अद्यावधिक गर्नमा सेवा प्रदायकहरूले महत्वपूर्ण भुमिका खेल्न सक्छन् किनकि यसमा प्रणाली र सफ्टवेयरका बारेमा विशेष प्राविधिक ज्ञान चाहिन्छ । त्यस्ता प्रविधिहरूलाई अद्यावधिक  र विश्वसनीय बनाउन सेवा प्रदायकहरूले खेल्न सक्ने भुमिकालाई महत्व दिँदा यो प्रक्रियामा निर्वाचन व्यवस्थापन निकायहरूको नियन्त्रण नरहने र निर्वाचन अधिकारीहरूका जिम्मेवारीहरूमा बाहिरी कम्पनीहरू हावी हुने खतरा रहन्छ । निर्वाचन प्रशासनका कुनै पनि सान्दर्भिक कामहरूलाई सेवा प्रदायकहरूले प्रतिस्थापन गर्ने छैनन् र यो निर्वाचन प्रक्रियाकै पूर्ण नियन्त्रणमा हुन्छ भन्ने कुरा सुनिश्चित गर्न सावधानीपूर्वक र दूरगामी विचार गर्नु आवश्यक हुन्छ ।

### सुरक्षा चुनौती

निर्वाचन व्यवस्थापन निकायका लागि इन्टरनेटबाट गर्ने मतदानको कार्यान्वयनको प्रमुख चासो भनेको मतको गोपनियताको सुरक्षा र परिणामको विश्वसनियता हो । एउटा कमजोर प्रणालीको डिजाइन, प्राविधिक गल्ती वा सफ्टवेयरमा आउने सानो खराबीले सारा निर्वाचनको प्रक्रियालाई नै भताभुङ्ग बनाउन सक्छ । मतदान गर्ने र रेकर्ड गर्ने काममा आउने साना गल्तीले साना प्राविधिक खराबीलाई अझ बढी समस्याग्रस्त बनाउँछ किनभने यी गल्तीका परिणामहरूलाई तथ्यका आधारमा सच्याउन सकिँदैन । सबभन्दा ठूलो कुरा त्यस्तो गल्तीले प्रभावित सबै मतहरूलाई अमान्य बनाउन सक्छ वा पुरै निर्वाचनलाई नै अमान्य बनाउन सक्छ ।

त्यस्ता प्रणालीहरूको डिजाइनमा प्राविधिक गल्तीका साथसाथै अर्को गम्भिर सुरक्षा चुनौती त्यो प्रणालीलाई बाहिरबाट ह्याक गर्ने, नियन्त्रण गर्ने र प्रभावित गर्ने सम्भावनासँग सम्बन्धित छ । मतदानका लागि सुरक्षित वातावरणको सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायहरूले त्यो प्रणाली ध्यानपूर्वक बनाइएको र त्यसको निर्वाचन अधिकारी, सेवा प्रदायक वा अन्य र प्राविधिकबाट हुनसक्ने ह्याकिङ् नियन्त्रणको प्रभावबाट पूर्णरूपमा सुरक्षित रहेको सुनिश्चितता गर्न ती प्रणाली विशेष तवरले बनाइएको र आवश्यक सुरक्षा प्रणाली छ भनेर सुनिश्चित गर्नुपर्दछ ।

## पूर्व आवश्यकताका रूपमा निर्वाचन व्यवस्थापन निकायमा आत्मविश्वास

निर्वाचन व्यवस्थापन निकायको काम कार्यवाहीमा नागरिकको विश्वास नभएका देशहरूमा इन्टरनेटबाट गर्ने मतदानको शुरूवात गर्ने कुराले निर्वाचनको प्रक्रियाप्रति उनीहरूको विश्वासमा अझ कमी ल्याउन सक्छ। त्यसकारण नयाँ मतदान प्रणालीको विकास गर्न शुरू गर्नुभन्दा पहिले निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन प्रक्रियामा नागरिकहरूको विश्वासमा वृद्धि वा विकास गर्नमा प्रशस्त लगानी गर्नुपर्दछ।

निर्वाचन व्यवस्थापन निकायहरूले नयाँ प्रविधिहरूको शुरूवात तबमात्र गर्न सक्छन् जब निर्वाचन प्रक्रियाका सबै सरोकारवालाहरूको निर्वाचन व्यवस्थापन निकायप्रति विश्वास हुन्छ। इन्टरनेट प्रणालीबाट गर्ने मतदानलाई सफलताका साथ कार्यान्वयन गर्न निर्वाचन व्यवस्थापन निकायहरूले नयाँ प्रणालीका लागि सहयोगको सुनिश्चितता गर्न सबै सरोकारवालाहरूसँग सहकार्य गर्नुपर्दछ। राजनीतिक दल, उमेद्वार, नागरिक समाज संगठन, अनुगमनकर्ता र मतदाताहरू सबै प्रक्रियाहरू पारदर्शी छन् र यो प्रणालीलाई बिगार्न वा प्रभावित गर्न सकिन्न भन्ने कुरामा ढुक्क हुनुपर्दछ। सबै सरोकारवालाहरूले छानिएको व्यापारी, सफ्टवेयर र मतको गोपनियताका र परिणामको विश्वसनियताका लागि अपनाइएको सुरक्षा विधिमा विश्वास गर्नुपर्दछ।

---

२००७ मा इस्टोनिया कानुनी रूपमा नै इन्टरनेट प्रणालीबाट मतदान गर्ने विधिलाई अनिवार्य गर्ने पहिलो देश बन्यो। यो निर्णय न्युन मतदान दरलाई घटाउन गरिएको थियो। यो देशको खास सन्दर्भ अलि पृथक छ। यसको सानो जनसङ्ख्या र उच्च इन्टरनेट पहुँचका कारणले यसको अनुभव इन्टरनेट प्रणालीबाट मतदान गर्ने विधिलाई शुरू गर्ने विचार गरेका देशहरूका लागि एकदम महत्वपूर्ण मानिन्छ। इस्टोनियामा[97] इन्टरनेट मतदानको प्रयोगलाई प्रभावित गर्ने तत्वहरूलाई देखाउनका लागि 'विश्वासको घर' भन्ने एउटा अवधारणा विकास गरियो। इन्टरनेट मतदानको सफलता निर्धारण गर्ने तत्वहरू निम्न बमोजिम छन् : क) समाजमा इ-सेवाको स्विकार्यताको स्तर। अनलाइन भुक्तानी, पैसाको आदानप्रदान र कर भुक्तानीका लागि नागरिकले कुन तहमा इ-सेवाको प्रयोग गर्दछन् ? यदि नागरिकहरूले नियमित रूपमा इन्टरनेट सेवाहरूको प्रयोग गरिरहेका छैनन् भने उनीहरूले अनलाइन मतदानमा विश्वास नगर्न सक्छन्। ख) सुरक्षित अनलाइन प्रमाणित गर्ने विधि। नागरिकहरूले विद्युतीय परिचयपत्रको प्रयोगमा सहजता र विश्वास महसुस गर्नुपर्दछ। अन्यथा उनीहरूले त्यस्ता परिचयपत्रहरूलाई मतदान गर्न प्रयोग नगर्न सक्छन्। ग) निर्वाचन व्यवस्थापन निकायहरूका काममा र इन्टरनेट मतदानलाई परम्परागत मतदानका सिद्धान्त र मापदण्ड अनुसार नै सम्पन्न गर्ने ती निकायहरूको क्षमतामा विश्वास गर्ने कुरा नागरिकहरूलाई अनलाइन मतदान[98] गर्न अभिप्रेरित गर्नका लागि आवश्यक हुन्छ।

---

## पर्यवेक्षकका रूपमा युवा

निर्वाचन निरीक्षण र अनुगमनमा युवाहरूलाई संलग्न गराउनु निर्वाचन प्रक्रियाभरि नै युवाहरूको सहभागितामा वृद्धि गराउने एउटा प्रभावकारी उपाय हो। युवा निरिक्षकहरूसँग काम गर्नका धेरै फाइदाहरू यसप्रकार छन् :

- धेरै युवाहरूसँग आवश्यक प्राविधिक ज्ञान हुन्छ र निर्वाचन प्रक्रियाहरूको अनुगमन गर्न नयाँ प्रविधिहरूको प्रयोग गर्न सहज महसुस गर्दछन् ।
- निर्वाचनमा युवाहरूको सहभागितामा थप ध्यान दिन युवाहरु नै बसेका हुन्छन् । यसको अर्थ उनीहरूले उमेर विभक्त तथ्याङ्क संकलनमा र युवासँग सम्बन्धित चुनौतीहरूका बारेमा रिपोर्ट गर्न अमूल्य सहयोग गर्न सक्छन् ।
- युवा निरिक्षकहरूले अरू युवाहरूलाई मतदान गर्न आश्वस्त पार्न सक्छन् र त्यो उमेर समूहको मतदान गर्ने दरमा सकारात्मक प्रभाव आउनेछ ।

निर्वाचनमा युवाको घट्दो सहभागिताको वास्तविकतालाई समाधान गर्न र निर्वाचन अनुगमनमा प्रविधिको प्रयोगको नयाँ अवसर सिर्जना गर्न धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले निर्वाचनको अनुगमनमा युवाहरूसँग काम गर्ने कुरालाई अघि बढाएका छन् ।

---

मेक्सिकोमा, २०१२ को संघीय निर्वाचन प्रक्रियाका दौरान युएनडिपीले निर्वाचन अनुगमन परियोजनालाई सहयोग गर्न एउटा कोषको व्यवस्था र सञ्चालन गर्‍यो र यो कोषको प्रस्तावका लागि सार्वजनिकरूपमा गरिएको विज्ञापनमा स्पष्ट रूपमा उल्लेख गरिएको थियो छनोट प्रक्रियामा युवाहरूलाई प्राथमिकता दिइनेछ भनेर उल्लेख गरिएको थियो । समग्रमा छानिएकामध्ये पाँचवटा परियोजनाहरूले युवाहरूलाई लक्षित गरेका मात्र नभई युवाहरूका संस्थाहरूद्वारा नै सञ्चालित थिए ।

---

राष्ट्रिय प्रजातान्त्रिक संस्था (एनडिआइ)ले २०१४ को संवैधानिक सुधारको प्रक्रियामा र २०१५को राष्ट्रपतीय निर्वाचनमा[99] युवाहरूको संलग्नतालाई सहयोग गर्न तान्जानियाली युवा गठबन्धनसँग साझेदारी गर्‍यो ।

युरोपेली विद्यार्थी मञ्च (एइजिइइ) ले २०१४ मा युरोपमा विद्यार्थीका लागि निर्वाचन अनुगमन पहल शुरू गर्‍यो । युवा संलग्नताको परीक्षण गर्न युवाहरूलाई निर्वाचन अनुगमन मिसनमा खटाएर एइजिइइले युरोपमा निर्वाचनमा युवा दृष्टिकोण प्रदान गर्‍यो । अहिले सम्म, संगठनले बोस्निया हर्जगोभिना -आम निर्वाचन, अक्टोबर २०१४), मोल्डोवा (संसद्को निर्वाचन, नोबेम्बर, २०१४), संयुक्त अधिराज्य (संसदीय निर्वाचन, मइ २०१५), क्याटालोनिया-स्पेन (संसदीय निर्वाचन, सेप्टेम्बर २०१५) ,युक्रेन (स्थानीय निर्वाचन, अक्टोबर २०१५), स्पेन (आम निर्वाचन, डिसेम्बर २०१५), पहिलेको युगोस्लाभ म्यासडोनिया गणतन्त्र ((संसदीय निर्वाचन, जुन २०१६), संयुक्त अधिराज्य (युरोपियन युनियन जनमत सङ्ग्रह, जुन २०१६)[100] ।

---

# NOTES OF CHAPTER 5


78. ibid.

79. ibid.

80. Electoral Institute for Sustainable Democracy in Africa (EISA), South Africa Election Updates, Issue Eight, 2004, www.eisa.org.za/eu/2014eu9editorial2.htm.

81. Electoral Commission of the United Kingdom, 'Great Britain's Electoral Registers 2011', www.publications.parliament.uk/pa/cm201415/cmselect/cmpolcon/232/23207.htm#note154.

82. World Health Organization (WHO), 'Civil Registration: Why Counting Births and Deaths is Important', May 2014, www.who.int/mediacentre/factsheets/fs324/en/.

83. Mikkelsen, Lene, Alan Lopez and David Phillips, 'Why Birth and Death Registration Really are "Vital" Statistics for Development', UNDP Human Development Reports, 2015, http://hdr.undp.org/en/content/why-birth-and-death-registration-really-are-%E2%80%9Cvital%E2%80%9D-statistics-development.

84. UNDP and UN WOMEN, 'Inclusive Electoral Processes: A Guide for Electoral Management Bodies on Promoting Gender Equality and Women's Participation', 2015, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/guide-for-electoral-management-bodies-on-promoting-gender-equali.html.

85. USAID Kenya, 'My ID, My Life' campaign, 2012, www.youtube.com/watch?v=4G9mbZlAIHY.

86. ACE, The Electoral Knowledge Network, 'Voter Registration', discussion paper, http://aceproject.org/ace-en/topics/vr/vra/vra06.

87. International IDEA, database for elections and technology, http://www.idea.int/themes/icts-elections

88. Rock The Vote USA, online voter registration platform, www.rockthevote.com/voter-registration/online-application-system/privacy.html?referrer=https://www.google.be/.

89. Elections Canada, voter registration online, www.elections.ca/content.aspx?section=vot&dir=reg&document=index&lang=e.

90. National Voters' Service Portal, India, www.nvsp.in/.

91. ACE, The Electoral Knowledge Network, 'EMB Entry Points for Advancing Young Participation', http://aceproject.org/electoral-advice/archive/questions/replies/695675441.

92. In Assam: (i) toll free number, (ii) online application 'SAMADHAN' (iii) Android based mobile application (iv), physical copies in person/post/fax etc. (v) receive SMS or view status of complaints. In Kerala: (i) lodge complaints online - e- Pariharam, (ii) visit Akshaya Centres (CSC) and (iv) helpline numbers. Complainants will receive SMS alerts while lodging as well as at the time of disposal of complaints. Photos/videos can be uploaded as part of complaints.In Tamil Nadu: (i) paper, (ii) phone, (iv) e-mails, (v) online platforms (vi) through Facebook, twitter etc. In West Bengali: 9i) IT platform and (ii) mobile App In Puducherry: (i) helpline call centre, (ii) SMS, Whatsapp, (iii) e-mail. http://pib.nic.in/newsite/PrintRelease.aspx?relid=138429

93. The UNDP and UN WOMEN handbook, 'Inclusive Electoral Processes: A Guide for Electoral Management Bodies on Promoting Gender Equality and Women's Participation', explores avenues for EMBs to facilitate the registration of women: allow community leaders or elected officials to act as witnesses to verify a women's identity; issue national ID cards to specific groups without ID or citizenship document; provide the possibility to have IDs without photo; offer dedicated spaces in which photographs are taken; deploy women-only teams or establish women-only centres; establish priority queues for women to register to vote, etc.

94. CBC News, 'Elections Canada Pilot Project Lets Students, Aboriginal People Vote Far From Home', 8 October 2015, www.cbc.ca/news/canada/montreal/elections-canada-pilot-project-pop-up-returning-office-campus-friendship-centre-students-aboriginal-1.3262857.

95. United Nations International Telecommunication Union (ITU), 'ICT Statistics', www.itu.int/en/ITU-D/Statistics/Pages/default.aspx.

96. ibid.

97. Vinkel, Priit, 'Remote Electronic Voting in Estonia: Legality, Impact and Confidence', TUT Press, 24 August 2015, http://digi.lib.ttu.ee/i/?3148.

98. ibid.

99. National Democratic Institute (NDI), Tanzania, www.ndi.org/tanzania.

100. AEGEE Election Observation, www.aegee.org/projects/election-observation-project/.




**Côte d'Ivoire:** युवा खेलाडी शान्तिका लागि खेल कार्यक्रमा सहभागी हुँदै
© युएनडिपी/प्याट्रिसिया स्टेभ

# अध्याय ६



> दिगो विकास लक्ष्य १६, लक्ष्य १ : सबै तिर सबै प्रकारका हिंसा र यससँग सम्बद्ध मृत्युदरमा महत्वपूर्ण रूपमा कमी ल्याउने

## शान्तिका लागि साझेदारका रूपमा युवा

कमजोर परिस्थितिहरूमा युवाहरू निर्वाचनसम्बद्ध हिंसामा पर्न सक्छन् जुन हिंसा निर्वाचन चक्रको विभिन्न चरणमा, खासगरि मतदाता दर्ता, निर्वाचन अभियान, मतदान र परिणामको तालिकीकरणका दौरानमा हुन सक्छन् । युवाहरूलाई राजनीतिक प्रक्रियाबाट बञ्चित गरिनाले उनीहरूमा निरासा आउन सक्छ जुन कुरा प्रायः हिंसाका रूपमा अभिव्यक्त हुन सक्छ र यो शान्ति खल्बल्याउने र अस्थिरता निम्त्याउने कारक तत्व हुन सक्छ ।

निर्वाचन र प्रजातान्त्रिक प्रणालीको विश्वसनीयतालाई बचाइराख्न निर्वाचनसम्बद्ध हिंसा हुनबाट रोक्ने काम देशको दीर्घकालिन शान्ति र स्थिरताका लागि पनि आवश्यक छ। यो उद्देश्यलाई दिगो विकास लक्ष्य १६.१ मा पनि स्विकार गरिएको छ जसले "शान्ति, न्याय र बलिया संस्थाहरू" हासिल गर्न सबै प्रकारका हिंसाको न्युनीकरणलाई जोड दिन्छ। युएनडिपीको पहिलेको दस्ताबेजमा देखाइए अनुसार निर्वाचनसम्बद्ध हिंसामा कमी ल्याउने काम एउटा जटिल प्रक्रिया हो जसमा "मुख्य साझेदार, सञ्चार माध्यम, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज र संकट रोकथाम कार्यक्रममा[101] काम गर्ने अरू सरोकारवालाहरूका बिचमा विश्वास सिर्जना गर्नु" आवश्यक छ। त्यसकारण, निर्वाचन व्यवस्थापन निकायहरूले, अरू निर्वाचनका सरोकारवालाहरूसँगको सहयोगमा, निर्वाचनसम्बद्ध हिंसा कम गर्न र नागरिकको मतदान गर्ने अधिकारको अभ्यास गर्ने स्वतन्त्रता र सुरक्षाको अनुभूतिलाई बलियो बनाउन निश्चित कदम चाल्नुपर्दछ।

निर्वाचन प्रक्रियाका दौरानमा हुने हिंसा रोक्ने प्रयासमा युवाहरूको भुमिका मुख्य हुन सक्छ र हुनुपर्दछ। सकारात्मक र रचनात्मक परिवर्तनका[102] वाहकका रूपमा युवाहरूले सक्रिय भुमिका खेल्न सक्छन् र खेल्छन् भन्ने कुरा विभिन्न प्रमाणहरूले देखाएका छन्। यो कुरालाई डिसेम्बर २०१५ को युवा, शान्ति र सुरक्षाका[103] बारेमा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को घोषणा २२५० मा पनि अंगिकार गरिएको कुराले पनि पुष्टि गर्दछ। युवाहरूमा हुर्कँदै गइरहेको कट्टरताका कारणले सिर्जना गरेका खतरालाई स्विकार्दै संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को युएनएससिआर घोषणाले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नमा युवाहरूको महत्वपूर्ण र सकारात्मक भुमिकालाई औपचारिकरूपमा स्विकार गर्दछ। यसले युवाहरूलाई निर्वाचन सम्बद्ध हिंसा उन्मुख र पिडितको रूपमा मात्र नलिई निर्वाचन प्रक्रियाको मुख्य पात्रहरूको रूपमा स्विकारेको छ। संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को युएनएससिआर २२५० घोषणाको कार्यान्वयनका लागि निर्णय प्रक्रिया र सामाजिक रूपान्तरणमा युवाहरूको अर्थपूर्ण संलग्नता र सहभागिता चाहिन्छ।

यो अध्यायमा निर्वाचन व्यवस्थापन निकाय र अरू निर्वाचनसँग सम्बद्ध सञ्चार जस्ता सरोकारवालाहरूले राजनीतिक दल र नागरिक समाज संगठनहरूले शान्ति र निर्वाचन सम्बद्ध हिंसा रोक्नका लागि साझेदारी गर्न सक्छन् भनेर चर्चा गरिन्छ। यो अध्यायमा राजनीतिक दलहरूबाट युवाहरूलाई हिंसात्मक क्रियाकलापहरूमा प्रयोग हुनबाट रोक्नका लागि निर्वाचन व्यवस्थापन निकायहरूले युवाहरूलाई कसरी संलग्न गराउन सक्छन् भनेर परीक्षण पनि गरिन्छ।

## राजनीतिक दलहरू

युवाहरूको ठूलो हिस्सा हिंस्रक नभए पनि वा हिंसामा रूची नराखे पनि राजनीतिक नेताहरूले आफ्नो राजनीतिक उद्देश्य पुर्तिका लागि कहिलेकाहीँ युवाहरूलाई हिंसात्मक काम शुरू गर्न वा भड्काउन प्रयोग गर्दछन्। निर्वाचन सम्बद्ध हिंसाको इतिहास भएका केही देशहरूमा केही युवाका समूहहरूले राजनीतिक दल वा सशस्त्र विपक्षी समूहहरूसँग राम्रो सम्बन्ध बनाएका हुन्छन्। अरू देशहरूमा राजनीतिक दलका युवा संगठनहरूनै हिंसात्मक क्रियाकलापहरूमा प्रत्यक्षरूपमा संलग्न गराइन्छन्[104]।

सबै क्षेत्रमा राजनीतिक दलहरू र सशस्त्र समूहहरूको बिचमा दीर्घकालिन अन्तर्निर्भरता पाउन सकिन्छ उदाहरणका लागि हाइटीमा चिमेर (*chimères*) नामको सशस्त्र समूहले १९९४ देखि २००४ सम्म राष्ट्रपति जिन बर्ट्रान्ड एरिस्ताइडलाई समर्थन गर्‍यो र उनी सत्ताच्युत भएपछि राजधानीमा गैर कानुनी नेता बन्यो। २००६ को निर्वाचनको बेलामा राजनीतिक दलहरूले प्रदर्शन गर्न उनीहरूका लागि मतदान गर्न र निर्वाचनलाई बिथोल्नका[105] लागि जनशक्ति परिचालन गर्न त्यस्ता समूहहरूलाई पैसा र हतियार बाँडे।

माल्दिभ्स्मा[106] त्यस्ता समूहहरूलाई पैसा, रक्सी र लागुपदार्थ दिइन्छ र उनीहरू आफ्नो संरक्षणका लागि राजनीतिक नेताहरूमा भर पर्दछन् । त्यसका बदलामा उनीहरू राजनीतिक प्रदर्शनमा सहभागी हुन्छन्; राजनीतिक हिंसा वा दंगा शुरू गर्दछन्; सम्पत्ति विनास गर्दछन् र राजनीतिक सवालहरूबाट सञ्चार माध्यमको ध्यान अन्यत्र मोड्न लडाईं र झैझगडा शुरू गर्दछन् । जनवरी २०१५ देखि बुरून्डीको राजनीतिक अवस्था सरकार विरोधीहरूका[107] लागि राजनीतिक बिचारको अभिव्यक्तिका लागि प्रजातान्त्रिक क्रियाकलापहरूमा लगाइएको नियन्त्रणका कारणले अरू तनावग्रस्त भएको छ । सत्तामा रहेको दलको युवा संगठन (सिएनडिडि-एफडिडी) विभिन्न गम्भिर प्रकृतिका हिंसात्मक क्रियाकलापहरूमा[108] व्यापकरूपमा संलग्न भएको छ ।

राजनीतिक नेता र युवा संगठनहरूबाट भएको युवाहरूको शोषणले कानुनको उल्लंघन गर्दछ । जुनसुकै देशमा पनि राजनीतिक दलहरूका लडाकु समूह वा राजनीतक दलहरूका हिंसात्मक युवा संगठनहरू जसले हिंसा बढाउन वा कायम राख्न सहयोग गर्दछन्, त्यस्ता युवा संगठनहरूलाई रोक्नका लागि कडा कदम चाल्नुपर्दछ ।

गैरकानुनी क्रियाकलापहरूको अनुगमन गर्न र कानुनको सम्भावित उल्लंघन अनुसन्धान गरिन्छ भनेर सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायहरूले महत्वपूर्ण भुमिका खेल्न सक्छन् । तान्जानियाको २०१५ को राष्ट्रपतीय निर्वाचनको दौरान, राष्ट्रिय निर्वाचन आयोगले राजनीतिक दलका आन्तरिक निकायहरूले मतदानका बेला[109] हिंसा भड्काउनका लागि युवाहरूलाई भर्ती गर्दै उनीहरूलाई लडाकु तालिम दिइएको छ भन्ने जानकारीको अनुसन्धान गर्नका लागि प्रहरीलाई आग्रह ग-यो ।

खासगरि ज्यादै चासोका साथ हेरिएका निर्वाचनमा, जहाँ राजनीतिक प्रतिस्पर्धीहरूका बिचमा तनावहरू बढेका हुन्छन्, त्यहाँ निर्वाचन व्यवस्थापन निकायहरूले छलफल र संवादका लागि मञ्चहरू प्रदान गरेर सहजीकरण गर्ने महत्वपूर्ण भुमिका खेल्न सक्छन् । त्यस्ता मञ्चहरूमा विभिन्न समूहका सदस्यहरू एक अर्कासँग भेट्न सक्छन्, जानकारीहरू साटासाट गर्न सक्छन् र निर्वाचनमा हिंसालाई रोक्नका लागि नीति र क्रियाकलापहरूका बारेमा छलफल गर्न सक्छन् । उदाहरणका लागि, २०१० र २०११ म केन्याको अन्तरिम स्वतन्त्र निर्वाचन आयोग (आइआइइसी)ले अफ्रिकामा दिगो प्रजातन्त्रका लागि निर्वाचन संस्था (इआइएसए)सँगको सहयोगमा नौवटा क्षेत्रीय द्वन्द्व व्यवस्थापन समूहको स्थापना गर्‍यो । समूहका सदस्यहरूलाई आफ्ना आफ्ना क्षेत्रमा मध्यस्थकर्ताको भुमिका निर्वाह गर्न लगाइयो र उनीहरूलाई निर्वाचनसँग सम्बद्ध झगडाहरूलाई मध्यस्थता गर्न र समाधान गर्न आवश्यक पर्ने सीप र विज्ञता प्रदान गरियो । मध्यस्थकर्ताहरूले विभिन्न झगडाहरू जस्तैः राजनीतिक दलहरूका हल्लाखोरे युवाहरू जसले मतदाताहरूलाई मतदान केन्द्रबाट बाहिर जान रोकिराखेका थिए[110], लगायतका विभिन्न घटनाहरूमा हस्तक्षेप गरे ।

## राजनीतिक दलहरूको आचार संहिता

निर्वाचन व्यवस्थापन निकायहरूले राजनीतिक दलहरूका लागि आचार संहिता निर्माण गर्न सहजीकरण गर्न सक्छन् । आचार संहिताले निर्वाचन प्रक्रियाका सबै चरणहरूमा युवाहरूको सहभागिताको सुनिश्चितता गर्ने उपायहरूमा प्रकाश पार्न सक्छ र यसले युवाहरूलाई शान्ति बिथोल्न र हिंसा भड्काउन प्रयोग गरिने छैन भन्ने कुरा पनि ग्यारेन्टी गर्दछ । यो खासगरि कडा प्रतिस्पर्धात्मक निर्वाचन हुने, राजनीतिक दलका समर्थकहरूको बिचमा हिंसा हुने ठूलो खतरा भएका र निर्वाचनका प्रक्रियाबाट समाजका विभिन्न समूहहरू वञ्चितिकरणमा पारिएको इतिहास भएका देशहरूमा सान्दर्भिक हुन्छ । यदि सबैद्वारा स्विकार गरिएमा आचार संहिता विरोधी राजनीतिक शक्तिहरूको बिचमा विश्वास बढाउन उपयोगी उपायहरू हुन्छन् ।

२०१५ को आम निर्वाचनमा जन्जिबार निर्वाचन आयोग र राजनीतिक दलहरूले ‘२०१५ को निर्वाचनका लागि राजनीतिक दलहरूको लागि आचार संहिता निर्देशिका, जान्जिबार’ मस्यौदा गरे । अनुच्छेद ४ ख को एउटा व्यवस्थाले निर्वाचन चक्रभरि नै समावेशी बनाउने कुराको महत्वमा प्रकाश पार्छ : “राजनतिक दलहरूले महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनका दौरान मतदाताका रूपमा समान सहभागिताको ग्यारेन्टी गर्नेछन् ।” अनुच्छेद ४ घ ले शान्तिपूर्ण निर्वाचनको सुनिश्चिततका लागि राजनतिक दलहरूको भुमिकालाई जोड दिन्छ : “राजनीतिक दलहरूले निर्वाचनका दौरान हिंसा भड्काउन र शान्ति खलबलाउन वा बिथोल्न महिला र युवाहरूको प्रयोग गर्ने छैनन् ।”

नाइजेरियाको स्वतन्त्र राष्ट्रिय निर्वाचन आयोगले २०१३ को आफ्नो आचारसंहितामा युवाहरूको सक्रिय सहभागितालाई प्रबर्द्धन गर्नका लागि राजनीतिक दलहरूको दायित्व र हिंसात्मक क्रियाकलापहरूलाई अस्विकार गर्ने उनीहरूको दायित्वमा स्पष्टसँग जोड दिएको छ । अनुच्छेद २.९ ले स्पष्टसँग भन्छ : निर्वाचन प्रक्रियाका दौरान प्रत्येक दलहरूले महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको समान र सक्रिय सहभागिताको सुनिश्चितता गर्नेछन् ।” अनुच्छेद २.६ ले शान्तिपूर्ण निर्वाचनको ग्यारेन्टी गर्न राजनीतिक दलहरूले खेल्न सक्ने भुमिकालाई जोड दिन्छ : “कुनै पनि राजनीतिक दलले आफ्नो शक्ति देखाउने बहानामा कुनै पनि प्रकारका हिंसात्मक क्रियाकलापहरूमा संलग्न हुने छैनन् । सबै राजनीतिक दलहरूले जुनसुकै प्रकारका राजनीतिक हिंसालाई सार्वजनिक रूपमा भर्त्सना गर्नेछन् ।””

- निर्वाचनका सबै प्रक्रियाहरूमा युवाहरूको समावेशिताको महत्वलाई जोड दिन राजनीतिक दलहरूका लागि आचार संहिता निर्माण वा सुधारका लागि सहजीकरण गर्ने । यदि कुनै आचारसंहिता बनेको छैन भने यो महत्वपूर्ण प्राथमिकतालाई जोड दिँदै एउटा आचार संहिता विकास गर्न सहजीकरण गर्ने
- निर्वाचनका हरेक चक्र वा चरणहरूमा राजनीतिक दलहरूले युवाहरूलाई कुनै पनि प्रकारका हिंसात्मक क्रियाकलापहरू गर्न लगाउने छैनन् भन्ने कुरालाई सुनिह्चितता गर्न राजनीतिक दलहरूका लागि आचार संहिताको सुधार गर्न सहजीकरण गर्ने । यदि कुनै आचारसंहिता बनेको छैन भने यो महत्वपूर्ण प्राथमिकतालाई जोड दिँदै एउटा आचार संहिता विकास गर्न सहजीकरण गर्ने

## पहरेदारका रूपमा सञ्चार माध्यम

दिगो विकास लक्ष्य १६, लक्ष्य १० : “राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौताहरूका आधारमा सूचनामा सार्वजनिक पहुँच र सार्वभौम अधिकारको संरक्षणको ग्यारेटी गर्ने”

दिगो विकासका सबै १७ वटा लक्ष्यहरूको[113] कार्यान्वयनका लागि दिगो विकास लक्ष्य १६, लक्ष्य १० को सूचनाको पहुँच एउटा महत्वपूर्ण सशक्तिकरणको अवस्था वा शर्त हो । यो लक्ष्य हासिल गर्न योगदान गर्नका लागि निर्वाचन व्यवस्थापन निकाय र सञ्चार माध्यमको निर्वाचन प्रक्रियाका सबै चरणहरू, जस्तैः अभियान, मतदान र मतगणनामा सबै नागरिकहरू पारदर्शी र विना भेदभाव सुसूचित छन् भन्ने कुराको ग्यारेन्टी गर्ने ठूलो उत्तरदायित्व हुन्छ । सूचनाको कमी, गलत वा अपूर्ण सूचना र अपुस्ट हल्लाका कारणले हिंसा सजिलो गरि भड्कन सक्छ ।

## सञ्चार माध्यमको आचार संहिता

धेरै देशहरूमा पूर्वाग्रही सञ्चार माध्यम र निर्वाचनका दौरान अपूर्ण तथ्यमा आधारित समाचारले हल्ला फैलाएर अनि घृणाको मन्तव्य र हिंसात्मक विरोधहरूलाई महत्व दिएर नागरिकहरूमा एउटा डरको वातावरण सिर्जना गर्ने कारण बनेका छन् । गुयानामा सरकारका स्वामित्वमा रहेका पूर्वाग्रही र एकपक्षीय सञ्चार माध्यम देशमा भएका निर्वाचनसम्बद्ध हिंसाका लागि मुख्य रूपमा जिम्मेवार रहेको तथ्य पहिचान भएको छ । २००६ मा गुयाना निर्वाचन आयोग (जिइसिओएम)ले निजी र सार्वजनिक सञ्चार माध्यममा[114] आएका हिंसा भड्काउने खालका समाचार वा भनाईहरूलाई रोक्ने प्रयासस्वरूप युएनडिपीको सहयोगमा सञ्चार माध्यम आचार संहिता र एउटा सञ्चार माध्यम अनुगमन एकाईको निर्माण गर्‍यो । त्यो सञ्चार माध्यम अनुगमन एकाई २०११ मा पनि क्रियाशील थियो र २०१५मा यसलाई पुनः स्थापित गरियो । नयाँ सञ्चार माध्यम अनुगमन एकाइले रिपार्ट गर्ने सञ्चार माध्यमका लागि एउटा अद्यावधिक  गरिएको आचार संहिता विकास गर्‍यो, निर्वाचनका समयमा र निर्वाचन पछिको रिपोर्टिङ्का बारेमा तालिम सञ्चालन गर्‍यो । निर्वाचनमा सञ्चार माध्यमको रिपोर्टिङ्लाई अनुगमन गर्‍यो[115] ।

## सामाजिक सञ्चार माध्यम

सामाजिक सञ्चार माध्यम मञ्चहरूल जो अनलाइनमा एकदम सक्रिय हुन्छन् । उनीहरूसम्म निर्वाचन प्रक्रियाका बारेका सूचनाहरूलाई फैलाउन निकै ठूलो भुमिका निर्वाह गरेका छन् (यसको चर्चा यो पुस्तिकाको अध्याय ४ मा गरिसकिएको छ) । यिनीहरूको बढ्दै गइरहेको प्रयोगको महत्व प्रायः सकारात्मक विकास नै हो तापनि सामाजिक सञ्चार माध्यमहरू नकारात्मक र विनाशकारी तरिकाले पनि प्रयोग भइरहेका छन् , जस्तैः जनतालाई छानेर अपूर्ण समाचार र गलत सूचना दिने, हल्ला फैलाउने र गलत समाचार वा सूचनाहरू प्रसारण गर्ने र हिंसात्मक विरोधका लागि आव्हान गर्ने आदि । निर्वाचन व्यवस्थापन निकाय र सञ्चार माध्यमले गलत सूचनाहरूको तत्कालै खण्डन र विरोध गर्नुपर्दछ र निर्वाचन प्रक्रियामा नागरिकलाई गलत सूचना दिएर झुक्याउनेहरूका विरूद्ध आवश्यक कदम चल्न तयार रहनु पर्दछ ।

---

२०११ मा नाइजेरियाको निर्वाचनभन्दा पहिले सामाजिक सञ्चार माध्यमहरू अनुगमन केन्द्रको स्थापना गरिनु सामाजिक सञ्चार माध्यमलाई अनुगमन गर्नका लागि विभिन्न सरोकारवालाहरूको विचमा भएको एउटा राम्रो उदाहरण हो । स्वयम्सेवकहरूसँग काम गर्दै यो केन्द्रले विशेष हिसाबले डिजाइन गरिएका सफ्टवेयरको प्रयोग गर्‍यो जुन सफ्टवेयरले रिपोर्टहरूलाई छानवीन र जाँच गर्ने एउटा उपाय दियो । यो सफ्टवेयर देशका केही क्षेत्रहरूमा नक्सामा आधारित घटना रिपोर्टिङ् विधि र निर्वाचन सम्बद्ध स्थान र विषयबस्तुका आधारमा ती रिपोर्टहरूलाई स्वचालित हिसाबले वर्गीकरण गर्ने विधि हो । उदाहरणका लागि त्यो सफ्टवेयरले राष्ट्रपतीय निर्वाचनको भोलीपल्ट घटनाहरूको सङ्ख्यामा वृद्धि भएको देखायो र ती सूचनाहरूलाई त्यस दिन सबभन्दा बढी प्रयोग भएका दुईवटा मुख्य शव्दहरू फेला पार्‍यो बुहारी (सिपिसीका राष्ट्रपतीय उमेद्वार) र काडुना, उत्तरी राज्य जहाँबाट हिंसाका धेरै रिपोर्टहरू आए[116] ।

---

## सामाजिक सञ्चार माध्यमका मञ्चहरूलाई रोक्ने

पहिलेभन्दा अहिले युवाहरूले राजनीतिक प्रक्रियाहरूका बारेमा सुसूचित हुन मोबाइल फोन, युट्युब फेसबुक, ट्विटर र इन्टरनेट जस्ता सञ्चारका साधन र मञ्चहरूको प्रयोग धेरै गरिरहेका छन् तर पनि सामाजिक सञ्चार माध्यमहरू धेरैजसो युवाहरूका लागि सूचनाको प्राथमिक स्रोतभन्दा अझ महत्वपूर्ण भएको छ । यसले युवाहरूका लागि नयाँ राजनीतिक विचारहरू आदानप्रदान गर्न परिवर्तनका लागि संगठित हुन महत्वपूर्ण भुमिका खेल्छ जुन कुरा अरबको 'बसन्त क्रान्ति'का दौरानमा पनि देखियो ।

नयाँ सञ्चार माध्यमको शक्तिबाट डराएर निर्वाचन प्रक्रियाका दौरान नागरिकबाट हुने सूचना वा जानकारीहरूको बिस्तारलाई रोक्ने प्रयत्नस्वरूप धेरै सरकारहरूले कहिलेकाहीँ वा नियमितरूपमा सामाजिक सञ्चार माध्यम मञ्चहरू जस्तै : ट्विटर , ह्वाट्सअप र फेसबुकको पहुँचमा रोक लगाएका छन् । त्यस्ता कदमहरूले सञ्चार माध्यममार्फत् सूचनाहरूको खोजी गर्न, प्राप्त गर्न र आदानप्रदान गर्न पाउने अधिकारलाई कुण्ठित गर्दछ र अभिव्यक्तिको स्वतन्त्रताको सार्वभौम अधिकारलाई हनन् गर्दछ (युएचडिआर को धारा १९) । सामाजिक सञ्चार माध्यमलाई रोक्नु द्वन्द्व नियन्त्रणमा प्रत्युत्पादक पनि हुन्छ किनकि यसले धाँधली युक्त निर्वाचनको हल्ला पनि फैलाउन सक्छ । खासगरि युवाहरू सामाजिक सञ्चार माध्यममा सक्रिय हुने हुनाले त्यसलाई रोक्ने कुनै पनि प्रयासबाट उनीहरू नै धेरै प्रभावित हुन्छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र (युएचडिआर) को धारा १९ : सबै जनालाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ; यो अधिकारमा जुनसुकै ठाउँबाट कुनै हस्तक्षेपबिना विचारहरू ग्रहण गर्ने, सञ्चार माध्यममार्फत सूचनाको खोजी गर्ने, प्राप्त गर्ने र आदानप्रदान गर्ने अधिकार समावेश हुन्छन् ।

## निर्वाचनसम्बद्ध हिंसाको रोकथाम गर्न अभियान सञ्चालन गर्ने

निर्वाचनसम्बद्ध हिंसाले राजनीतिक व्यक्तिहरूलाई मात्र नभएर समाजका सबै मानिसहरूलाई प्रभाव पार्छ। त्यसकारण निर्वाचन व्यवस्थापन निकायहरूले समुदाय र समाजका सबै क्षेत्रहरूसँग द्वन्द्व नियन्त्रणमा तालिम सञ्चालन गरेर अनि समुदायका मानिसहरूलाई त्यस्ता हिंसाहरूलाई संरचनात्मक हिसाबले सामना गर्न र हिंसाको रिपोर्ट गर्न सामग्रीहरू प्रदान गरेर सँगै काम गर्नुपर्दछ । सचेत नागरिक र समुदायले राजनीतिक दलहरूलाई हिंसाको प्रयोग वा समर्थन गर्नबाट रोक्न सक्छ । निर्वाचन व्यवस्थापन निकायहरूद्वारा यी सबै प्रयत्नहरूमा युवा महिलाहरूलाई विशेष ध्यान दिनुपर्दछ किनकि उनीहरू निर्वाचनसम्बद्ध हिंसा जस्तैः मतदाता नाम दर्ता र मतदानका समयमा यौन दुर्व्यवहार, डर त्रास र धम्की, अनलाइनमार्फत् सामाजिक सञ्चार माध्यममा डर धम्कीको उच्च जोखिममा हुन्छन् ।

निर्वाचनसम्बद्ध हिंसाको इतिहास भएका धेरै देशहरूमा अन्तर्राष्ट्रिय र राष्ट्रिय संस्थाहरू, निर्वाचन व्यवस्थापन निकायहरू, नागरिक समाज संगठनहरू, युवा संगठनहरू र शान्ति अधिकारकर्मीहरूले राजनीतिक दवाव र हिंसाको युवाहरूद्वारा प्रतिवाद गराउन उनीहरूलाई बलियो बनाउन र निर्वाचनमा शान्तिपूर्ण सहभागितालाई प्रबर्द्धन गर्न विभिन्न अनलाइन र अफलाइन अभियानहरू शुरू गरिरहेका छन्

२०१५ को नाइजेरियाली राष्ट्रपतीय निर्वाचनका बारेमा सामाजिक सञ्चार माध्यममा एकदमै वादविवाद गरिएको थियो । सरकारको राष्ट्रिय अभिमुखिकरण एजेन्सीले वेजपिस (#Wagepeace) २०१५ नामको अभियान सञ्चालन गर्‍यो जसले निर्वाचनसम्बद्ध हिंसालाई कम गर्ने वा प्रतिवाद गर्ने प्रयत्न गर्‍यो । यो एजेन्सीले निजी र सार्वजनिक क्षेत्रका सरोकारवालाहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, सामुदायिक विकास र नागरिक समाज समूहहरू र शान्ति र अधिकारकर्मीहरूलाई वेजपिस२०१५ मञ्चलाई उपयोग गरी वेजपिस२०१५ ट्विटर ह्यान्डलबाट जनतालाई एकमुष्ट सन्देशहरू पठाउन र एकमुष्ट मोबाइल सन्देशहरू पठाउन प्रोत्साहन गर्‍यो । यसका साथै रेडियो र टिभीमा[118] शान्तिका सन्देशहरू प्रसारण गर्न पनि प्रोत्साहन गर्‍यो यी सन्देशहरूले अहिंसात्मक राजनीतिक व्यवहार र घृणा फैलाउने भाषणहरूको प्रतिवाद गर्ने कदमलाई प्रोत्साहन गर्‍यो । मतदान केन्द्रहरू बन्द भइसकेपछि ‘नाइजेरियाले निर्णय गर्दछ’ भन्ने अभियानलाई अन्तिम नतिजालाई पर्खिरहेको समयमा हजारौं नाइजेरियाली जनताले छलफल गर्न प्रयोग गरे । राष्ट्रपतिका दुबै उमेद्वारहरूले पनि जनताहरूलाई शान्तिपूर्वक नतिजा पर्खन र हिंसाको प्रयोगबाट टाढै रहन[119] सन्देशहरू प्रसारण गर्न उनीहरूका फेसबुक र ट्विटर एकाउन्टहरू प्रयोग गरे ।

---

निर्वाचन व्यवस्थापन निकाय, शान्ति अधिकारकर्मी र युवा संगठनहरूले निर्वाचनसम्बद्ध हिंसालाई रोक्ने अभियान सञ्चालन गर्न अनलाइन मञ्चहरूको प्रयोग गरेपनि उनीहरूको हिंसाविरोधी अभियानमा खासगरि अनलाइनमा सक्रिय नभएका नागरिकहरूसँग पुग्नका लागि परम्परागत सञ्चार माध्यम पनि एकदमै महत्वपूर्ण साझेदार थिए । त्यसकारण निर्वाचन व्यवस्थापन निकायहरूले सार्वजनिक सेवा घोषणामार्फत् आफ्ना शान्ति शिक्षा सन्देशहरू प्रसारण गर्न, नाटक र छलफल कार्यक्रमहरू प्रसारण गर्न राष्ट्रिय र स्थानीय रेडियो, टिभी च्यानल प्रयोग गरे (अध्याय ३ को मतदाता शिक्षा पनि हेर्नुहोस्) ।

---

उदाहरणका लागि बुरून्डी, जहाँ रेडियो सबभन्दा लोकप्रिय सञ्चारको माध्यम हो, त्यहाँ साझा सहमतिको खोजीले इन्टामेन्वा (अविभाज्य) शुरू गर्‍यो : एउटा काल्पनिक फुटबल समूहको कथामार्फत् राजनीति र हिंसामा गरिने युवाहरूको दुरूपयोगका बारेमा पत्ता लगाउने एउटा श्रृङ्खलाबद्ध रेडियो नाटक शान्तिपूर्ण निर्वाचनका लागि युवा परिचालन प्रसारण गर्‍यो[120] ।

---

## नागरिक समूहको माध्यमबाट निर्वाचन अनुगमन

सञ्चारका नयाँ साधनहरू र बढ्दो प्रविधि प्रयोग गर्ने ठूलो युवा जनसङ्ख्याको माध्यमद्वारा निर्वाचनलाई नजिकबाट अनुगमन गर्न र हिंसाका घटनाहरूका बारेमा तत्काले सूचना प्राप्त गर्न सजिलो भएको छ । निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचन अनुगमनका लागि अनलाइन मञ्चहरूको स्थापना गर्न र युवा तथा नागरिक समाज संगठनहरूलाई द्वन्द्व रोक्ने उपायका रूपमा नयाँ सामग्रीहरूको प्रयोग गर्नका लागि तालिम प्रदान गर्न सक्छन् र निर्वाचन प्रक्रियाका सबै क्षेत्रहरूमा ताजा विचारहरू आदानप्रदान गर्न सहयोग गर्न सक्छन् ।

# निर्वाचन प्रक्रियामा सञ्चार माध्यमको प्रयोग

### बुरून्डी

राजनीतिमा युवाको प्रयाग र हिंसा बारेमा रेडियो नाटकको माध्यमद्वारा शान्तिपूर्ण निर्वाचनमा युवा परिचालन गरियो ।

### संयुक्त राज्य अमेरिका

मोबाइल फोन वा इन्टरनेटमार्फत् प्राप्त भएका निर्वाचन सम्बन्धी हजारौं रिपोर्टहरूको अनुगमन गर्न Ushahidi सामग्रीको प्रयोग गरियो ।



### केन्या

Ushahidi(उशाहिडी) २००८ को विवादित निर्वाचनपछि केन्यामा हिंसालाई अनुगमन र मापन गर्नका लागि Ushahidi (उशाहिडी) सामग्रीको प्रयोग गरियो ।

### मोजाम्बिक

मोबाइल फोनको माध्यमद्वारा Txeka-la परियोजनाले( अनौपचारिक मोजाम्बिकमा ख्याल गर भन्ने अर्थमा) ले नागरिकहरूलाई २०१४ को राष्ट्रपतीय निर्वाचनमा अनुगमन र रिपोर्ट गर्न सशक्तिकरण गरियो ।

### नाइजेरिया

सरकारको राष्ट्रिय अभिमुखिकरण एजेन्सीले वेजपिस (#Wagepeace) २०१५ नामको अभियान सञ्चालन गरी निर्वाचनसम्बद्ध हिंसालाई कम गर्ने वा प्रतिवाद गर्ने प्रयत्न गर्‍यो ।

निर्वाचनका दौरान नागरिक समूहबाट सूचना लिने काम एकदम महत्वपूर्ण साधन हुन सक्छ जसलाई "आफुलाई चाहिएको सेवा, विचार वा विषयबस्तु परम्परागत रोजगारकर्मी वा एजेन्सीबाट भन्दा मानिसहरूको ठूलो समूह र खासगरि अनलाइन समुदायबाट सहयोग लिनु"का रूपमा परिभाषित गरिन्छ ।

Ushahidi ((उशाहिडी) (स्वाहिलीमा सबुत) एउटा खुल्ला स्रोत परियोजना हो जसले नागरिकहरूलाई आफ्ना मोबाइल फोन र इन्टरनेटका माध्यमद्वारा तथ्याङ्क पठाउन सहयोग गर्दछ । यो केन्याको[122] २००७ को हिंसात्मक निर्वाचनपछि पहिलोपल्ट शुरूवात गरिएको थियो । यसको उद्देश्य नागरिकहरूलाई मोबाइल सन्देश, इमेल वा इन्टरनेटका माध्यमद्वारा हिंसात्मक घटनाहरूको रिपोर्ट र नक्साङ्कन गर्न सहयोग गर्नु थियो । यो खासगरि निर्वाचनका दौरान हुने हिंसा वा संकटसम्बद्ध विभिन्न प्रकारका अनुगमनमा प्रयोग गरिन्छ । आजकाल ३० भन्दा बढी देशहरूले आफ्ना निर्वाचन प्रक्रियामा यो हुलबाट सूचना दिने विधिको प्रयोग गरेका छन् ।

मोजाम्बिकमा रहेको गैससं ओलो डो किडाडाओ (नागरिकको आँखा) ले नागरिकलाई Ushahidi (उशाहिडी) खुल्ला स्रोत परियोजनाद्वारा सञ्चालित आफ्ना मोबाइल फोनको प्रयोग गरेर २०१४ को राष्ट्रपतीय निर्वाचनमा घटेका घटनाहरूको अनुगमन र रिपोर्ट गर्न सशक्तिकरण गर्न एउटा परियोजना Txeka-la (अनौपचारिक मोजाम्बिकमा ख्याल गर भन्ने अर्थ) शुरू गर्‍यो । Ushahidi यो अवस्थामा एउटा प्रविधि साझेदार मात्र नभएर यसले निर्वाचन अनुगमन समूहहरूलाई तालिम पनि प्रदान गर्‍यो, निर्वाचनभरि नै त्यो अवस्थालाई कसरी सञ्चालन गर्ने भनेर सल्लाह दियो र निर्वाचनका बेला आएका रिपोर्टहरूलाई विश्लेषण गर्न पनि सहयोग गर्‍यो[123] ।

संयुक्त राज्य अमेरिकाको २०१२ को राष्ट्रपतीय निर्वाचनका दौरान प्राप्त भएका हजारौं रिपोर्टहरूको अनुगमन गर्न Ushahidi सामग्रीको प्रयोग गरियो । १२०० भन्दा बढी तालिमप्राप्त वकिलहरूले मतदानमा समस्या भोगेका वा देखेका मानिसहरूका टेलिफोनवार्ता, लिखित सन्देश, र इमेलहरूको उत्तर दिए । ती रिपोर्टहरूको नक्साङ्कन गर्ने कुराले ती उत्तरदाताहरूलाई देशभरिका सन्देशहरूको खोजी गर्न र महत्वपूर्ण सवालहरूमा तत्कालै प्रतिक्रिया जनाउन सहयोग गर्‍यो । यसको अलावा Ushahidi समूहले सबै मतदान स्थानहरूको नक्साङ्कन गरे र नागरिकहरूलाई आफ्नो सबभन्दा नजिकको मतदान केन्द्र पत्ता लगाउन र त्यो मतदानसँग सम्बन्धित कुनै समस्या वा व्यवधान भए पचिान गर्न सहयोग गर्न एउटा सामग्री निर्माण गरे[124] ।

- राजनीतिक दलहरूका लडाकु समूहहरूलाई गैरकानुनी मान्न र लडाकु दस्ता वा हिंसात्मक युवा संगठनहरू राख्ने दलहरूलाई कार्वाही गर्ने कानुन निर्माणका लागि दवाव दिने । यदि त्यस्ता कानुनहरू पहिले नै छन् भने तिनीहरूलाई लागु गराउन सार्वजनिक रूपमा नै वकालत गर्ने
- निर्वाचन  अवधिमा आउने द्वन्द्वलाई रोक्न उनीहरूको क्षमता वृद्धि गर्न राजनीतिक दलका सदस्यहरूका लागि तालिम आयोजना गर्ने
- निर्वाचन हिंसालाई दण्ड दिने बलियो व्यवस्था गरिएको आचारसंहिता विकास गर्न राजनीतिक दलहरूको नेतृत्व लिने । त्यस्ता आचारसंहिताहरूको कानुन नै बनाउन सकिन्छ वा राजनीतिक दल वा सरोकारवालाहरूद्वारा अनौपचारिक रूपमा हस्ताक्षर गराउन सकिन्छ ।
- निर्वाचनको अनुगमन र संकट व्यवस्थापनका लागि नयाँ प्रविधि र सामाजिक सञ्चार माध्यमको शुरूवात गर्ने । युवाहरूलाई निर्वाचनको अनुगमन गर्न; निर्वाचन परिणाम, सम्भावित डर त्रास, धम्की र हिंसाका बारेका सूचनाहरू आदानप्रदान गर्न र नागरिकहरूलाई निर्वाचन सम्बद्ध ताजा जानकारीहरूका बारेमा सुसूचित गर्न अनलाइन मञ्च र लिखित सन्देश प्रणालीहरूको विकास र कार्यान्वयनमा संलग्न गराउने
- निर्वाचनसम्बद्ध हिंसाहरूलाई रोक्ने उपायहरूका बारेमा छलफल, संवाद गर्न युवा समावेशी मञ्चहरूको स्थापना गर्न सहजीकरण गर्ने
- नागरिक वा मतदाता शिक्षा कार्यक्रमहरूमा हिंसा नियन्त्रण गर्नका लागि विषयवस्तु राख्ने र राजनीतिक दल र उमेद्वारहरूलाई निर्वाचनमा सम्भावित हारका लागि तयार गर्नमा लक्षित विशेष कार्यक्रमहरूको विकास गर्ने

# NOTES OF CHAPTER 6


101. UNDP, 'Election and Conflict Prevention Guide', 2009, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/elections-and-conflict-prevention-guide.html.

102. Resolution 2250 was adopted by the Security Council at its 7573rd meeting, on 9 December 2015, www.un.org/en/ga/search/view_doc.asp?symbol=S/RES/2250(2015).

103. United Nations System Staff College, 'Understanding a New Generation of Non-State Armed Groups', 2015, www.unssc.org/home/sites/unssc.org/files/non-state_armed_groups_-_dialogue_series_2014.pdf.

104. Berg, Louis-Alexandre, 'Crime, Politics and Violence in Post-Earthquake Haiti', United States Institute of Peace (USIP), 28 September 2010, www.usip.org/sites/default/files/PB%2058%20-%20Crime%20PolitiCcs%20and%20Violence%20in%20Post-Earthquake%20Haiti.pdf.

105. The Asia Foundation, 'Rapid Situation Assessment of Gangs in Male', Maldives, 2012, https://asiafoundation.org/resources/pdfs/GangViolenceReportFINAL.pdf.

106. UN Security Council, 'Report of the Secretary-General on the United Nations Electoral Observation Mission in Burundi', 7 July 2015, www.securitycouncilreport.org/atf/cf/%7B65BFCF9B-6D27-4E9C-8CD3-CF6E4FF96FF9%7D/s_2015_510.pdf.

107. UN News Centre, 'UN Concerned at "Troubling" Political Developments in Burundi', 10 April 2014, www.un.org/apps/news/story.asp?NewsID=47549#.V4ZzgCN95D0.

108. Kimonye, Koome, 'Alarm Raised over "Militia Training" in Tanzania Elections', Citizens Digital, 21 September 2015, http://citizentv.co.ke/news/tanzania-electoral-body-raises-alarm-over-militia-training-ahead-of-polls-101178/.

109. Electoral Institute for Sustainable Democracy in Africa (EISA), 'EISA Kenya: Conflict Management', 2013, https://eisa.org.za/index.php/iiec-and-stakeholders/.

110. Zanzibar Electoral Commission, 'Guidelines for Political Parties Code of Ethics for 2015 Election, Zanzibar', May 2015, http://zec.go.tz/en/wp-content/uploads/2015/05/ZEC-English.pdf.

111. Nigeria Independent Electoral Commission, 'Political Parties Code of Conduct 2013', www.inecnigeria.org/?page_id=3552.

112. UNDP/PRIO Expert Meeting on Measuring SDG 16: Targets 16.1 on Peace, 16.3 on Justice, 16.7 on Inclusion and 16.10 on Freedoms, January 2016, www.undp.org/content/dam/norway/img/sdg-16-oslo-2016/OGC%20PRIO%20Measurement%20meeting%20-%20Report%20of%20the%20Convenors%20final2.pdf.

113. UNDP, 'Elections and Conflict Prevention: A Guide to Analysis, Planning and Programming', 2009, www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/electoral_systemsandprocesses/elections-and-conflict-prevention-guide.html.

114. Kaieteur News Online, 'Elections Media Monitoring Unit Gets EU $5.8M Funding', 26 February 2015, www.kaieteurnewsonline.com/2015/02/26/elections-media-monitoring-unit-gets-eu-5-8m-funding/.

115. Shehu Musa Yar'Adua Foundation, Tracking Social Media- The Social Media Tracking Centre and the 2011 Nigerian Elections http://www.yaraduacentre.org/files/tracking.pdf

116. United Nations General Assembly, 'Universal Declaration of Human Rights', 1948, www.un.org/en/universal-declaration-human-rights/.

117. Nigeria Stability and Reconciliation Programme (NSRP), 'Mobilising Citizens for Peaceful Elections: A Case Study on the #Wagepeace2015 Campaign', 2012, www.nsrp-nigeria.org/wp-content/uploads/2012/12/Case-Study-on-Mobilising-Citizens-for-Peaceful-Elections.pdf.

118. Shearlaw, Maeve, '#Nigeria Decides: How Buhari's Election Played Out on Twitter', The Guardian, 31 March 2015, www.theguardian.com/world/2015/mar/31/nigeriadecides-buhari-election-twitter.

119. Ahitungiye, Floride and Ragini Menon, 'Intamenwa, the Indivisibles', Search for Common Ground', 8 January 2016, www.sfcg.org/intamenwa/.

120. Merriam Webster Dictionary, 'crowdsourcing', www.merriam-webster.com/dictionary/crowdsourcing.

121. Ushahidi, http://ushahidi.com.

122. Mitchell, Sebastian, 'Beyond Voting: Using Ushahidi to Help Citizens Protect Their Elections', Ushahidi, 21 May 2015, www.ushahidi.com/blog/2015/05/21/beyond-voting-using-ushahidi-to-help-citizens-protect-their-elections.

123. ibid.



सन् २०१२ मा नेपालः निर्वाचन आयोग नेपालले निर्वाचन शिक्षा तथा सूचना केन्द्र (इइआइसी) स्थापना गर्‍यो
© निर्वाचन आयोग नेपाल

मामला अध्ययन



# निर्वाचन चक्रभरि नै सहभागी हुन नेपाली युवाहरूको सशक्तिकरण गर्ने

स्वस्थ प्रजातन्त्रका लागि समावेशी निर्वाचन प्रक्रिया एउटा महत्वपूर्ण आधारस्तम्भ हो भन्ने कुरालाई मनन गर्दै निर्वाचन आयोग नेपालले युएनडिपी निर्वाचन सहयोग परियोजना (इएसपी) को सहयोगमा नेपाली नागरिकहरूको निर्वाचन प्रक्रियामा प्रभावकारी र अर्थपूर्ण तरिकाले सहभागी हुने विश्वास, ज्ञान र क्षमता छ भन्ने कुराको सुनिश्चित गर्न २०१३ मा एउटा वृहत् मतदाता शिक्षा कार्यक्रमको विकास र कार्यान्वयन गर्‍यो ।

## निर्वाचन शिक्षा सूचना केन्द्र



२०१३ को संविधानसभा निर्वाचन र २०१४ र २०१५का उप निर्वाचनका दौरान निर्वाचन आयोग नेपालले धेरैभन्दा धेरै नागरिकहरूसँग पुग्नका लागि ठुलो परिमाणमा मतदाता शिक्षा कार्यक्रमको विकास गर्‍यो । यो कार्यक्रम (२०१३-२०१५) मा निम्न लिखित कुराहरू समावेश थिए :

- ४,७२१ निर्वाचन शिक्षा कार्यकर्ता र १०,०१३ मतदाता शिक्षा स्वयम्सेवकहरूलाई स्थानीय तहमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि परिचालन गरियो
- ८८ प्रकारका मतदाता शिक्षा सामग्रीहरूको विकास गरियो जसमा पोस्टर, पम्प्लेट, विभिन्न २८ वटा भाषामा सार्वजनिक रूपमा घोषणा, मोबाइल सन्देश, टिभी र रेडियो कार्यक्रम/नाटक आदि थिए
- राष्ट्रिय र स्थानीय तहमा नमुना मतदान, सडक नाटक र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरियो

कार्यान्वयन गरिएका क्रियाकलापहरू, हासिल गरेका उपलब्धीहरू र पहिचान गरिएका चुनौतिहरूलाई युएनडिपी निर्वाचन सहयोग परियोजना (इएसपी)को प्रतिवेदन ‘मतदाता शिक्षा कार्यक्रमको परीक्षण, नेपाल’मा[126] क्रमैसँग राखिएको छ ।

निर्वाचन आयोग नेपालले २०१३ को संविधानसभा निर्वाचन, २०१४ र २०१५ को उपनिर्वाचनसम्म र निर्वाचनपछि पनि यसको मतदाता शिक्षा कार्यक्रममा युवाहरूलाई लक्षित गर्‍यो । आयोगले एउटा वृहत् रणनीतिको विकास र कार्यान्वयन गरेर युवाहरूका विभिन्न उपसमूहहरूसम्म पुग्न खोज्यो जुन रणनीतिमा नयाँ र पुराना दुवै प्रकारका सञ्चार माध्यमको प्रयोग गरेर अफलाइन र अनलाइन क्रियाकलापहरुका साथसाथै सांस्कृतिक कार्यक्रमहरू र विद्यालयहरूसँग बिस्तार गरिएका साझेदारी कार्यक्रमहरू समावेश थिए ।

निर्वाचन आयोग नेपालले लिएको एउटा एकदम महत्वपूर्ण कदम भनेको निर्वाचन शिक्षा सूचना केन्द्रको स्थापना गर्नु हो जुन अष्ट्रेलिया सहयोग र युएनडिपी निर्वाचन सहयोग परियोजना (इएसपी)को सहयोगमा स्थापना भएको थियो । यो आगन्तुक केन्द्रको प्रमुख उद्देश्य भनेको नेपाली नागरिकको सीप र ज्ञानको वृद्धि गर्ने र उनीहरूलाई राजनीतिक प्रक्रियाहरूमा सक्रिय सहभागी हुनका लागि प्रोत्साहन गर्नु हो ।

यो निर्वाचन शिक्षा सूचना केन्द्रको अवधारणा नेपाली युवाहरूका लागि नेपाली प्रजातन्त्रका बारेमा अन्तरक्रियात्मक र रमाइलो तरिकाले जानकारी हासिल गर्ने उद्देश्यले भएको थियो । युवा महिला र पुरूषको जीवनबाट प्रजातान्त्रिक सिद्धान्त, राजनीतिक प्रक्रिया र यसका संस्थाहरू टाढा जाँदै गरेकोले देशमा यसको उद्धेश्य प्राथमिकताका साथ लिइएको छ । निर्वाचन शिक्षा सूचना केन्दले युवाहरूलाई निर्वाचनले उनीहरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्दछ र उनीहरूको मतको अर्थ छ , मतदानद्वारा युवाहरूले आफ्ना प्रतिनिधिहरूलाई उनीहरूप्रति जवाफदेही बनाउन सक्छन्, र नेताहरूलाई युवाका प्राथमिकताहरू सुन्न बाध्य पार्न सक्छन् भनेर आश्वस्त पार्ने लक्ष्य राख्छ । २०१६ को अप्रिलसम्ममा २१,००० युवाले काठमाडौंमा रहेको निर्वाचन शिक्षा सूचना केन्द्रलाई हेरेका छन् । यो निर्वाचन शिक्षा सूचना केन्दको सफलतापछि निर्वाचन आयोग नेपालले युएनडिपी निर्वाचन सहयोग परियोजना (इएसपी)को सहयोगमा क्षेत्रीय केन्दहरू पोखरामा (पश्चिम क्षेत्र) र धनगढीमा (सूदूर पश्चिम) देशका ती क्षेत्रमा बस्ने युवा जनसङ्ख्यालाई सेवा गर्नका लागि स्थापना गर्‍यो ।

## निर्वाचन शिक्षा सूचना केन्द्र

दुर्गम क्षेत्रमा बस्ने युवा, महिला र पुरूष पनि निर्वाचन शिक्षा र सूचनाबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले निर्वाचन आयोग र युएनडिपीको सहकार्यमा निर्वाचन शिक्षा सूचना केन्द्रको परियोजना संचालन गरियो । युरोपेली युनियन, नर्वे, संयुक्त अधिराज्य र डेनमार्कको सहयोगमा दुर्गम क्षेत्रहरूको लागि मोबाइल निर्वाचन सूचना सामग्री[127] ल्याइयो । यी नवीन सामग्रीले पाठकहरूलाई प्रजातन्त्र, निर्वाचन, निर्वाचन प्रक्रिया र नागरिकका अधिकारका बारेमा परिचय गराउँछ । प्रयोगकर्ता वा पाठकहरूले मतपत्र र विद्युतीय मतदान मेशीन दुबै माध्यमबाट नमुना मतदान गर्ने अवसर पनि पाउँछन् ।

### रेडियो र टिभीमा सार्वजनिक सूचना घोषणा

धेरैभन्दा धेरै युवाहरूलाई मतदान गर्न अभिप्रेरित गर्नका लागि निर्वाचन आयोग नेपाल र युएनडिपी निर्वाचन सहयोग परियोजना कार्यक्रमले खासगरि पहिलो पटक मतदान गर्ने र सीमान्तकृत समुदायका युवाहरूलाई लक्षित गरेर विभिन्न रेडियो र टिभी कार्यक्रमहरू उत्पादन र प्रसारण गरिरहेका छन् । २०१३ देखि २०१५ सम्ममा यी सार्वजनिक सेवा घोषणा वा सूचनाहरू ७८ भन्दा बढी एफएम रेडियो र दुईवटा राष्ट्रिय टिभी च्यानलहरूमा प्रसारण भए । सबै नेपाली समुदायहरूमा पुग्नका लागि ती सबै सामग्रीहरू २८ वटा भाषामा अनुवाद गरिएको थियो ।

### विद्यालयहरूसँग साझेदारी गर्ने

निर्वाचन आयोग नेपालले कक्षा आठ, नौ र दशको (१२-१४ बर्षका विद्यार्थीहरूका लागि) सामाजिक शिक्षाको विद्यालय पाठ्यक्रम विकासमा सक्रिय सहभागिता जनायो । यसमा भएका सामग्रीहरूले प्रजातान्त्रिक मुल्य मान्यता, नेपाली संविधान र निर्वाचनमा जोड दिन्छन् । अर्को कुरा, निर्वाचन आयोग नेपालले देशका ७५ वटै जिल्लाका दुबै निजी र सरकारी माध्यमिक विद्यालयका सामाजिक शिक्षा पढाउने शिक्षकहरूका लागि एउटा विशेष तालिम पुस्तिका विकास गर्‍यो । २०१३ मा शुरू भएको यो कार्यक्रमको एउटा प्रमुख उद्देश्य भनेको निर्वाचन प्रक्रियामा सुसूचित युवाहरूको सहभागितामा प्रबर्द्धन गर्नु हो । अहिलेसम्ममा २,००० भन्दा बढी शिक्षकहरू यो कार्यक्रमबाट प्रत्यक्षरूपले लाभान्वित भएका छन् ।

# NOTES OF CASE STUDY

124. ibid.

125. By-elections were conducted in four constituencies on 22 June 2014 (Kathmandu-2, Chitwan-4, Bardia-1 and Kailali-6) and in one, Baglung-1, on 11 April 2015.

126. UNDP, 'The Electoral Support Project (ESP) Phase II: Institutional Strengthening and Professional Development Support for the Election Commission of Nepal', www.np.undp.org/content/nepal/en/home/operations/projects/democratic_governance/esp/home.html.

127. UNDP Nepal Facebook page, www.facebook.com/UNDPNepal/posts/1000640823362472.


निर्वाचनपश्चात्
निर्वाचन पूर्व
निर्वाचनका अवधिमा
• आरक्षण सीट वा उमेद्वार कोटा
• कानुनी हिसाबले वाध्यात्मक युवा कोटा
• निरन्तर र प्रणालीसम्मत तथ्याङ्क संकलन र शोध
• युवा सहभागिता, प्रतिनिधित्व र समावेशिताको बाटो पहिल्याउन
• युवाको नाम दर्तामा सहजिकरण गर्ने
• युवाहरूलाई द्वन्द्व रोकथाम रणनीतिमा संलग्न गराउने
• सबै तहमा युवा निर्वाचन व्यवस्थापन निकाय कर्मचारीलाई सशक्तिकरण गर्ने
• नगरिक र मतदाता शिक्षा क्रियाकलापहरू
• युवाहरूसम्म पुग्नका लागि नयाँ र परम्परागत सञ्चार माध्यम
• वित्तिय पारदर्शिता सबलीकरण
• विश्वविद्यालय, विद्यालय र युवा केन्द्रहरूमा सहज मतदान केन्द्र
• मोबाइल सन्देशमार्फत् जानकारी
• इमेलबाट मतदान
• विदेशमा मतदान
• मतदान गर्ने समय बढाउने
• युवा राजनीतिक सहभागिता वृद्धि गर्न र हिंसा रोक्ने राजनीतिक दलहरूको लागि आचारसंहिता

# सारांश

## निर्वाचन चक्रभरि नै युवाहरूसँग संलग्न हुने

यो भागमा दिइएका बुँदा वा सुझावहरूलाई निर्वाचन व्यवस्थापन निकायहरूले सबै सन्दर्भहरूमा विचार गर्नु पर्दछ। यी सुझावहरू निर्वाचन चक्रका विभिन्न चरणहरूमा प्रदान गरिने प्रायः व्यक्तिगत सुझावहरूका अभिलेखमा फेला पर्ने वृहत् जानकारी वा सूचनाका सारांश मात्र हुन्।

## निर्वाचनपूर्व

नाम दर्ता:

- दर्ताको अन्तिम मिति बढाउने
- मतदाता दर्ताको खर्च व्यक्तिमा नसार्ने
- विद्यार्थीहरूलाई उनीहरूले पढ्ने कलेज भएको शहरबाट नै दर्ता गर्न अनुमति दिने
- युवाहरूलाई मतदाता दर्ता अभियानको विकास कार्यमा संलग्न गराउने
- मतदाता नाम दर्ता गर्न समस्या भएका वा सीमान्तकृत समूहहरूको दर्ताको लागि विशेष अभियान विकास गर्ने
- नागरिकहरूलाई दर्ताको बारेमा मोबाइल सन्देशमार्फत् सुचित गर्ने
- घुम्ती दर्ता एकाइहरू सञ्चालन गर्ने
- मतदाता दर्तालाई युवा केन्द्रित नागरिक समाज सस्था, स्वास्थ्य क्लिनिक, खेल तथा मनोरञ्जन केन्द्र, शारीरिक व्यायाम स्थल इत्यादिमा सञ्चालन गर्ने
- आम नागरिकलाई इन्टरनेटमार्फत् नाम दर्ताको अनुमति दिने
- एक वा दुई बर्षमा १८ बर्ष उमेर पुग्ने युवाहरूको नाम दर्ताका लागि अस्थायी मतदाता सूचीको व्यवस्था गर्ने र उनीहरू १८ बर्ष पुगेपछि सामान्य मतदाता सूचीमा सार्ने
- दर्ताका लागि प्रभावकारी र पारदर्शी गुनासो प्रणाली स्थापना गर्ने
- खासगरि युवा महिलाहरूको दर्तालाई सहजीकरण गर्ने

सुरक्षा:

- नयाँ प्रविधि र सामाजिक सञ्चारको शुरूवात गरी निर्वाचन अनुगमन र संकट व्यवस्थापन गर्ने
- निर्वाचन अनुगमन गर्न, निर्वाचन परिणाम, सम्भावित डर धम्की र हिंसाका बारेमा सन्देशहरू आदान प्रदान गर्न र नागरिकहरूलाई निर्वाचनसम्बद्ध सूचनाहरू अद्यावधिक गर्न अनलाइन मञ्च र मोबाइल सन्देश पठाउने विधिहरूको विकास र कार्यान्वयनको लागि युवाहरूलाई संलग्न गराउने
- दलहरूका लडाकु समूहहरूलाई गैरकानुनी घोषणा गर्ने कानुन निर्माणका लागि कडा दवाव दिने र यस्ता लडाकु दस्ता वा हिंसात्मक युवा संगठनहरू राख्ने दलहरूलाई कार्वाही गर्ने । यदि त्यस्ता कानुन पहिले नै छन् भने तिनीहरूको कार्यान्वयनका लागि कडाइका साथ वकालत गर्ने
- निर्वाचनका अवधिमा द्वन्द्वलाई रोक्नका लागि राजनीतिक दलका सदस्यहरूको क्षमता वृद्धि गर्न तालिमको व्यवस्था गर्ने
- छलफल र संवादका लागि मञ्चहरूको स्थापना गर्ने
- सबै सराकारवालाहरू, खासगरि राजनीतिक दलहरूका युवा संगठनहरू, युवा संस्थाहरू र समुदायमा आधारित संस्थाहरूसँग निर्वाचनसम्बद्ध हिंसा रोकथाम गर्ने रणनीतिहरू विकासका लागि परामर्श गर्ने

खरीदबिक्री प्रक्रिया र कर्मचारी नियुक्ति:

- व्यक्तिगत डाटाबेस सहित सबै निर्वाचन व्यवस्थापन निकायहरूका लागि उमेर विभक्त तथ्याङ्क संकलन र रिपोर्ट गर्ने प्रणालीको विकास गर्ने
- निर्वाचन प्रशासकका रूपमा युवाहरूका लागि अवरोध पुर्‍याउने सबै कुराहरूलाई सामना गर्न सक्ने वृहत् युवा रणनीतिको विकास गर्ने

- निर्वाचन व्यवस्थापन निकायका निर्णय गर्ने तहमा युवा कर्मचारीको न्युनतम प्रतिशतको लक्ष्य तय गर्ने । ती लक्ष्यहरू महिलाका लागि तय गरिएका लक्ष्यहरू जस्तै तय गर्न सकिन्छ
